मूल्य रु 30/-

# शिक्षक

www.teacher.org.np

जेठ २०६७

अस्थायी शिक्षकलाई स्थायीसरहको सुविधा !

इतिहासः किन पढ्ने, पढाउने ?

सरकारी स्कूलमा पढ्नुस्, छात्रवृत्ति पाउनुस्

लेख्नुस्, ५ हजार जित्नुस्



# निजी र सरकारी स्कूल
# दुवैमा छन् राम्रा अभ्यास




Sole Authorised Dealer:
**Hansraj Hulaschand & Co. Pvt. Ltd.**
Teku Road, Kathmandu
Ph. No: 4230001/4261200, Fax: 4220491
url: www.hhbajaj.com.np

**DEALERS:** Kathmandu Valley: Balaju, Tel: 4365884; Balkhu, Tel: 4279016; Balkumari, Tel: 5006403; Battisputali,Tel: 4497554; Bhaktapur, Tel: 6611777; Boudha,Tel: 016225725; Dillibazar, Tel: 4441042; Gongabu, Tel: 4359039; Gyaneshwore,Tel: 4435918; Kalanki, Tel: 4286015; Koteshwor Exchange, Tel: 2060424; Kumaripati, Tel: 5520811; Kupondole, Tel: 5011180; Lainchour, Tel: 4425579; Maharajgunj Exchange, Tel: 4720809; New Baneshwor, Tel: 4783875; Sitapaila, Tel: 4286452; Sukedhara Exchange, Tel: 9851073842; Thimi, Tel: 016631386.

**Eastern Region:** Biratchowk, Tel: 691049; Biratnagar, Tel: 524478; Birtamode, Tel: 540724; Damak, Tel: 582109; Dharan, Tel: 531382; Gaighat, Tel: 420424;Hile, Tel: 540161; Inaruwa, Tel: 9842036656; Itahari, Tel: 585442; Lahan, Tel: 560987; Rajbiraj, Tel: 520625; Siraha, Tel: 520974; Urlabari, Tel: 9842021544.

**Central Region:** Banepa, Tel: 662264; Bardibas, Tel: 550550; Birgunj, Tel: 523837; Chandranigahapur, Tel: 540663; Charnauta, Tel: 520528; Dhading, Tel: 520382; Gaur, Tel: 520753; Hetauda,Tel: 522498; Janakpur, Tel: 521526; Jaleshwor, Tel: 521100; Lalbandi, Tel: 501564; Malangwa, Tel: 520703; Narayangadh, Tel: 523689; Parsa, Tel: 582888; Rampur, Tel: 690240; Trisuli, Tel: 561103.

**Western Region:** Anbukhaireni, Tel: 540404; Argakhachi, Tel: 420286; Baglung, Tel: 520682; Bhairawa, Tel: 527705; Butwal, Tel: 544549; Damauli, Tel: 560579; Gorkha, Tel: 4420717; Palpa, Tel: 520648; Parasi, Tel: 520048; Pokhara, Tel: 522315; Syangja, Tel: 9856027374; Tanghash, Tel: 520582; Taulihawa, Tel: 560246; **Mid-Western Region:** Dang, Tel: 560743; Lamahi, Tel: 540267; Nepalgunj, Tel: 522751; Surkhet, Tel: 521358; Tulsipur,Tel: 9857820899. **Far-Western Region:** Dhangadi, Tel: 520892; Mahendranagar, Tel: 525717; Tikapur, Tel: 560366; Lamki,Tel: 540033.

शिक्षक मासिक
जिप्रका ल पु दनं ५३/०६५/०६६

वर्ष ३ पूर्णाङ्क २६

जेठ २०६७
May–Jun 2010


आवरणः रविन सायमि

# निजी र सरकारी स्कूल
# दुवैमा छन् राम्रा अभ्यास



आवरण २८-३३
बाबुराम विश्वकर्मा




## निजी र सरकारी विद्यालय
### एक–अर्काबाट के सिक्ने, कसरी सिक्ने ?

पृष्ठ ३६-३८
डा. विद्यानाथ कोइराला

## गतिविधि


■ सरकारी स्कूलका पक्षमा मौलिक कार्यक्रम ■ *शिक्षक*कर्मीमाथि आक्रमण
■ लाइसेन्सको नतिजा जेठको दोस्रो साता ■ सप्तरीमा फेरि कालोमोसो
■ स्कूलमा अनुशासन संहिता ! ■ उमाविलाई ४ हजार दरबन्दीको सिफारिस
■ सङ्गठित हुँदै व्यवस्थापन समिति पृष्ठ १४-१६


## थप सामग्री


| | | |
|---|---|---|
| एउटा अनौठो मृत्यु संस्कार | निक मूरम्यान | १२ |
| संविधानसभाका 'मास्टर' | ध्रुब सिम्खडा | १८ |
| पाउलान् त अस्थायीले स्थायीसरहको सुविधा ? | एकल सिलवाल | २६ |
| दुवैमा छन् राम्रा कुरा, दूरी घटाऔं | जेपी श्रीवास्तव | ३४ |
| प्रसङ्ग अमेरिकाको चिन्ता नेपालको | राधेश्याम अधिकारी | ३९ |
| शिक्षक असन्तुष्टिको कारण खोजौं | कृष्णप्रसाद ढकाल | ४२ |
| स्वतः स्थायी, फेरि अर्को उपक्रम | भास्करराज गौतम | ४४ |
| जहाँ प्रकृतिको लीला देख्न-बुझ्न पाइन्छ | डा. तीर्थबहादुर श्रेष्ठ | ४६ |
| मेहनती महतो सर ! | प्रमोद आयाम | ४९ |
| इतिहास पढ्नु-पढाउनुको औचित्य | प्रा. त्रिरत्न मानन्धर | ५० |
| पढ्ने विद्यार्थी नै छैनन् ! | डिल्लीप्रसाद शर्मा | ५४ |
| शब्दार्थ शिक्षणको महत्व | रामप्रसाद पाण्डेय | ५६ |
| Avoiding Faux Pas | Laxman Gnawali | ५८ |


## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, जिज्ञासा र जवाफ ८, मनका कुरा १०, फुर्सद ६०, मैले पढेको स्कूल ६४


## *शिक्षक* महँगो हुने

कागज र इन्धनको मूल्य वृद्धिका कारण पत्रिकाको उत्पादन (छपाइ) लागत बढेको तथा अनुदान र विज्ञापन आवश्यक मात्रामा प्राप्त हुन नसकेकाले *शिक्षक* मासिकको प्रकाशनलाई निरन्तरता दिनका निम्ति यसको बिक्री मूल्य बढाउन पत्रिकाको व्यवस्थापन बाध्य भएको छ । संशोधित मूल्य आगामी असार १ गते (असार अंक) देखि लागू हुनेछ । त्यसअनुसार एकप्रति शिक्षकको मूल्य रू.४० पर्नेछ । सामान्य ग्राहक शुल्क (वार्षिक) रू.४८०/- हुनेछ । रजिष्ट्री हुलाकबाट पत्रिका पाउने ग्राहकहरूले रजिष्ट्री खर्चसहित वार्षिक शुल्क रू.६००/- तिर्नुपर्नेछ ।

**विशेषः** जेठ महिनाभरी शिक्षक मासिक प्रतिकपी रू.३०/- मै उपलब्ध हुनेछ । र, ग्राहक शुल्क पनि साविककै (पुरानो) रहनेछ ।


हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा, **संवाददाताः** प्रमोद आयाम

**कार्यालयः** *शिक्षक* **मासिक**, पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर**, फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# खेल्दै सिकेको, भुल्दै नभुलेको

मैले ६-७ कक्षादेखि नै संसारभरका देशहरूको भौगोलिक अवस्थितिका बारेमा जान्ने मौका पाएँ। त्यतिबेला मलाई धेरै देशका राजधानी र ठूला शहरहरूको नाम कण्ठै आउँथ्यो। नेपालका जिल्ला र अञ्चलहरूको जानकारी पनि मैले कक्षामा पढ्नुअघि नै पाएको हुँ। रुट्ट सुन्दा अलि ठूलो कुरा गरे जस्तो, फुर्ती दिए झैं लाग्ला भन्ने डर पनि छ। तर त्यसो होइन, मैले ती कुरा एकदमै सजिलै, कुनै विशेष सुविधा र खर्चविना नै, खेल्दाखेल्दै सिकेको थिएँ।

रमाइलो गरी सिकेका र रटेका कुरामा धेरै अन्तर हुँदो रहेछ। स्कूल पढ्दा सिके-जानेका अरू धेरै कुरा मैले बिर्सिइसकें, गणित त नौलो नै भइसक्यो। आफ्नै मातृभाषाको व्याकरणका नियम समेत भन्न जान्दिनँ, पछि काम गर्दागर्दै सिकेको व्यावहारिक ज्ञान मात्र छ। इतिहासमा रटेको पृथ्वीनारायण शाहको जन्ममिति समेत विस्मृतिमा गइसकेको छ। तर पेशागत जीवनमा भूगोलको जानकारी कहिल्यै नचाहिए पनि मैले भूगोल बिर्सिएको छैन। कैयन् देशको त अवस्थिति, आकार र मोटामोटी रुपरेखा अहिले पनि सम्झन सक्छु।

यस्तो धेरैलाई हुन्छ। तपाईंहरूले पनि त्यसबेला सिके-जानेका कतिपय कुरा बिर्सिइसक्नुभएको होला तर कति कुरा छर्लङ्ग सम्झिनु पनि भएको होला। मेरो विचारमा कुनै कुराको सिकाइको गुणस्तर सिकाइको तरिकामा भरपर्छ। बुझेर, रमाएर, खुसी भएर सिकेको कुराले जिज्ञासाका अरू ढोकाहरू खोल्दै जान्छ र ज्ञानको धन बढाउन मद्दत पुऱ्याउँछ। तर डरले वा करले सिकेका कुरा बढीमा परीक्षासम्म बस्छन् र चाँडै नै स्मृतिपटलबाट धमिलिएर जान्छन्।

भूगोलको प्रारम्भिक जानकारी खेल्दाखेल्दै पाएकैले होला, मलाई अहिलेसम्म पनि त्यसमा विशेष चाख लाग्छ। अहिले सम्झन्छु मलाई संसारका देश र राजधानीको नाम रट्ने कुनै कर थिएन। पढे-जानेको कुरा लेख्न वा भन्न नजान्दा सजाय पाउनु पर्दैनथ्यो। त्यसैले गणितका समस्या समाधान गर्न वा अङ्ग्रेजीका माने रट्ने जस्ता रुर्का लाग्दा कामबाट सुटुक्क उम्किएर म साथीहरू समेत लिएर 'संसार घुम्न' थाल्थें। हामी विभिन्न शहरहरूमा लुकामारी खेल्थ्यौं। हामी प्रशान्त महासागरको भानुआतोबाट उफ्रेर सीधै पश्चिम अफ्रिकाको सियरालियोन पुग्थ्यौं वा भूमध्यसागरको माल्टामा घाम तापेर पूर्वी रूसको बैकालतालको पानी खान पुग्थ्यौं। मेरा मूल सहयात्रीहरू थिए मेरो भाइ र पल्लाघरका काका। यस क्रममा हामीले धेरै समय बितायौं र निकै कुरा जान्यौं। ती जानकारीहरूले हाम्रो सामान्यज्ञानमा ठूलो वृद्धि गराए। 'फलानु जान्दछ' भन्ने कुरा सुन्न थालेपछि हाम्रो आत्मविश्वास र थप जान्ने चाहना बढ्यो। हामीलाई त्यसबाट पछिसम्मै धेरै फाइदा भयो– अहिले पनि भइरहेको छ।

हाम्रो संसार घुम्ने वाहन थियो एउटा दैनिक पत्रिका फिँजाउँदा जत्रो हुन्छ, त्यत्रो आकारको विश्व मानचित्र। मेरा बा भूगोलका विद्यार्थी भएकाले उहाँको सङ्ग्रहमा राम्रा एटलस पनि थिए। उहाँले घरको सिकुवा (पिँढी) मा एकातिर संसारको र अर्कातिर नेपालका नक्सा टाँगेर हामीलाई ठाउँहरू भेट्टाउने खेल सिकाउनुभएको थियो। त्यसपछि 'भेट्टाइखेल्नू' हाम्रो मनपर्दो खेल भयो। नक्सा हेऱ्यो, कुनै ठाउँको नाम याद गऱ्यो, अर्काले भेउ पाउला भनेर आँखा अर्कैतिर डुलायो र प्रश्न गऱ्यो, 'ल उरुग्वे भेट'। उच्चारणका कारण विवाद नहोस् भन्नका लागि हिज्जे पनि भन्नुपर्ने नियम थियो। युरोपतिर आँखा लगाएर सोधेको दक्षिण अमेरिकाको पनि दक्षिण भागको उरुग्वे भेट्न साथीलाई सजिलो हुँदैनथ्यो। तर थाहा पाइसकेपछि साह्रै मजा आउँथ्यो र मजा आउँदाआउँदै निकै कुरा थाहा हुन्थ्यो।

मैले एउटा विषयमा एउटा मात्र चाखलाग्दो खेल खेल्न पाएको हुँ र पनि आज गर्वका साथ यी कुरा सुनाउन पाएको छु। त्यसबेलाका तुलनामा नेपालको शैक्षिकजगत धेरै आधुनिक भएको छ, शिक्षकहरूले तालिम पाएका छन्, धेरथोर शैक्षिक सामग्री पनि छन् र विद्यार्थीहरूलाई धेरै विषयको जानकारी त्यसरी नै खेलाउँदा खेलाउँदै दिन सकिने अवस्था छ।

आज गणितका हजारौं रमाइला खेल छन् भन्ने थाहा पाउँदा मलाई लाग्छ, खेलबाट सिक्न पाएको भए मैले अङ्कको जादु जानेर त्यो विषय पनि रमाएर सिक्न सक्ने रहेछु। शब्द सिकाउने र शब्दभण्डार बढाउने त अरु धेरै खेलहरू रहेछन्–त्यसको पनि लोभ लाग्छ। तालिमप्राप्त शिक्षकहरूलाई अरु धेरै जानकारी होला, ती जानकारीको प्रयोगबाट विद्यार्थीको सिक्ने क्षमता र ज्ञानमा साह्रै ठूलो प्रभाव पर्छ। त्यो काम कसैले गर्न सक्छ भने शिक्षकहरूले मात्र सक्नुहुन्छ।

विद्यालयमा कम्प्युटर समेत छ भने त अरु धेरै सम्भावनाहरू छन्। कम्प्युटरले ज्ञान लिने दिने प्रक्रियालाई अरु चाखलाग्दो र फराकिलो पारेको छ। रचनात्मक खेलका माध्यमबाट बालबालिकालाई हिंसात्मक कम्प्युटर खेलहरूको संसारबाट पनि टाढा राख्न सकिन्छ। तर कम्प्युटर छैन भने पनि शैक्षिक खेलहरू उसरी नै सञ्चालन गर्न सकिन्छ।

खेलेर सिकेका कुरा नबिर्सिइने मात्र होइन त्यसमा चासो बढेर त्यसै क्षेत्रमा विशेषज्ञता हासिल गर्न सकिन्छ। यस क्रमको थालनी दुई वटा मानचित्र (नेपालको र विश्वको) लिएर भूगोलबाट गरे हुन्छ। हिजोआज धेरैका आफन्त विदेशमा छन्, आफन्त बस्ने ठाउँहरू भेट्दाभेट्दै पनि बालबालिकाले संसारको रुपरेखा निकै बुझ्छन्। त्यसबाट विद्यार्थीको ज्ञान मात्र होइन, स्वयं शिक्षक साथीहरूको सन्तुष्टि पनि बढ्छ भन्ने मेरो विश्वास छ।

## अर्थ र अनर्थ

**भर्खर-भर्खर** धन कमाएका तर शिष्टाचार सिक्न भने बाँकी नै रहेका एकजना व्यापारीले आफ्नो घरमा एउटा भव्य भोजको आयोजना गरेका रहेछन् । तर भोज शुरु हुने बेलासम्म पनि निम्त्याइएका ५० मध्ये २० जना अतिथि आइनपुगेको देखेपछि उनले भनेछन्, "खै, आउनुपर्ने मान्छे त अझै आएनन् नि !" उनको कुरा सुनेर उपस्थित पाहुनाहरूमध्ये केहीलाई लागेछ, "ए, आउनुपर्ने मान्छे आएनन् ? हामी चाहिँ नआएका भए पनि हुने मान्छे पो रहेछौँ ।" यो कुरा एकछिन खस्याकखुसुक चलेपछि आइसकेका ३० जनामध्ये १० जना त्यहाँबाट लुसुक्क निस्केछन् ।

आइसकेका पाहुना फर्केको देखेर उनले नम्रतापूर्वक भनेछन्, "हरे, नजानुपर्ने मान्छे पनि गए !" तर बाँकी पाहुनामध्येका केहीले त्यो कुरालाई पनि अर्कै अर्थमा लिए र भने, "ए, उनीहरू नजानुपर्ने मान्छे भए जानुपर्ने मान्छे चाहिँ हामी पो रहेछौँ ।" अनि फेरि १० जना पाहुना त्यहाँबाट निस्केछन् ।

यसपटक उनलाई आफूले बोल्दा केही गल्ती भएको आभास भएछ र उनले आफ्नो कुरा प्रस्ट पार्ने हेतुले भनेछन्, "मैले उनीहरूलाई लक्षित गरेर त्यसो भनेको थिइनँ ।" तर बाँकी १० पाहुनाले उनको त्यो वाक्यको पनि अर्थ अर्कै निकाले छन् । तिनले सोचे छन्, "ए,



ती जानेहरूलाई लक्षित गरेर नभनेको भए के हामीलाई भनेको त ?" अनि अन्तिम १० जना पनि तुरुन्तै त्यहाँबाट निस्के छन् ।

**शिक्षाः** हरेक शब्द र वाक्यको आफ्नै सन्दर्भ र महत्त्व हुन्छ । बोल्दा हतार गर्नुभन्दा विचार गर्नु राम्रो हुन्छ । मुखबाट निस्केको बोली र बन्दुकबाट निस्केको गोली फर्काउन सकिँदैन ।

*(यो कथालाई शिक्षकहरूले भाषा कक्षामा सुनाएर ती धनाढ्यले कसरी आफ्ना कुरा भन्नु उचित हुन्थ्यो भन्ने अभ्यास गराउन पनि सक्नुहुन्छ ।)*

http://laghukathaa.wordpress.com बाट सम्पादनसहित साभार चिनियाँ लोककथा


## शिक्षक पत्रिका प्राप्त गर्ने चार काइदा


१. आफूलाई पायक पर्ने अथवा नजिकको पत्रपत्रिका बिक्रेतासँग ग्राहक बनेर । (यस्तो कारोबारको सम्पूर्ण दायित्व ग्राहक र सम्बद्ध बिक्रेतामा रहन्छ ।

२. ग्राहकले इच्छाएको पत्रपत्रिका बिक्रेता/पसल वा एजेन्टमार्फत पत्रिका प्राप्त गर्ने गरी सीधै *शिक्षक* मासिकको कार्यालयमा ग्राहक बनेर । (यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व *शिक्षक* मासिकको व्यवस्थापनले वहन गर्छ । बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ ।) वार्षिक शुल्क रू.३२०/-

३. साधारण हुलाकबाट पाउने गरी *शिक्षक* मासिकको कार्यालयमै ग्राहक बनेर । *शिक्षक* मासिकको कार्यालयले नयाँ अंक प्रकाशित भएको दुई दिनभित्र सम्बद्ध ग्राहकको नाम-ठेगाना टाँसी *शिक्षक* मासिक हुलाकमा बुझाउँछ । (यसरी हुलाकमा बुझाएको पत्रिका सम्बद्ध ग्राहकले नपाएको खण्डमा त्यसको जिम्मेवारी प्रकाशनले लिने छैन ।) वार्षिक शुल्क रू.३२०/-

४. रजिष्ट्री हुलाक ग्राहकः नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हो । पत्रिकाको नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइनेछ । रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्नेछ । यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा प्रकाशनले सम्बद्ध हुलाक वा कुरियर सेवालाई जिम्मेवार तुल्याई कारबाही गर्नेछ ।) वार्षिक शुल्क रू.४५०/- रजिष्ट्री खर्च समेत ।

# प्रतिक्रिया र सुझाव




## रजत अङ्क स्तरीय भएन

*शिक्षक* का विगत २४ अङ्कहरूको तुलनामा रजत अङ्क स्तरीय लागेन। यसमा विशेष पठनीय सामग्री नै पाइएनन्। रजत अङ्कलाई पहिलेका अङ्कभन्दा मोटोघाटो बनाइनुपर्नेमा उल्टै लेख रचना नै प्राप्त नभए झैं गरी पहिलो अङ्कको 'विनम्र शिक्षकले मात्र सिकाउन सक्छ' लेख दोहोर्‍याएर छापिएको छ। त्यस्तै शिक्षक सेवा नियमावली २०५७ को बढुवासम्बन्धी व्यवस्था जस्ताको तस्तै छाप्नु पनि नयाँ सामग्री दिन नसकेर पृष्ठ भर्न मात्र खोजिए जस्तो लाग्छ।

'एसएलसीले जगायो आशा'मा विराटनगरको डीएभी केन्द्रमा प्रहरी उपरीक्षकले साँच्चै चिट खोसेको भन्दा पनि आफू चर्चामा आउन 'फोटो सेसन' गरे जस्तो लाग्यो। शिक्षक बढुवाको यथार्थ वास्तविकता यस अङ्कको एक मात्र पठनीय उत्कृष्ट सामग्री हो। नेपाली शिक्षकलाई आदर हुन नसकेको र आफैंले पनि आफूलाई आदरयोग्य बनाउन नसकेको वास्तविकता पृष्ठ ४५ को कार्टुनले देखाएको छ। तर शिक्षकको मर्यादामा आँच आउने यस्तो कार्टुन भरसक नछाप्नु नै राम्रो।

**चूडामणि नेपाल 'अकिञ्चन'**
**choodamaninepal@yahoo.com**

## राम्रो लाग्यो

*शिक्षक* नयाँ वर्ष २०६७ को पहिलो अङ्क हात पर्दा ज्यादै खुसी लाग्यो। यो अङ्कमा समावेश सम्पूर्ण लेख, रचना एकदमै रोचक र ज्ञानबर्द्धक समेत लागे। यस पत्रिकाले शिक्षकको पेशागत सीप अभिवृद्धिका साथै पठनपाठन प्रक्रिया प्रभावकारी र रोचक बनाउनमा समेत मद्दत गरेको छ।

वैशाख अङ्कमा समावेश डा. तीर्थबहादुर श्रेष्ठको 'नेपाल अध्ययन: चिडियाखाना चहार्दा-२' नामक सामग्री पढिरहुँ जस्तो लाग्यो। आगामी अङ्कमा



पनि यस्तै रमाइला र शिक्षासँग सम्बन्धित खुराक प्रदान गरिरहोस्!

**करण सिंह सुतार 'विवश'**
**सुदूरपश्चिमाञ्चल क्याम्पस, धनगढी, कैलाली**

## शिक्षक सबैको हो

*शिक्षक* शिक्षकको मात्रै होइन, विद्यार्थीको पनि हो, अभिभावकको पनि हो र शिक्षासँग सम्बद्ध सम्पूर्णको। तात्पर्य यहाँ शिक्षाबाट कोही पनि टाढा छैनन्, हुने छैनन्, त्यसैले सबैको हो *शिक्षक*।

*शिक्षक* आफ्ना प्रत्येक अङ्कमा केही न केही परिमार्जित र परिपक्व हुँदै आइरहेको छ। यसको पछिल्लो उदाहरण हो 'मनका कुरा' स्तम्भ। खुसी लाग्छ–*शिक्षक* शिक्षकमय हुँदै गएकोमा।

*शिक्षक* लाई गाली त्यतिविधि

## परीक्षा सुध्रिएको छैन

*शिक्षक* को २५औं अङ्क विशेषमा 'एसएलसी जाँच: जगायो आश' शीर्षकमा परीक्षा सुध्रँदै गएको जानकारीसहितका केही तस्बिर हेर्न पाइयो। जानकारी दिने क्रममा केही प्रतिनिधि उदाहरणहरू पनि प्रस्तुत भएका छन् तर ती उदाहरणको भरमा मात्र परीक्षा सुध्रन लागेको भन्ने मलाई लाग्दैन। सदरमुकाम र केही शहरी क्षेत्रका परीक्षा केन्द्रमा निगरानी बढ्न जाँदा विगतभन्दा केही सुध्रिएको देखिएको हो तथापि समग्रमा अरु पनि एसएलसी परीक्षा न त सुध्रिएको छ न विद्यमान परीक्षा प्रणालीले यसलाई सुधार्ने आश गर्न सकिन्छ। मन्त्रालयले खटाएका अनुगमन टोलीले पनि सदरमुकाम र शहरी क्षेत्रभन्दा बाहिर गएर अनुगमन गर्न सकेनन्। एउटा केन्द्रमा बढीमा आधा घण्टा ४५ मिनेटसम्म घुमफिर शैलीमा गरिने अनुगमन र चिट देखे पनि नदेखे जस्तो गर्नुपर्ने बाध्यात्मक परिस्थितिका बीचको अनुगमनको प्रभावकारिता त्यति धेरै भए जस्तो लाग्दैन।

ध्यान दिइनुपर्ने पहिलो सवाल–एसएलसी परीक्षालाई अमर्यादित बनाउन को-को लागिपर्छन् र किन लागिपर्छन् भन्ने हो। एसएलसी परीक्षाको नतिजासँग शिक्षक, समुदाय, अभिभावक र स्वयं विद्यार्थीको इज्जत र प्रतिष्ठा जोडिन पुगेकाले यसलाई अमर्यादित बनाउन प्रेरित गरिरहेको अवस्था एकातिर छ भने अर्कातिर विकट गाउँहरूमा हचुवाकै भरमा खुलिरहेका उच्च माध्यमिक विद्यालय सञ्चालनका लागि पनि एसएलसी परीक्षामा धेरै विद्यार्थी पास गराउनुपर्ने बाध्यता धेरैको रहेको छ। कतिपय विद्यालय व्यवस्थापन समितिले निर्णय नै गरेर एसएलसी परीक्षा अवधिभर माध्यमिक तहका शिक्षक घर जान नपाउने र आफ्नो विषयको परीक्षाको दिन अनिवार्य रूपमा केन्द्रमा उपस्थित हुनुपर्ने उर्दी जारी गरेका उदाहरणहरू छन्। एसएलसी परीक्षामा खटाइएका निरीक्षकहरूको मुख्य काम ढोकामा बसेर विद्यार्थीलाई कोही मान्छे आयो भने सङ्केत गर्नु रहेको हुन्छ। जबसम्म एसएलसी परीक्षा सञ्चालनका लागि



गर्न मन त छैन तर पनि यो अब अधिक मात्रामा खोजमूलक र प्रविधिमूलक हुनुपर्‍यो। स्वदेशभित्रकै विद्यालय-कक्षाकोठाभित्र पसेर होस् या विदेशसम्म तन्किएर होस्- समसामयिक प्रविधिको परिचय दिलाउने एक मात्र संवाहक बन्नुपर्‍यो। शिक्षक अब *शिक्षक* पढेर शिक्षक बन्न सिक्नुपर्छ। *शिक्षक* शिक्षकमय बन्नुपर्छ। शिक्षकले *शिक्षक* पढेपछि नवजीवन अनुभूत गर्न सक्नुपर्छ। तसर्थ अबका दिनहरूमा अरु परिस्कृत रूपमा *शिक्षक* शिक्षकको असल शिक्षक भएर आउनुपर्छ।

***शिक्षक* ले निम्न स्तम्भहरू थपोस्–**

**छलफल/अन्तरक्रियाः** कोही पनि व्यक्ति पूर्ण हुँदैन। शिक्षक पनि आफैंमा पूर्ण होइनन्। शिक्षकका आ-आफ्नै विषयगत तथा व्यावहारिक समस्या/उल्झनहरू हुन्छन्, जसको उनीहरूसँग समाधान नहुन सक्छ। त्यस्ता समस्या समाधान गर्न एउटा असल साथीको नाताले *शिक्षक* ले विज्ञसँगको सल्लाहमा उनीहरूको उल्झन फुकाई असल शिक्षण सिकाइमा मद्दत गर्नुपर्छ।

**उत्कृष्ट शिक्षकः** उत्कृष्ट शिक्षकहरूको खोजी गरी तिनको जीवनी प्रकाशमा ल्याउने प्रयास अब स्थायी स्तम्भकै रूपमा गरिनुपर्छ। त्यसले अरूलाई प्रेरणा दिन्छ।

**अभिभावक र शिक्षक-विद्यार्थीबीचको सेतुः** शिक्षक र विद्यार्थी जस्तै अभिभावकका कुराहरू यसमा समेट्दा पत्रिकाले थप पूर्णता पाउन सक्थ्यो।

श्रेष्ठ समनश्री, बगनाहा, बर्दिया

## चिटिङ फि !

२०६६ फागुनको *शिक्षक* मासिकमा 'चिटिङ फि रु.५०० देखि रु.२५०० सम्म' भन्ने शीर्षकमा आँखा पर्‍यो। कुरा जनविकास माविका प्रअ सदानन्द यादव र लेखापाल ताराचन्द यादवको लीला रहेछ। आफ्नै विद्यार्थीसँग चिट चोराउन शुल्क असुल गर्ने उनी शिक्षकको रूपमा राक्षस हुन् र शिक्षा पेशाका लागि कलङ्क हुन् जस्तो लाग्यो। बालबालिकालाई राम्ररी नपढाउने, बरु चिट चोराउन शिक्षकलाई शुल्क तिर्ने अभिभावक पनि आफ्ना नानीहरूका शत्रु हुन्। चिट चोरी-चोरी पास भएका आफ्ना नानीहरूले जीवनमा के सफलता पाउलान् भन्ने आशा गरेका होलान्? भोलि तिनै अभिभावकको सम्पत्ति चोर्न बन्दुक, छुरा, भाला, खुकुरी तरबार बोक्ने छन्।

प्रश्न यति मात्र होइन। चिट चोराउन नसकेपछि लिएको रकम फिर्ता गर्छु भनी कागज गर्ने शिक्षकमाथि कानुनी कारबाही हुने कि नहुने? त्यस्ता शिक्षकलाई कारबाही नहुनु अर्को आश्चर्य हो। रकम लिनु अपराध थियो, त्यसमा चिट चोराउन नसकेपछि पैसा समयमा फिर्ता नगरी पछि फिर्ता गर्छु भनी कागज गर्नु अर्को महाअपराध हो। खुलेआम भ्रष्टाचार गरेको प्रमाण हो यो। त्यति ठूलो अनैतिक, अमर्यादित, भ्रष्टाचारी काम हुँदा तीमाथि कुनै करबाही गर्न नसक्ने, नचाहने वा नगर्ने शिक्षा अधिकारी, शिक्षा विभाग, शिक्षा मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोग दोषी छैनन् भनी कसरी नभन्ने?

के त्यस्ता शिक्षकलाई सोही पदमा बसी भविष्यका कर्णधार नानीहरूलाई पढाउन दिनु उचित होला त? सरकारले कारबाही गर्दैन भने शिक्षक संघ, सङ्गठन, युनियनले कारबाहीको माग गर्नुपर्ने हो। यस सम्बन्धमा *शिक्षक* मासिकको आगामी अङ्कमा केही न केही पढ्न पाउने आशा गरेको छु।

भोला शर्मा, काठमाडौं

## सबै कसरी नालायक हुन्छन् ?

उच्च माध्यमिक शिक्षा परिषद्‌बाट सञ्चालित विशेष कक्षा १२ को परीक्षा सम्बन्धमा वास्तविकताको अध्ययन नै



खटाइएका केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षकले परीक्षालाई मर्यादित बनाउन लाग्दैनन् तबसम्म बाहिरबाट गरिने छड्के अनुगमन र कतिपय अवस्थामा जिशिका र मन्त्रालयका कर्मचारीको उपस्थितिले मात्र परीक्षा मर्यादित हुन सक्दैन।

देवीराम आचार्य
अर्घाखाँची

## तस्बिरले आश जगायो

२०६७ वैशाख अङ्कमा 'गतिविधि' स्तम्भ अन्तर्गत विराटनगरस्थित डिएभी बोर्डिङ परीक्षाकेन्द्रमा प्रहरी उपरीक्षक दीपक थापाले 'गेसपेपर' खोस्दै गरेको तस्बिरले अलिकति भने पनि आश जगायो। धेरैले धेरैतिर भने, लेखे, तर पनि हाम्रो एसएलसी परीक्षाको गति यथावतै छ– जसरी पनि चोरेर, चोराएर नै पास गर्ने-गराउने। त्यो तस्बिर देख्दा यस्तो लाग्यो– शिक्षकहरू निरीक्षक बसेर परीक्षा सञ्चालन गराउँदा (क) शिक्षकहरूलाई नै विद्यार्थीहरूले नपत्याइदिने र; (ख) शिक्षकहरूले धाक-धम्की सहनुपर्ने जस्ता समस्याहरू आइलाग्ने रहेछन्। त्यसैले परीक्षालाई (खासगरी एसएलसी परीक्षालाई) मर्यादित बनाउनका लागि त, सुरक्षाकर्मीहरूलाई नै त्यससम्बन्धी प्रशिक्षण दिएर जिम्मा लगाउनुपर्ने रहेछ।

आहत परागण, ओखलढुङ्गा

# प्रतिक्रिया र सुझाव

नगरी *शिक्षक* मासिक २०६६ फागुन अङ्कमा सम्पादकीय पृष्ठ (विषय सन्दर्भ)मा 'नालायकहरू' शीर्षक दिएर नेपाली शिक्षकमाथि खनिएको पाइयो ।

तर; विशेष कक्षा १२ अध्ययन गर्नका लागि कति शिक्षकलाई अध्यापन बिदा र अवसर दिइयो ? कुन-कुन जिल्लामा शिक्षकहरूलाई अध्ययन गर्न जान पायक पर्ने ठाउँमा अध्यापन केन्द्र राखियो ? अनि यो कस्तो योजना हो, जसले अध्ययन नै नगरी विशेष कक्षा १२ उत्तीर्ण गर्न सक्छ भन्ने ? शिक्षकहरूलाई अध्ययनको अवसरविना नै विशेष कक्षा १२ पूरा गराउने परीक्षा हुन दुई महिना मात्र बाँकी रहँदा कक्षा ११ र १२ का महत्त्वपूर्ण विषय उत्तीर्ण गर्नुपर्ने गरी परीक्षा फारम भराउने तथा नपढेका मान्छेबाट एकैचोटि दुई वटा कक्षा उत्तीर्ण गराउने यो कस्तो योजना छनोट र व्यवस्थापन गरियो ?

कतिपय ठाउँका शिक्षकहरूले परीक्षा कक्षको भौतिक पूर्वाधारको कमी-कमजोरी औंल्याई गरेको परीक्षा बहिष्कारको घटनालाई बङ्ग्याई 'चोर्न नपाएर शिक्षकले परीक्षा दिएनन्', यिनीहरू नालायक भन्नु कति जायज हो ? माघको ठण्डी, सिन्धुलीको हुस्सु, बिहानको समय, पूर्वको प्रकाश छेल्ने अग्लो घर, बत्तीको व्यवस्थाविना नै आफूलाई तोकिएको परीक्षा हलको बेन्चमा बसेर परीक्षा दिने सिन्धुलीका ती बूढापाका र यस्तै अन्य शिक्षकको प्रशंसा कहिले र कसले गरिदिने ? "सर ! कोठा अँध्यारो छ, केही देखिँदैन हेर्नुस् त !" भनी उच्च माध्यमिक शिक्षा परिषद्बाट आएका निरीक्षक स्वयम्लाई कक्षाकोठामा लगेर देखाउँदा; "के गर्नु ! नियमलाई मान्नै पर्‍यो, हाम्रो पनि बाध्यता हो, ५-१० मिनेट ढिलो गर्न मिले पनि त्योभन्दा बढी ढिलो गर्न मिल्दैन" भन्ने जवाफ सिन्धुलीका शिक्षकको लागि कस्तो लाग्यो होला ? तैपनि परीक्षा बिथोल्नुहुँदैन, अनुभव सँगाल्नुपर्छ, पास-फेलको कुरा नगरौं; इमानदारी देखाऊँ भनेर परीक्षामा बस्ने सिन्धुलीका शिक्षकहरूको महानता हो । उनीहरूको त्यो महानतालाई परीक्षा कक्षमा डेक्स-डेक्समा बालिएका मैनबत्तीको उज्यालोमा छर्लङ्ग देख्न सकिन्थ्यो ।

**हेमप्रसाद भट्टराई**
**भानु निमावि, रतनपुर, हत्पते-४, सिन्धुली**

(**टिप्पणी**: उक्त परीक्षाका सबै परीक्षार्थी उस्तै थिएनन्; यथार्थमा बहुसङ्ख्यक परीक्षार्थीहरू इमानदार थिए भन्ने कुरा केही ठाउँका मात्र घटनाहरू समाचार र चर्चामा आएबाट पुष्टि हुन्छ । जहाँका परीक्षार्थी शिक्षकले अनैतिक कार्य गरे, तिनलाई 'नालायक' भन्दा सिन्धुलीका इमानदार परीक्षार्थीहरूलाई पनि शीतल अनुभव भएको हुनुपर्ने हो । सिन्धुलीको परीक्षा केन्द्रको भौतिक कमजोरीबारे अवगत गराइदिनुभएकोमा भट्टराईजीलाई धन्यवाद । -सम्पादक)

## स्कूल बन्द


भट्टराई सर पूजामा
थापा सर भुजामा
कार्की सर मोजमा
चनमती मिसको ब्रत छ रे
मनमती मिसको छोरीको पास्नी अरे
खतिवडा सरकहाँ श्राद्ध छ रे
निरौला सरको बैठक सकिएन रे
हेडसर सधैं तालिम-गोष्ठीमा व्यस्त
'निमित्त सर' हेडसर भएकोमा मस्त
कता 'बन्द' को हल्ला पनि रहेछ
त्यसैले गर्दा आज पनि
प्रार्थनापछि नै स्कूल बन्द भएछ ।

**मधुमालती श्रेष्ठ**
**सरस्वती उमावि, खानीभञ्ज्याङ, ओखलढुङ्गा**

## जस्ताको तस्तै !

एसएलसी परीक्षामा चोरी-डकैती चल्ने गरेको विषयलाई लिएर शिक्षक पत्रिकाले २०६६ को फागुन अङ्कलाई 'एसएलसी विशेषाङ्क' कै रूपमा निकाल्यो । यसबाट केही हदसम्म भए पनि सरकारको ध्यानाकर्षण भएछ क्यारे ! त्यसैले एसएलसी परीक्षा


## *शिक्षक* का पुराना अङ्क



*शिक्षक* मासिकको २०६५ सालका अंकहरू 'बाइण्डिङ' गरिएको सङ्ग्रह तयार भएको छ । इच्छुक पाठकहरूले नजिकको पत्रिका पसल वा शिक्षकको कार्यालय (फोनः ५५४८१४२) मा सम्पर्क राख्नुहोला ।

**मूल्य रू.: ३५०/-**

**विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा**
**एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)**
**बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)**
**+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ ।**

- ✓ २०६७ वैशाख १५ मा हुने क्याम्पसको वार्षिकोत्सव समारोहमा आमन्त्रण ।
- ✓ एकवर्षे बि.एड. तथा एम.एड. प्रथम वर्षको नयाँ कक्षा सञ्चालन २०६७ वैशाखबाट ।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत् सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
- ✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको ९ देखि साँझ ८ बजेसम्म

पहिलो सामुदायिक शिक्षा क्याम्पस

**काठमाडौं शिक्षा क्याम्पस**
**रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)**
**फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४**
**नोटिस बोर्ड नं.: क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०)**
**विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१) उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ ।**

**E-mail: kscram@ksc.edu.np, URL: w w w . k s c . e d u . n p**

शुरु हुनुभन्दा निकै अघिदेखि नै स्थानीय एफएमहरूले “परीक्षामा अनियमितता गर्ने-गराउनेलाई यस्तो-यस्तो सजाय हुनेछ” भन्ने आशयका जानकारीमूलक कार्यक्रमहरू प्रसारण गरे। परीक्षा केन्द्रमा अलि बढी जनशक्ति र केन्द्राध्यक्षका रूपमा नयाँ अनुहारहरू पनि खटाइए।

तर, अपेक्षित प्रतिफल भने हात लागेन। भौगोलिक विकटताका कारण पहाडमा प्रशासकीय प्रमुखहरू प्रत्येक केन्द्र घुम्न सक्तैनथे। परीक्षा केन्द्रमा खटिने व्यक्तिहरू उही थिए। स्थानीयस्तरका अनुभवीले ‘काग कराउँदैछ, पिना सुक्दैछ’ भन्ठाने होलान्। विद्यार्थी-शिक्षकहरू उही थिए चोर्न बानी परेका र चोराउन बाध्य बनाइएका। सुरक्षाकर्मी पनि उही थिए।

आखिर केही भएन, जस्ताको त्यस्तै। यद्यपि, अझै गर्न सकिने कामहरू पनि बाँकी छन्:

(क) उत्तरपुस्तिका जाँच्दा कडाइ गर्ने,
(ख) +२ का परीक्षाहरूलाई मर्यादित बनाउन, नयाँ ढङ्गले योजना बनाउने,
(ग) आगामी एसएलसी परीक्षालाई मर्यादित बनाउन अहिल्यैदेखि नै लागि पर्ने।

**मालती श्रेष्ठ**
**दियाले-३, अँधेरी, ओखलढुङ्गा**

## *शिक्षक* को सङ्कलन अब पाइन्छ

*शिक्षक* मासिक २०६६ भदौ महिनाको पेज नं. ६ मा यसरी लेखिएको छ, “शिक्षक सङ्ग्रह, *शिक्षक* मासिकको पहिलो (२०६४ माघ) देखि बाह्रौं (२०६५ चैत) सम्मका अङ्कहरूको सङ्ग्रह (हार्ड कभर वाइडिङ्ग) तयार भएको छ। इच्छुक पाठकहरूले नजिकको पत्रिका पसल वा *शिक्षक* को कार्यालय (फोन: ५५४८१४२) मा सम्पर्क गर्नुहोला।”

मोरङ जिल्लामा *शिक्षक* का थोक एजेन्टहरू वाणी प्रकाशन र कट्टेल डिष्ट्रिब्युसन एजेन्सीमध्ये वाणी प्रकाशनमा गएर ‘फुल एड्भान्स’ दिन्छु, त्यो सङ्ग्रह चाहियो भन्दा अस्वीकार गरियो। कट्टेल डिष्ट्रिब्युसन एजेन्सीमा फोन गर्दा पुस्तक नभएको बताइयो। *शिक्षक* कार्यालयमा सम्पर्क गर्दा नजिकको पत्रिका पसलमा सम्पर्क गर्दा राम्रो हुने सल्लाह दिने गरिन्छ। तर अहिलेसम्म पनि सो सङ्कलन उपलब्ध हुनसकेको छैन। त्यसैले उक्त सङ्कलन उपलब्ध हुने अन्य कुनै उपाय भए जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**रामकुमार राउत**
**महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर**

(**टिप्पणी**: राउतजीले *शिक्षक* को २०६६ भदौ अङ्कमा सङ्ग्रहसम्बन्धी देख्नुभएको सूचना सही हो। उक्त सङ्ग्रह पूर्वाञ्चलका सबै पसलहरूमा पुऱ्याउन नपाउँदै सकिएको थियो। यसैकारण उक्त सङ्ग्रह समयमा प्राप्त गर्न कठिन भएको हो। २०६६ फागुन महिनाबाट पत्रिकामा उल्लेख भएका सम्पूर्ण पसलहरूमा ‘सङ्ग्रह २०६५’ पठाइसकिएको छ। तसर्थ विराटनगरका लागि यहाँले नै उल्लेख गर्नुभएका एजेन्टबाट सङ्ग्रह पाउन सकिने कुरा जानकारी गराउँछौं। फेरि पनि कुनै कठिनाई भए *शिक्षक* को कार्यालयमा सम्पर्क राख्नुहोला। धन्यवाद! **– बजार व्यवस्थापक**)

## शुभकामना
## रजत अङ्कलाई



शिलस्वभाव र अनुशासित स्वःस्फूर्त निश्चय हुनुपर्दछ
क्षणभर नबस्ने शिक्षकमा, कुशल नेतृत्व हुनुपर्दछ
कर्तव्यबोध उसमा, रहनुपर्दछ निश्चित
मानवीय गुण अनि, सत्बुद्धि र सत्चरित्र
सिप, ज्ञान र प्रवृत्ति, शिक्षकका कलाकौशल
कर्मलाई नै प्रश्रय दिने, हुन्छन् ती गुरू असल
को कमको भावनामा प्रेरित, जो निरन्तर खटिरहन्छ
रक्षा गर्दछ उसले, सदैव मातृभूमि जोगाउँदछ
जलेको लाश झैं हुन्छ ऊ, ज्ञान बुद्धिको अभावमा
तड्पिएर लोटिरहन्छ, पश्चात्तापको भुमरीमा
अंशको कुनै भागबण्डा, हुँदैन कहिल्यै विद्यामा
कसले कति लिने ? भन्ने मापदण्ड छैन शिक्षामा
सबै तथ्यलाई समेटी, अगाडि बढ्यो 'शिक्षक'
हिमाल, पहाड, तराई, मधेश, फैलियो 'शिक्षक मासिक'
तर कुनै राजनीतिक भाषा, कुनै कलमले नलेखोस्
नरोकियोस् गति यसमा, रचना सबैको आइरहोस्
वकालत गर्नुपर्दछ शिक्षकले हरेक विषयवस्तुको
वर्दान नित्य पाएको छ, उसले देवी सरस्वतीको
षडयन्त्रको बीजारोपण, कोही कसैले नगरौं
कोइलीको झैं माधुर्य बोली, एक आपसमा सबैले गरौं
हार् हुन्छ पक्कै मूर्खको, विद्वानको हुन्छ सधैं जित
दिप झैं बल्दछ ज्ञान, जीवन हुन्छ सुनिश्चित
कलमको एक टुप्पाले, विश्व ब्रह्माण्ड रच्दछ
शुशोभित बनाई लोकलाई, अग्रगतिमा हिडाउँदछ
भनुन् सबैले एकस्वरमा, 'शिक्षक' हिंडोस् द्रुतगतिमा
कार्यक्रम सुनौला ल्याओस्, यस रजत अंकमा
मन, वचन र कर्म बुझी, 'शिक्षक' बढोस् प्रगति पथमा
नाम उच्च राखोस् 'शिक्षक मासिक'ले, यही शुभकामना

**शिवप्रसाद शिवाकोटी**
**प्रअ, हिमखण्डे भुवनेश्वरी प्रावि, चिलंखा, दोलखा**

# क्षमायाचना

**हाम्रो असावधानीका कारण *शिक्षक* चैत २०६६ मा मनका कुरा स्तम्भअन्तर्गत ‘शिक्षक: शालिग्राम या पत्थर ?’ शीर्षकको लेखकको नाम गणेशप्रसाद चौलागाईं हुनुपर्नेमा अन्यथा भएकोमा सखेद सच्याइएको छ।**

**सोही अङ्कमा ‘सुडोकु-१८’ को मध्य भागको माथिबाट पाचौं कोष्ठमा ७ हुनुपर्नेमा २ भएकाले सखेद सच्याइएको छ।**

**माथिका त्रुटिका कारण सम्बद्ध लेखक तथा पाठकहरूलाई भएको असुविधाका निम्ति हामी क्षमाप्रार्थी छौं। – सं.**

## हाम्रा कपी कसले काट्छ ?
शिक्षक लाइसेन्स परीक्षा र आन्तरिक बढुवा परीक्षाका उत्तरपुस्तिका कस्ता योग्यता र अनुभव हासिल गरेका व्यक्तिहरूबाट परीक्षण गरिन्छ र यी परीक्षाको परीक्षाफल बढीमा कति महिनाभित्र प्रकाशन गर्ने व्यवस्था छ ?

**ध्रुवप्रसाद पँगेनी, वृद्ध विकास निमावि कोलडाँडा, पाल्पा**

### जवाफ
सबै खालका उत्तरपुस्तिका शिक्षक सेवा आयोगले छनोट गरेका योग्य, तालिमप्राप्त र अनुभवी विशेषज्ञद्वारा परीक्षण गर्ने गरिएको छ। आन्तरिक बढुवाको लागि विज्ञापन भएको ६ महिनाभित्र नियुक्ति वा बढुवाको लागि सिफारिस गर्नुपर्ने व्यवस्था छ। तर, शिक्षण लाइसेन्सको परीक्षाफल प्रकाशित गर्ने निश्चित समयसीमा तोकिएको छैन।

**वैकुण्ठप्रसाद काफ्ले, उपसचिव, शिक्षक सेवा आयोग**

## ४० वर्ष पुगेपछि के गर्ने ?
विश्व ब्याङ्कले राहत शिक्षकका लागि सन् २०१५ सम्म मात्र सहयोग गर्ने भन्ने सुनिएको छ। राहत शिक्षकको उमेर उक्त अवधिभित्र नै ४० वर्ष पुगिसकेको अवस्थामा यदि विश्व ब्याङ्कले अनुदान दिन छोड्यो भने ती शिक्षकहरू शिक्षा नियमावलीको मापदण्डबमोजिम शिक्षक सेवा आयोगको परीक्षाबाट पनि बञ्चित हुनपुग्छन्। तसर्थ, त्यस्ता शिक्षकका लागि सरकारले के कस्तो विकल्प सोचेको छ ?

**रवीन्द्रकुमार दास, राहत शिक्षक, मावि जिनाखु, सिन्धुली**

### जवाफ
शिक्षकको आवश्यकता पूर्ति गर्नका लागि नेपाल सरकार र विश्व ब्याङ्कद्वारा राहत शिक्षक अनुदानको व्यवस्था गरिएको हो। यो अनुदानले कहिलेसम्म निरन्तरता पाउँछ भन्ने निश्चित छैन। त्यसैले सरकारले त्यस्ता शिक्षकको पेशागत ग्यारेन्टी गर्न सक्दैन। अर्कोतिर, ४० वर्षे उमेर हदमा रही तपाईंले शिक्षक सेवा आयोगको खुल्ला प्रतिस्पर्धामा आवेदन दिन त पाइहाल्नुहुन्छ नि !

**जनार्दन नेपाल, सहसचिव, शिक्षा मन्त्रालय**

## मेरो मूल्याङ्कन कसले गर्ला !
कुनै स्कूलको प्रअ वा प्राचार्यमा राहत कोटाको अथवा अस्थायी शिक्षक नियुक्त भएमा उसले माथि तृतीय श्रेणीको शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने क्रममा प्रथम सुपरीवेक्षक भई नम्बर दिन पाउँछ कि पाउँदैन ? उक्त शिक्षकको पद माथि तृतीय नै भए के हुन्छ ?

**बद्रीप्रसाद घिमिरे, श्री कालिका उमावि टेकन्पुर, सिन्धुपाल्चोक**

### जवाफ
शिक्षा नियमावली अनुसार, जुन तहको स्कूल हो त्यही तहको स्थायी शिक्षक मात्रै प्रअ वा प्राचार्य हुन पाउँछ। त्यो अवस्थामा अस्थायी वा राहत कोटाका शिक्षकहरू प्रअ वा प्राचार्य हुन पाउँदैनन्। त्यस्तो अवस्थामा निमित्त प्रअ वा प्राचार्यको मात्रै जिम्मेवारी दिन मिल्छ। अर्को कुरा, निमित्त प्रअ मात्र होइन 'कन्फर्म' प्रअले पनि आफ्नो श्रेणी समान शिक्षकको कार्य सम्पादन मूल्याङ्कनमा प्रथम सुपरीवेक्षक भई नम्बर दिन पाउँदैन।

**विष्णुप्रसाद अधिकारी, उपसचिव, शिक्षा मन्त्रालय**

## खुल्लामा मात्र प्रतिस्पर्धा गर्नुहोस् !
मिति २०६३/०१/१० गतेपछि नियुक्त भएर १० महिने आधारभूत तालिम र शिक्षण अध्यापन अनुमतिपत्र प्राप्त गरेका म जस्ता अस्थायी शिक्षकले २०६६/०७/११ मा भएको सरकार-शिक्षक सहमति अनुसार आन्तरिक र खुल्ला प्रतिस्पर्धामा सामेल हुन पाइन्छ कि पाईंदैन ?

**गितादेवी पोखरेल, सरस्वती प्रावि, कोल्मा-८, स्याङ्जा**

### जवाफ
२१ साउन २०६१ भन्दा अघि अस्थायी पदमा नियुक्त भएर हालसम्म कार्यरत रही अध्यापन अनुमतिपत्र प्राप्त शिक्षकहरूको हकमा उमेरको हद नलाग्ने गरी खुल्ला प्रतिस्पर्धामा सम्मिलित गराउनका लागि शिक्षा ऐन र नियमावलीमा संशोधनको प्रक्रिया अगाडि बढाइएको छ। तर, उक्त मितिभन्दा पछाडि नियुक्त भई तोकिएको योग्यता पूरा गरेका शिक्षक वा व्यक्तिले उमेर हदभित्र रहेर खुल्ला प्रतिस्पर्धामा आवेदन दिन पाउने छन्।

**वैकुण्ठप्रसाद काफ्ले, उपसचिव, शिक्षक सेवा आयोग**

## राहतको बिदा कति ?
अस्थायी र स्थायी दरबन्दीका शिक्षकहरुले वर्षमा २४ दिन बिदा पाउँछन्। तर, राहत शिक्षकहरूका हकमा बिदा सम्बन्धी कुनै नियम जारी भएको पाइएको छैन। के हामी राहत शिक्षकले पनि स्थायीसरहको बिदा पाउँछौं ?

**चन्द्रप्रसाद भण्डारी, बागदेवी मावि, भुम्लुसल्ले, काभ्रेपलाञ्चोक**

### जवाफ
राहत कोटाका शिक्षकलाई स्थायी र अस्थायी शिक्षकसरह तलब सुविधा दिइएको हुँदा बिदाको हकमा पनि सोहीसरह हुने मानिएको छ।

**विष्णुप्रसाद अधिकारी, उपसचिव, शिक्षा मन्त्रालय**

## विनिको अतिरिक्त कमाइ
म एक सामुदायिक विद्यालयको शिक्षक हुँ। हाम्रो सेवा क्षेत्रका विद्यालय निरीक्षकहरूले विद्यालयमा शिक्षक छनोट समितिमा रहेर छनोट प्रक्रिया पूरा भएपछि प्रावि, निमावि र मावि तहका लागि क्रमश: रु.२०००, रु.२५०० र रु.३००० विद्यालयबाट असुल्ने गरेका छन्। यसको प्रमाण मसँग सुरक्षित छ। शिक्षक छनोट गरेबापत विनिले यसरी स्कूलबाट रकम लिन पाउँछन् ?

**तिलक पाण्डे 'विद्रोही' जनता उमावि, देउराली-४, नवलपरासी**

### जवाफ
शिक्षा नियमावली, २०५९ ले विद्यालय निरीक्षकलाई शिक्षक छनोट समितिको सदस्य तोकेको छ। त्यसैले आफ्नो सेवा क्षेत्रमा

रहेर शिक्षक छनोटको परीक्षा चलाउनु विनिको दायित्व हो। त्यस बापत उनीहरूले स्कूलबाट रकम लिन पाउँदैनन्। तर, विद्यालय व्यवस्थापन समितिले आफूखुशी नै विनिलाई रकम उपलब्ध गराउँछन् भने त्यो बेग्लै पाटो हो।

**पदमसिंह विष्ट, शाखा अधिकृत, शिक्षा विभाग**

## मैले किन ग्रेड नपाउने ?

म १० साउन २०५८ मा १० महिने तालिमप्राप्त शिक्षक हुँ। तर, मैले उक्त तालिम लिएबापतको थप २ ग्रेड पाउँदिनँ। मभन्दा अगाडि तालिम लिने शिक्षकले २ ग्रेड पाइराखेका छन्। यस्तो असमानता किन ?

**दत्तराज जोशी, भूमिराज प्रावि, रिम कुमतडी, बैतडी**

### जवाफ

नेपाल सरकारले आ.व. २०५७/०५८ को बजेट वक्तव्यमा १ साउन २०५७ भन्दा पछाडि स्थायी नियुक्त भएका वा तालिम लिएका शिक्षकले तालिम बापतको थप ग्रेड वा भत्ता नपाउने व्यवस्था गरेकाले तपाईंले त्यो सुविधा नपाउनुभएको हो।

**खिमबहादुर भुजेल**
**शाखा अधिकृत, शिक्षा विभाग**

## सञ्चित रकम कहिले पाउँछौं ?

सबै स्थायी शिक्षकसरह मैले पनि नागरिक लगानी कोषमा बीमाबापत मासिक रु.४०० का दरले वर्षमा रु.४८०० बुझाउने गरेको छु। यसरी जम्मा गरिएको रकम कति-कति वर्षमा झिक्न पाइन्छ? बीचमा कुनै शिक्षकले अवकाश पाएमा वा दुर्घटनामा परेमा कति प्रतिशत रकम पाइन्छ ?

**डोरहरि आचार्य, कालीदेवी प्रावि; प्रीतिङ-७, हुँगा, रामेछाप**


**प्रमोदप्रसाद यादव, नेरा उमावि, पिपरपाती, बारा**

### जवाफ

विद्यमान नियम अनुसार बीमामा जम्मा गरिएको रकम सेवाबाट अवकाश पाएपछि मात्रै झिक्न पाइन्छ। सेवामा छँदै दुर्घटनामा परी मृत्यु भएमा शिक्षकहरूले रु.१ लाख बीमाबापत रकम पाउँछन्। दुर्घटना भएमा वा बीचमा अवकाश पाएको अवस्थामा शिक्षकलाई बीमा रकमको व्यवस्था गर्नका लागि नियमावली संशोधनको प्रक्रिया अघि बढाइएको छ।

**विदुरराज गिरी, उपसचिव, शिक्षा मन्त्रालय**

**(अनुरोधः यस स्तम्भमा शिक्षक मित्रहरूले सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ प्राप्त गरी प्रकाशित गर्न प्रयास गरिने छ। आफ्ना प्रश्न वा जिज्ञासासँगै सम्भव भएसम्म कुन निकाय वा व्यक्तिबाट जवाफ खोजिएको हो भन्ने समेत उल्लेख गरी पठाउनुहोला। - सम्पादक)**




# रमाइला तेत्तीस वर्ष !

**कुसुम शर्मा**
काठमाडौं

भन्छन् कुनै कुनै कुराको सङ्केत अगाडि नै देखापर्छ। मेरो जीवनमा पनि त्यस्तै भयो। मलाई सानैदेखि, खेल्दा पनि शिक्षकको भूमिका गर्न साह्रै मन पर्थ्यो। आफ्ना स-साना भाइबहिनीलाई विभिन्न तरिका अपनाएर पढाउने खेल मेरो अभिरुचिको विषय थियो।

मेरो त्यही रुचि २०३१ सालमा पेशा बन्न पुग्यो। काठमाडौंमा त्यसै वर्ष लागू भएको नयाँ शिक्षा योजना अनुसार पूर्व-व्यावसायिक (पू.व्या.) शिक्षकका रूपमा शिवपुरी निमावि (हालको शिवपुरी मावि र कलेजमा) मा नियुक्ति पाएँ।

मैले एसएलसी पास गरेपछि २०२७ सालमा व्यावसायिक तालिम केन्द्र (हालको सानोठिमी क्याम्पस) बाट दुईवर्षे होम साइन्स डिप्लोमा गरेँ। पछि गएर बी.एड. र स्नातकोत्तर पूरा गरेँ। तर, जागिर भने निमाविबाट शुरु गरेर निमाविबाटै अवकाश पाएँ। मैले जुन विषय पढाउन नियुक्ति पाएकी थिएँ पाठ्यक्रममा त्यो विषय धेरै वर्ष रहन सकेन। नीतिहरू फेरिँदै जाँदा मैले पढाउनुपर्ने विषयहरू पनि फेरिँदै गए।

२०३१ सालतिर नेपालको व्यावसायिक शिक्षाको स्तर धेरै माथि थियो। कक्षा ४ देखि कक्षा ७ सम्म पू.व्या. शिक्षा र माध्यमिक कक्षाहरूमा व्यावसायिक विषयहरू पढाइन्थ्यो। पू.व्या. शिक्षा १०० पूर्णाङ्कको थियो। पाठ्यभार पनि सम्भवत: हप्तामा २७-२८ सम्म थियो। पू.व्या. शिक्षाका विषयहरू प्रयोगात्मक विधिबाट सिकाएर हरेक विद्यार्थीको अलग अलग मूल्याङ्कन फर्म भर्नुपर्दथ्यो। व्यावसायिक विषयका लागि अरू विषयमा भन्दा राम्रोसँग पाठयोजना तयार गर्नुपर्थ्यो। निरीक्षकबाट हप्तामा दुई वा तीनपटक निरीक्षण तथा कक्षा अवलोकन गर्ने गरिन्थ्यो।

तत्कालीन नयाँ शिक्षाको घोषित उद्देश्य व्यावहारिक ज्ञान र सीपयुक्त शिक्षार्थी तयार पार्ने थियो। यसका लागि सरकारीस्तरबाट पनि निकै खर्च गरिएको थियो। तर पछि विभिन्न प्राविधिक कठिनाईले होला यो विषयले दिगो रुप लिन सकेन। मेरा लागि भने पू.व्या. शिक्षाको ठूलो महत्त्व रहिरह्यो। गृह-विज्ञान पढेर शिक्षक भएकाले पू.व्या. शिक्षाअन्तर्गतका केही विषयमा म अनभिज्ञ थिएँ। त्यो मेरा लागि एउटा चुनौती थियो र ती विषय पढाउन सक्ने हुनका लागि मैले धेरै परिश्रम गर्नुपरेको थियो। त्यतिबेलाका मेरा सुपरभाइजर ईश्वरी सरको बेलाबेलाको निर्देशन र निरीक्षण दुवैले मलाई पू.व्या. शिक्षा सहज रूपले पढाउन सक्ने बनाउँदै लग्यो।

त्यतिबेला स्कूलको भौतिक संरचना हालको जस्तो थिएन। अफिस अथवा स्टाफ रुम सानो कोठामा अटाएको थियो। सबै शिक्षक मभन्दा अग्रज हुनुहुन्थ्यो। सबैको कार्यकाल अवधिबारे सुन्दा म त्यतिबेलासम्म टिकौंला र जस्तो लागेको थियो। तर, समय सजिलै बित्दोरहेछ; ३३ वर्ष मैले त्यही एउटा स्कूलमा बिताएँ।

मैले चारजना हेडमास्टरसित लामो तथा छोटो समय बिताएँ। चारजनामध्ये भवानी विक्रम राणाबाट समयको परिचालन गर्न सिकेँ। गुरुङ हेडसरबाट सिकाउने शैली, विद्यार्थीको रचनात्मक प्रतिभाको विकास गराउने विधि जान्ने मौका पाएँ। उहाँबाट सिकेका; राम्रोसित पढाउनका लागि आवश्यक विभिन्न विधि आफैं पनि तयार गर्न सकिन्छ; पाठलाई सहज एवं रोचक ढङ्गबाट प्रस्तुत गरेर विद्यार्थीलाई सिकाउन सके विद्यार्थीले दिगो रूपमा सिक्न सक्छन्; जस्ता कुराबाट मेरो काममा नै राम्रो प्रभाव पारेको थियो।

शुरु-शुरुमा पाठयोजना बनाउने, मूल्याङ्कन गर्ने, उत्तरपुस्तिका जाँच्ने जस्ता काम गर्न कहिलेकाहीं दिक्क पनि लाग्थ्यो। तर, पछि गएर यी सब कुराहरूमा अभ्यस्त हुँदै गइयो। त्यतिबेला मूल्याङ्कन फर्म पनि आफैंले कोर्नुपर्दथ्यो। कक्षा शिक्षक हुँदा अरु बढी कार्यभार पर्दथ्यो। शिक्षकलाई तलब बाहेक अतिरिक्त सुविधा स्कूलले दिन सक्दैनथ्यो।

त्यतिबेलाका छात्रछात्रा पनि आजका जस्ता सम्पन्न देखिँदैनथे। मैले जागिर खाँदा विद्यार्थीको लागि अनिवार्य पोशाक भन्ने थिएन। अधिकांश छात्र-छात्रा अरूको घरमा काम गरेर पढ्न आउँथे।

म जति समय स्कूलमा रहेँ, कक्षा शिक्षकका रूपमै रहेँ र धेरै छात्रछात्रासँग आफ्नो मनका कुरा बाँड्ने अवसर पाएँ। शैक्षिक भ्रमण, वनभोज आदिमा नियमित हुने गर्दथें। स्कूलका केही अतिरिक्त कार्यहरूमा पनि साथीभाइसँग हातेमालो गर्दै मेरा दिन बितेका हुन्। हामी शिक्षकहरूको समूह एउटै घरका सदस्य झैं लाग्दथ्यौं। एकदिन घर बस्दा पनि स्कूलको सम्झना आउने गर्दथ्यो।

मैले २०६३ सालमा स्कूलबाट अवकाश पाएँ। मेरो लागि त्यो दिन, बिहे गरेर अन्माइएपछि माइती छोड्न लागेकी चेलीको झैं भएको थियो।

*'मनका कुरा' शिक्षकहरूको निजी कुरा पोख्ने स्तम्भ हो। यसमा तपाईं आफ्ना अनुभूति, कथा-व्यथा, अनुभव तथा मर्मस्पर्शी एवं प्रेरक घटनालगायत आफ्नो मर्जीका कुरा लेख्न सक्नुहुनेछ। सुस्पष्ट, सार्थक, सान्दर्भिक र तस्बिरसहितका छोटा लेखाइले विशेष प्राथमिकता पाउने छन्। सं.*

# EMBASSY OF INDIA
# COMPEX EXAM 2010

सत्यमेव जयते

UNDERGRADUATE PROFESSIONAL COURSES UNDER SELF FINANCING AND SCHOLARSHIP SCHEME: 2010-11

## NOTICE

Compex Exam 2010 scheduled for May 08, 2010 has been postponed for indefinite period due to the UCPN(Maoist) sponsored nationwide general strike.

The next date for conduct of exams/centre of examination will be communicated through a public notice / on website www.examaid.in in due course.

For any clarification the students may contact Embassy of India, Kathmandu/Consulate General of India, Birgunj from 9.00 AM to 3.00 PM.

EMBASSY OF INDIA, KATHMANDU

प्रेरक प्रसङ्ग

निक मूरम्यान

# एउटा अनौठो मृत्यु संस्कार




विद्यालय स्रोत केन्द्रको निरीक्षक तथा प्रशिक्षक भएको नाताले म सरकारी स्कूलको भ्रमणमा निस्किएँ । शिक्षण विकास परियोजना लागू गरिएको एउटा सरकारी विद्यालयको चौथो कक्षामा भित्र प्रवेश गरेँ । त्यो स्कूल र त्यही नै कक्षा मैले किन रोजेँ भन्ने मलाई नै थाहा थिएन । म त्यसै त्यहाँ पुगेँ । अमेरिकाका अन्य सरकारी स्कूलमा जस्तै यो कक्षाकोठा पनि सामान्य थियो । विद्यार्थीहरू पाँच लाइनमा राखिएका ६ वटा डेस्कमा बसेका थिए । शिक्षकको डेस्क सबै विद्यार्थीले देख्न सक्ने गरी अगाडि थियो । कक्षाभित्र रहेको सूचना बोर्डमा केही लेखिएको थियो । सर्सर्ती हेर्दा यो एउटा सामान्य स्कूलको सामान्य कक्षाकोठा मात्रै थियो तर पनि त्यस दिन त्यहाँ केही विशेष भइरहेको थियो । विद्यार्थी र शिक्षकको गतिविधि र उत्साहले त्यस्तो देखाइरहेको थियो ।

अमेरिकाको मिचिगन राज्यको एउटा सानो शहरमा रहेको त्यो कक्षाकी शिक्षक थिइन्, डोना । उनी रिटायर हुन दुई वर्ष जति बाँकी थियो । म कोठाको सबैभन्दा पुछारको डेस्कमा बसेँ । सबै विद्यार्थी केही लेख्न व्यस्त थिए । म अलि ढिला पुगेकाले उनीहरू के लेख्दै थिए भन्ने चाहिँ बुझिरहेको थिइनँ । मेरो छेउमा एउटी १० वर्षीया छात्रा थिइन् । मैले छड्के नजरले उनले लेखिरहेको कुरा हेरेँ । उनी लेख्नमा मग्न थिइन् र लेख्दै थिइन् "म... गर्न सक्तिनँ ।"

"म फूटबललाई धेरै पर पुग्ने गरी हान्न सक्तिनँ ।"

"म तीन अङ्कभन्दा बढी भाग गर्न सक्तिनँ ।"

"मलाई मनपर्ने डेबीलाई साथी बनाउन सक्दिनँ ।"

यस्ता कुरा लेख्दै गर्दा उसको आधा पेज भरिइसकेको थियो र ऊ लेख्नमा यति मग्न थिई, रोकिने कुनै छाँटकाँट म देखिरहेको थिइनँ । अलि लम्केर अरू केही विद्यार्थीको लेखाइ पनि हेरेँ । उनीहरू पनि उत्तिकै लगनका साथ आफू के काम गर्न सक्दिनँ भनेर लेखिरहेका थिए ।

"म कान समातेर कुखुरो बन्दै १० पटक उठबस गर्न सक्तिनँ ।"

"आमाले स्कूलमा खाजा खान हालिदिएको सबै बिस्कुट खान सक्तिनँ ।"

अब मलाई यी विद्यार्थीहरूको चर्तिकला थाहा भइसकेको थियो । उनीहरूको लेखन मलाई मन परिरहेको थियो । उता शिक्षक डोना पनि लेख्दै थिइन् । डोनाले चाहिँ के लेख्दै होलिन् भन्ने जिज्ञासा मेट्न म उठेँ । आखिर म स्कूल निरीक्षक थिएँ, मलाई त्यहाँ कसैले रोक्ने सम्भावना थिएन । अनि डोनाको छेउमा उभिएर उनको लेखन हेरेँ ।

"म जोनकी आमालाई शिक्षक-अभिभावक भेलामा आउनका लागि बाध्य पार्न सक्तिनँ ।"

"म छोरीलाई ज्ञानगुनका कतिपय कुराहरू ध्यानपूर्वक सुन्न बाध्य पार्न सक्तिनँ ।"

"मेरै श्रीमान् एलेनसँग झगडा गर्न सक्तिनँ र उनले मलाई सधैँ जितिरहेका हुन्छन् ।"

यो देखेर मेरो मनमा केही कुरा खेल्यो । तर म कामको बीचमा उनीहरूलाई बिथोल्न चाहन्नथेँ । म पुनः आफ्नो ठाउँमा गएर बसेँ । तर मलाई खुल्दुली लाग्यो, विद्यार्थी र शिक्षक दुवै 'म गर्न सक्तिनँ' भनेर किन लेखिरहेका होलान् ? खासमा त 'म गर्न सक्छु' भनेर लेख्नुपर्ने हो ! सकारात्मक कुरा लेख्नाले पो विद्यार्थीको मनमा सकारात्मक विचार पलाउँछ र त्यसले उनीहरूलाई जीवनपर्यन्त सहयोग

गर्छ। यस्तै कुरा गुन्दै गर्दा विद्यार्थीहरू अर्को १० मिनेटसम्म लेखिरहे। कतिले त यस्तो लेख्दालेख्दै दुई पेज भरिसकेका थिए।

एकछिनपछि डोनाले विद्यार्थीहरूलाई लेख्न बन्द गर्न भनिन् र आफू पनि लेख्न छाडिन्। अनि “ल अब तिमीहरू सबैले आफूले लेखेको 'म गर्न सक्तिनँ' भन्ने लेखका पाना राम्रोसँग पट्याएर यहाँ डेस्कमा राख” भनेर अह्राइन्। सबैले डोनाको भनाइ अनुसार गरे। डेस्कमा एउटा सानोतिनो कागजको पहाड तयार भयो। त्यसपछि डोनाले विद्यार्थी र आफूले लेखेको कागज एउटा डब्बामा हालिन्। अनि उनले डब्बाको मुख राम्रोसँग बन्द गरिन्। त्यसपछि उनी त्यो डब्बा च्यापेर कक्षाकोठाबाहिर निस्किइन्। विद्यार्थीले उनलाई पछ्याए र म पनि जिज्ञासापूर्वक उनीहरूको पछिपछि लागेँ।

**म डोनाको विद्यार्थी थिइनँ, बरु उनी चाहिँ मेरी विद्यार्थी थिइन्। तर, त्यस दिन उनको कक्षामा गएर मैले एउटा महत्त्वपूर्ण शिक्षा पाएँ। आज पनि जब कसैको मुखबाट 'म गर्न सक्तिनँ' भन्ने वाक्य सुन्छु, तब मलाई चौथो कक्षाका तिनै विद्यार्थीहरूले मनाएको अन्तिम संस्कार याद आउँछ। अनि म उनीहरूले थाहा नपाउने गरी भन्छु, 'म गर्न सक्तिनँ' त उहिल्यै मरिसक्यो त!**

अलिपर एउटा कोदालो थियो। डोनाले त्यो उठाइन् र स्कूलको चउरतिर लागिन्। चउरको पनि सबैभन्दा पुछारको कुनामा पुगेपछि डोना र विद्यार्थीहरू अडिए। उनीहरूलाई पछ्याइरहेको म पनि अडिएँ। त्यो कुनामा डोना खाल्डो खन्न थालिन्। उनलाई खाल्डो खन्न विद्यार्थीले पनि सघाए। खाल्डो ठूलै भएपछि 'म गर्न सक्तिनँ' राखिएको डब्बा त्यसभित्र राखियो र चाँडोचाँडो माटोले पुर्न थालियो।

'म गर्न सक्तिनँ' भन्ने वाक्यको चिहान थियो यो। 'म गर्न सक्तिनँ'लाई चिहानमा पुरेपछि विद्यार्थी चिहान वरिपरि लहरै उभिए। डोनाले भनिन्, “ल मेरा प्यारा भाइबहिनी हो, अब सबैजना नजर झुकाएर 'म गर्न सक्तिनँ'को मृत्युमा शोक/श्रद्धाञ्जलि व्यक्त गरौँ।” सबैले डोनाले भने झैँ मुन्टो निहुऱ्याए।

“साथीहरू, आज हामी यहाँ 'म गर्न सक्तिनँ'को मृत्यु शोक मनाउन भेला भएका छौँ”, डोनाको आवाज अत्यन्त ओजपूर्ण थियो। “जबसम्म यो यस धर्तीमा र हाम्रो वरिपरि थियो, तबसम्म यसले हाम्रो जीवनमा ठूलो प्रभाव पारेको थियो। यो अलग कुरा हो- यसले कसैलाई बढी र कसैलाई कम प्रभाव पारेको थियो तर प्रभाव चाहिँ अवश्य पारेको थियो। यो कति शक्तिशाली छ भने हर-कोहीले यसको नाउँ लिन्छन्। यो जताततै छ- स्कूलमा, घरमा, समाजमा र देशभरि नै। अरू त अरू शक्तिशाली भनिएको हाम्रो देशको राष्ट्रपति भवनमा समेत यसले प्रभाव जमाएको छ।” केहीबेर विद्यार्थीको अनुहारमा आँखा दौडाइसकेपछि डोनाले फेरि थपिन्, “आज हामीले 'म गर्न सक्तिनँ'लाई चिहानमा पुऱ्यायौँ। उसको सम्झनामा एउटा स्मारक पनि बनाइसकेका छौँ। यसको मृत्युपछि अब उसका भाइबहिनीहरू टुहुरा भएका छन्। तिनीहरूलाई हामीले सम्हालेर हुर्काउनुपर्ने भएको छ; र ती भाइबहिनीको नाम हो- 'म गर्न सक्छु', 'म गर्छु' र 'म अहिल्यैदेखि गर्छु'। यी तीनजना आफ्नो दाइजत्तिकै लोकप्रिय त छैनन्; तर तिनले तिमीहरूको राम्रो सहयोग पाउन सके भने ती उत्तिकै लोकप्रिय हुन सक्षम छन्। यी तीनजना अहिले उति शक्तिशाली नदेखिए पनि तिमीहरूले सहयोग गऱ्यौ भने यिनले गर्न नसक्ने चिज केही हुने छैन।”

“ईश्वरले 'म गर्न सक्तिनँ'को आत्मालाई शान्ति प्रदान गरुन्! म यहाँ के पनि कामना गर्छु भने, संसारका हरेक मानिस 'म गर्न सक्तिनँ' विना नै जिउन सिकून् र जीवनलाई अघि बढाऊन्! धन्यवाद!”

डोनाको भाषण सुनिसकेपछि म दङ्ग परेँ। यो घटनाले यी विद्यार्थीको जीवनलाई कसरी प्रभावित पार्नेछ र यो दृश्य उनीहरूको जीवनभर कसरी अविस्मरणीय रहने छ भन्ने कुरा मलाई छर्लङ्ग भयो। उनीहरूले आइन्दा सकेसम्म 'म गर्न सक्तिनँ' भन्ने वाक्य प्रयोग नै गर्ने छैनन्। यो काम प्रतीकात्मक थियो र हाम्रो जीवनको एउटा सार पनि।

'म गर्न सक्तिनँ' लेख्ने, त्यसलाई चिहानमा पुऱ्याउने, गाड्ने र त्यसको सम्झनामा शोक-भाषण गरिसकेपछि पनि डोनाको काम सकिएको थिएन। डोना सबै विद्यार्थीलाई लिएर क्यान्टिनमा पुगिन्। म बबुरो पनि उनीहरूलाई पछ्याउँदै गएँ। त्यहाँ उनीहरूले बिस्कुट, चिया र जुस खाए। त्यो 'म गर्न सक्तिनँ'को अवसानमा आयोजित मृत्युभोज थियो। यो एउटा खुसीको अवसर झैँ गरी मनाइँदै थियो। आफूसँग रहेको एउटा मोटो कागजमा डोनाले क्रिस्चियनहरूको चिहानमा राखिने शिलापत्र जस्तै गरी लेख्न थालिन्। उनले सबैभन्दा माथि लेखिन्- 'म गर्न सक्तिनँ'। अनि त्यसपछि उनले तलपट्टी 'मृत्यु' र त्यसको मृत्यु भएको मिति लेखिन्।

'म गर्न सक्तिनँ'

'मृत्यु'

२८ मार्च सन् १९८०

मृत्युभोज र यो लेखनसँगै त्यसदिनको कक्षा पनि सकियो। म आफ्नो कार्यालय फर्किएँ।

आज यो घटना भएको वर्षौं भइसक्यो। मृत्यु स्मारकको कागज डोनाको कक्षामा पूरै एक वर्षभरि टाँगिइरहेको दृश्य म अहिले पनि सम्झन्छु। कुनैबेला यदि कुनै विद्यार्थीले कुनै पनि काम गर्न सक्तिनँ भन्यो भने डोनाले 'म गर्न सक्तिनँ' को मृत्यु भएको वर्ष र महिना अनि गतेसमेत खरर्र भनिदिन्थिन्। अनि विद्यार्थीहरूलाई तुरुन्त आफूले भाग लिएको त्यो मृत्युभोज याद आउँथ्यो। त्यतिबेला डोनाका विद्यार्थीले अर्कै शब्दले आफूले नसक्ने कुरा बताइरहेका हुन्थे र त्यो काम पूरा गर्न डोना प्रायः कम्मर कसेर लागिपरेकी हुन्थिन्।

पदका हिसाबले म डोनाको विद्यार्थी थिइनँ, बरु उनी चाहिँ मेरी विद्यार्थी थिइन्। तर, त्यस दिन उनको कक्षामा गएर मैले एउटा महत्त्वपूर्ण शिक्षा पाएँ। आज पनि जब कसैको मुखबाट 'म गर्न सक्तिनँ' भन्ने वाक्य सुन्छु, तब मलाई चौथो कक्षाका तिनै विद्यार्थीहरूले मनाएको अन्तिम संस्कार याद आउँछ। अनि म उनीहरूले थाहा नपाउने गरी भन्छु, 'म गर्न सक्तिनँ' त उहिल्यै मरिसक्यो त!

*(चिकन सूप फर द साउल बाट साभार)*

अनुवादः **अच्युत कोइराला**

# सरकारी स्कूलका पक्षमा मौलिक कार्यक्रम

**भर्खरै** खुलेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (मेडिकल कलेज)ले सरकारी स्कूलको पक्षमा एउटा अत्यन्तै मौलिक कार्यक्रम अघि सारेको छ । सो प्रतिष्ठानमा एमबीबीएस अध्ययन गर्ने विद्यार्थीहरूले अन्य कलेजमा झैँ छात्रवृत्ति त पाउने छन् तर त्यसनिम्ति उनीहरूले पहिला सरकारी स्कूलमै पढेको हुनुपर्नेछ ।

कुल विद्यार्थीमध्ये १५ प्रतिशतलाई पूर्ण छात्रवृत्ति र ४० प्रतिशतलाई आंशिक तथा साझेदारी छात्रवृत्ति दिने प्रतिष्ठानको योजना रहेको छ । पूर्ण र आंशिक छात्रवृत्तिमा सामुदायिक स्कूलबाट कक्षा ८, ९ र १० उत्तीर्ण गरेका विद्यार्थीले मात्रै प्रतिस्पर्धा गर्न पाउने छन् । पूर्ण छात्रवृत्ति पाउनेले एक पैसा पनि तिर्नुपर्दैन भने आंशिक छात्रवृत्ति पाउनेले अध्ययन शुल्क (रु.३० लाख)को आधा रकम तिर्नुपर्नेछ । आंशिक कोटामा न्यूनतम २५ प्रतिशत विद्यार्थी लिएर बाँकी सिट साझेदारी छात्रवृत्तिका लागि छुट्याइएको छ । साझेदारी कोटामा परेका विद्यार्थीका निम्ति संघ/संस्थाले रु.२० लाख र प्रतिष्ठान आफैंले रु.१० लाख व्यहोर्ने छ । बाँकी ४५ प्रतिशत सिट पूरै रकम तिर्न चाहने र जुनसुकै स्कूलमा पढेर आएका नेपाली विद्यार्थीका निम्ति छुट्याइएको छ ।




पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान छुट्टै ऐनद्वारा सञ्चालित स्वायत्त निकाय हो । प्रतिष्ठानले यस वर्ष ६० जना विद्यार्थी भर्ना लिने गरी नेपाल मेडिकल काउन्सिलसँग स्वीकृति मागेको छ । प्रतिष्ठानका उपकुलपति डा. अर्जुन कार्कीका अनुसार, एमबीबीएस अध्ययनका लागि दुई हजारभन्दा बढी विद्यार्थीले आवेदन दिएका थिए । २८ चैतमा लिइएको लिखित परीक्षामा २९१ जना विद्यार्थी उत्तीर्ण भएका छन् । अन्तर्वार्तामा उत्कृष्ट ठहरिएका विद्यार्थीलाई उनीहरूले पढ्न चाहेको समूहमा भर्ना लिइने जानकारी डा. कार्कीले दिए । अन्य मेडिकल कलेजको प्रवेश परीक्षामा अन्तर्वार्ता लिने चलन छैन ।

एमबीबीएस सकेका जनशक्तिहरू दुर्गम क्षेत्रमा जान नमान्ने प्रवृत्तिलाई निरुत्साहित गर्नका लागि छात्रवृत्तिमा सरकारी स्कूलका विद्यार्थीहरूलाई प्राथमिकता दिइएको उपकुलपति कार्कीको कथन छ । त्यसरी छात्रवृत्ति पाएर पढ्नेहरूले पढाइ सकेपछि सरकार वा प्रतिष्ठानले तोकेको क्षेत्रमा गई दुईदेखि चार वर्षसम्म अनिवार्य रूपमा काम गर्नुपर्नेछ । उपकुलपति कार्की भन्छन्, "शहरिया र हुनेखानेहरू दुर्गम क्षेत्रमा पुगेर काम गर्दैनन् । त्यसैले हामी त्यस्तो मान्छेलाई चिकित्सक बनाउन खोज्दैछौं जो गाउँमा पुगेर सेवा गर्न तत्पर होस् ।"

## *शिक्षक* कर्मीमाथि आक्रमण



***शिक्षक*** मासिकका सहायक सम्पादक सुदर्शन घिमिरे एनेकपा माओवादीका कार्यकर्ताको पिटाइबाट गम्भीर घाइते भएका छन् । २०६७ वैशाख २२ गते साँझ *शिक्षक* को जेठ अङ्कको निम्ति समाचार सामग्री जुटाउने सिलसिलामा महाराजगञ्जतर्फ जाँदै गर्दा माओवादीका कार्यकर्ताले घिमिरेलाई बालुवाटारमा मोटरसाइकल रोकी एक्कासी मुक्का प्रहार गरेका थिए ।

कुटपिटबाट घिमिरेको बायाँ आँखा र नाकमा गम्भीर चोट लागेको छ । माओवादीले १९-२४ वैशाखमा आह्वान गरेको आम हड्तालका क्रममा सञ्चारकर्मीका सवारी साधनलाई अवरोध नगर्ने प्रतिबद्धता जनाएको थियो । तर, घिमिरे चढेको मोटरसाइकलमा स्पष्ट देखिने गरी लेखिएको 'प्रेस' र गलामा झुण्डिएको पत्रकार परिचयपत्र देख्दादेख्दै माओवादीका कार्यकर्ताले घिमिरेलाई निर्घात पिटेका थिए ।

घटनापछि घिमिरेको शिक्षण अस्पताल महाराजगञ्जमा उपचार गरिएको थियो । घिमिरेको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको छ । नेपाल पत्रकार महासंघलगायत सञ्चार संस्थाहरूले घिमिरेमाथिको आक्रमणको घोर निन्दा गर्दै दोषी उपर कडा कारबाहीको माग गरेका छन् । घिमिरेमाथि भएको उक्त असभ्य र अमानुषिक घटनाप्रति खेद प्रकट गर्दै *शिक्षक* मासिक परिवार सहकर्मी घिमिरेको पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ ।

# लाइसेन्सको नतिजा जेठको दोस्रो साता

**शिक्षक** सेवा आयोगले २६ र २७ मङ्सिर २०६६ मा लिएको अध्यापन अनुमतिपत्र (शिक्षण लाइसेन्स) परीक्षाको नजिता प्रकाशनका लागि थप दुई साता लाग्ने जनाएको छ। यसअघि आयोगले वैशाखको अन्त्यसम्ममा लाइसेन्सको नतिजा प्रकाशित गर्ने जनाएको थियो। एनेकपा माओवादीले १८-२४ वैशाखमा गरेको आम हड्तालका कारण पूर्व निर्धारित समयमा नतिजा प्रकाशित गर्न नसकिएको आयोगले जनाएको छ।

आयोगका अध्यक्ष उदयराज सोतीले भने, "वैशाख मसान्तभित्रै नतिजा निकाल्ने तयारी भए पनि बन्दको अवधिमा कर्मचारी काममा आउन सकेनन्। अब फेरि व्यवधान आएन भने जेठको दोस्रो साता रिजल्ट आउँछ।" सबै तहका उत्तरपुस्तिका परीक्षण सकी उत्तरपुस्तिका संपरीक्षण तथा विवरण रुजुको काम भइरहेको उनले जानकारी दिए।

शिक्षण लाइसेन्सको २१, २२ र २३ फागुन २०६६ मा लिइएको दोस्रो चरणको परीक्षाका उत्तरपुस्तिका जिल्लाबाट केन्द्रमा आउने क्रम अझै जारी रहेको बताइएको छ। आउँदो असारसम्ममा उक्त परीक्षाको पनि नतिजा प्रकाशित हुने आयोगका सहसचिव अशोककुमार अर्याल बताउँछन्। आयोगले अध्यापन अनुमतिपत्रको प्रमाणपत्र यसपटकदेखि आफैंले तयार गर्ने भएको छ। नक्कली प्रमाणपत्रको समस्या बढेका कारण प्रमाणपत्र केन्द्रबाट तयार गरी होलोग्राम राख्ने, लाइसेन्सको रेकर्ड प्रणालीलाई चुस्त तुल्याउनेलगायतका सुधार गर्न लागेको छ। यसअघि जिल्ला शिक्षा कार्यालयहरूले नै लाइसेन्स प्रमाणपत्र तयार गरेर वितरण गर्ने गरेका थिए।

# सप्तरीमा फेरि कालोमोसो

**नियम** मिचेर बाल विकास सहयोगी कार्यकर्ता नियुक्ति गरिएको भन्दै स्थानीय युवाहरूको एक हूलले राजविराजस्थित केन्द्र नम्बर ६ निमाविका तीन शिक्षकसहित चार जनालाई कालोमोसो दलेका छन्। सो हूलले २७ वैशाखमा विद्यालयमा प्रवेश गरेर प्रअ शङ्कर यादव, शिक्षकहरू हरिनारायण यादव, महेश गुप्ता र परिचर दिनेश यादवलाई कालोमोसो दलेको पीडितहरूले बताएका छन्।

घटनामा स्थानीय रामजी साह, शङ्कर शर्मा, समीर अन्सारी, शम्भु दास, धनवीर साहलगायतको संलग्नता रहेको बताइएको छ। उनीहरूले विद्यालयको फर्निचर तथा प्रअ यादवको मोबाइल समेत तोडफोड गरेका छन्।

घटनामा संलग्नमध्ये धनवीर साहलाई प्रहरीले पक्राउ गरे पनि अरू फरार छन्। विद्यालय व्यवस्थापन समितिले एक महिनाअघि विज्ञापन नगरी प्रअकी बुहारी पर्ने सुनिता यादवलाई बाल विकास सहयोगी कार्यकर्तामा नियुक्त गरेका थिए। तथापि प्रअ यादवले व्यवस्थापन समितिबाटै सुनिताको नियुक्ति भएकाले त्यसमा आफू दोषी नरहेको दाबी गरेका छन्। तर, व्यवस्थापन समितिका अध्यक्ष बसन्तकुमार साहले भने नियुक्ति प्रक्रियामा त्रुटि भएको बताएका छन्।



श्रवणकुमार देव

कालोमोसो लगाएपछि आयोजित पत्रकार सम्मेलनमा दायाँबाट क्रमशः परिचर दिनेश यादव, सहायक प्रधानाध्याक महेश गुप्ता, प्रअ शंकर यादव र शिक्षक हरिनारायण यादव।

कुनै कुरामा चित्त नबुझ्े शिक्षा क्षेत्रका व्यक्तिहरूलाई कालोमोसो लगाउनु सप्तरीमा नौलो घटना भने होइन। आफ्नो नजिकको व्यक्तिलाई नियुक्त गरेको भन्दै ७ फागुनमा सप्तरीको सखडास्थित संस्कृत माविमा प्रअ कामेश्वर यादवलाई दुई जनाले मरणासन्न हुने गरी कुटपिट गरेका थिए। घटनाका दोषीलाई प्रहरीले हालसम्म पक्राउ गर्न सकेको छैन। ७ वैशाख २०६६ मा तराई मधेश लोकतान्त्रिक पार्टीका कार्यकर्ताले सप्तरीका तत्कालीन जिशिअ केदार तिवारीलाई उनकै कार्यकक्षमा कालोमोसो दलेका थिए।

जिल्लाको शिक्षा क्षेत्रमा क्रियाशील युवा सशक्तिकरण संघका अध्यक्ष किशोरकुमार यादव शिक्षकहरूमाथि बारम्बार आक्रमण हुँदा पनि प्रशासनले त्यसप्रति चासो नदिँदा शिक्षकहरूको मनोबल घटेको बताउँछन्।

**श्रवणकुमार देव/राजविराज**

# स्कूलमा अनुशासन संहिता !



नगेन्द्र राई

**स्कूलमा** भर्ना हुनका लागि के के कागजात चाहिएला ? सामान्यतया जन्मदर्ताको प्रमाणपत्र, विद्यार्थीको फोटो, स्कूल परिवर्तन गर्नुपर्दा शैक्षिक प्रमाणपत्रको प्रतिलिपि जस्ता कागजात आवश्यक पर्छन् । तर, धनकुटाको एउटा स्कूलमा भर्ना हुन त्यति कागजातले मात्रै पुग्दैन । राजारानीस्थित पुण्य उमाविमा भर्ना हुनका लागि स्कूलको अनुशासन संहिता पालना गर्ने प्रतिबद्धता जनाउनैपर्छ । यसका लागि पुण्य उमाविले १२ बुँदे अनुशासन संहिता जारी गरेको छ ।

अनुशासन संहितामा स्कूल पोशाक विना प्रवेश नपाइने, विद्यार्थीले अनिवार्य नङ काट्नुपर्ने, कपाल रङ्गाउन नपाउने, स्कूलका कार्यक्रममा सक्रिय सहभागिता जनाउनुपर्ने, शिक्षकको आज्ञा पालन गर्नुपर्नेलगायतका बुँदाहरू छन् । स्कूलका प्रअ लोकबहादुर राईले भने, “यी शर्तहरू पालना गर्ने प्रतिबद्धता जनाएपछि मात्रै हामी विद्यार्थीलाई भर्ना गर्छौं ।” उनका अनुसार, स्कूलमा भड्किलो फेशन र विकृतिको प्रभावलाई निरुत्साहित तुल्याउनका लागि यो संहिता बनाइएको हो ।

भर्ना लिने क्रममा नै स्कूलले अभिभावक र विद्यार्थीलाई संहिता पालना गर्ने प्रतिबद्धतापत्रमा हस्ताक्षर गराउँदै आएको छ । स्कूलले शिक्षकहरूका लागि समेत संहिता तयार गरेको छ । कक्षामा रहँदा मोबाइल बन्द गर्नुपर्ने र सधैं स्कूलको पोशाकमा उपस्थित हुनुपर्ने जस्ता संहिता शिक्षकले पालना गर्नुपर्छ । पुण्य उमावि जिल्लाको गतिलो सार्वजनिक स्कूलमध्येमा पर्छ ।

**नगेन्द्र राई, धनकुटा**

# उमाविलाई ४ हजार दरबन्दीको सिफारिस

**उच्च** माध्यमिक विद्यालयमा शिक्षक व्यवस्थापनबारे सुझाव दिन गठित कार्यदलले एउटा सामुदायिक उमाविका लागि कम्तीमा तीनजना शिक्षकको दरबन्दी उपलब्ध गराउनुपर्ने सुझाव सरकारलाई दिएको छ । विद्यार्थी सङ्ख्याका आधारमा पाँच वटासम्म दरबन्दी दिनुपर्ने कार्यदलको निष्कर्ष छ ।

सामुदायिक उमाविमा शिक्षक दरबन्दीको माग गर्दै उच्च माध्यमिक शिक्षक युनियन, नेपाल (हिस्टान) आन्दोलनमा उत्रिएपछि सरकारले शिक्षा राज्यमन्त्री गोविन्द चौधरीको संयोजकत्वमा ८ पुस २०६६ मा ८ सदस्यीय कार्यदल गठन गरेको थियो ।

शिक्षकको दरबन्दी व्यवस्था गर्नुअघि मापदण्ड पुगेका उमाविहरूलाई स्थायी सम्बन्धन दिनुपर्ने कार्यदलको सुझाव छ । उमाशि परिषद्को सम्बन्धनसम्बन्धी विनियममा तोकिएका शर्त पालना गरी तीन शैक्षिक सत्र पूरा गरेका उमाविलाई स्थायी सम्बन्धन दिन सकिने उल्लेख छ । तर, परिषद्ले हालसम्म कुनै उमाविलाई पनि स्थायी सम्बन्धन दिएको छैन ।

हाल सञ्चालनमा रहेका २ हजार ५१२ उमाविमध्ये १ हजार ७७१ वटा सामुदायिक छन् । कार्यदलको प्रतिवेदनमा तत्कालका लागि ४ हजार दरबन्दी उपलब्ध गराएर स्थायी सम्बन्धन पाउने उमाविलाई प्राथमिकतामा राख्न सुझाव दिइएको छ । शिक्षक नियुक्तिसँगै तिनको सेवा, शर्त निर्धारणका लागि उच्च माध्यमिक शिक्षक सेवा आयोग गठन गर्न पनि कार्यदलले सुझाएको छ ।

दशजोड दुई कार्यक्रम लागू भएको डेढ दशक बितिसक्दा पनि यो तहमा दरबन्दीका शिक्षक छैनन् । हाल सरकारले दुई शैक्षिक सत्र पूरा गरेका ८५३ वटा उमावि दुई-दुई र कर्णालीका १२ उमाविलाई चार-चार जना शिक्षक बराबरको अनुदान उपलब्ध गराउँदै आएको छ । हिस्टानसम्बद्ध शिक्षकहरूले सामुदायिक उमाविमा कम्तीमा पाँच शिक्षकको दरबन्दीको माग गर्दै आएका छन् । हिस्टानका महासचिव पुष्प न्यौपानेले भने, “कार्यदलको सिफारिस सकारात्मक छ । तर, सरकारले यसको कार्यान्वयन गर्छ कि गर्दैन त्यो चाहिँ मुख्य कुरा हो ।”

दुई वर्षअघि चैतन्य शर्मा संयोजकत्वको कार्यदलले पनि एउटा उमाविलाई पाँचवटा शिक्षक दरबन्दी दिन तथा शिक्षकको सेवा/शर्त निर्धारण निर्देशिकाको मस्यौदा सरकारलाई बुझाए पनि त्यसको कार्यान्वयन भएको थिएन ।

## सङ्गठित हुँदै व्यवस्थापन समिति

**सामुदायिक** स्कूलको सुदृढीकरण निम्ति जनमत निर्माण गर्ने उद्देश्यका साथ यहाँका केही विद्यालय व्यवस्थापन समिति सङ्गठित भएका छन् । मुलुकभरकै व्यवस्थापन समितिलाई सङ्गठित तुल्याउने उद्देश्यले ‘नेपाल सामुदायिक विद्यालय व्यवस्थापन केन्द्रीय समिति’को तदर्थ समिति गठन गरिएको छ ।

३१ चैतमा इटहरीमा सम्पन्न भेलाले सुनसरीको तरहरास्थित जनसहयोग उमावि व्यवस्थापन समितिका अध्यक्ष मणिराम गिरीको संयोजकत्वमा ११ सदस्यीय तदर्थ समिति गठन भएको हो । विद्यालय व्यवस्थापनमा देखिएका समस्याको निराकरणका लागि उक्त सङ्गठनले राज्य र समुदायबीच पुलको भूमिका निर्वाह गर्ने जानकारी संयोजक गिरीले दिएका छन् ।

स्कूललाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने सवालमा सङ्गठनले विशेष रूपमा अगुवाई गर्ने बताइएको छ ।

लेख्नुहोस्
रु.५ हजार
जित्नुहोस्

# शिक्षक र लाठी !



'शिक्षकले लठ्ठी भाँचे' शीर्षकअन्तर्गत 'प्रतिबद्धता कार्यक्रममा लौरो भाँच्दै शिक्षक प्रतिनिधिहरू' भनी असोज २०६६ को *शिक्षक* मासिकमा प्रकाशित मकवानपुर, हेटौंडाको तस्बिर ।




'शिक्षकका हातमा पनि लाठी' शीर्षकअन्तर्गत 'सुर्खेतको बामेखोलामा लाठी तालिम लिँदै माओवादी निकट शिक्षकहरू' भनी १८ वैशाख २०६७ को *नागरिक* दैनिकमा प्रकाशित तस्बिर ।

माथिका दुई तस्बिर हेरेपछि तपाईंको मनमा लागेका कुरा रोचक ढङ्गबाट लेखेर पठाउनुहोस् । हामीलाई उत्कृष्ट लागेको लेखले रू.५,०००/- नगद पुरस्कार पाउनेछ । लेख २५ जेठ २०६७ भित्र आइपुग्नुपर्नेछ ।


रिपोर्ट

ध्रुव सिम्खडा









# संविधानसभाका 'मास्टर'

**नयाँ संविधान निर्माणको जिम्मा पाएका सभासद्हरूको पेशागत पृष्ठभूमि र विगत केलाउँदा शिक्षण पेशा अँगाल्नेको सङ्ख्या मनग्ये फेला पर्छ। राजनीतिक दललाई सहयोग गरेर सभासद् हुने मात्र होइन, राजनीति दलको शीर्षस्थ स्थानमा रहेर मुलुकको नेतृत्व गरिरहेका ठूला नेताहरू नै विगतमा नेपालका सार्वजनिक स्कूलका शिक्षक थिए।**

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी २०२४-२५ मा बागलुङको गल्कोट मावि, गल्कोटमा प्रधानाध्यापक थिए। केसी हेडमास्टर हुँदा नेकपा (एमाले) का अध्यक्ष झलनाथ खनाल त्यहाँ विज्ञान र गणित पढाउँथे। अहिले खनाल र केसी अलग अलग पार्टी प्रमुखको रूपमा संविधानसभामा सभासद् तथा संसदीय दलको नेता छन्। शिक्षण पेशाका यी दुई सहकर्मी संविधानसभामा चाहिँ दुई रानीतिक ध्रुवमा उभिएका छन्। केसीले सङ्घीयताको विरोध गरिरहेका छन् भने खनालले पक्षपोषण। केसी भन्छन्, "जतिबेला म प्रअ थिएँ त्यतिबेला उनी वाम विचारधाराका लोर्के केटा थिए।" केसी चाहिँ उतिबेलै नेकपा (तुलसीलाल समूह) का जिल्ला सेक्रेटरी थिए।

### गुरु-चेला अध्यक्ष

संविधानसभामाको अध्यक्षको निर्वाचनपूर्व बैठकको अध्यक्षता गरेका नेपाली काङ्ग्रेसका महामन्त्री के.बी. गुरुङ पनि शिक्षक पृष्ठभूमिका सभासद् हुन्। उनले शिक्षक हुँदा अहिलेका नाम चलेका डा. सरोज धिताल, एमाले अध्यक्ष खनाल, संविधानसभा अध्यक्ष सुवास नेम्वाङ, डा. नोबल किशोर राई, बेनुपराज प्रसाईं, लगायतका हस्तीलाई इलामको पद्मोदय आदर्श विद्यालयमा पढाएका थिए। संविधानसभाको निर्वाचनमा आफ्नै छात्र धर्म उप्रेतीसित प्रतिस्पर्धा गरेका उनले चुनाव जिते, उप्रेतीले हारे। संविधानसभा चुनावमा आफ्ना गुरुबाट पराजित उप्रेती एमालेका उम्मेदवार थिए। उक्त चुनावमा गुरुङका छात्रहरू झलनाथ र बेनुपराज प्रसाईं; सुवास नेम्वाङ र केशव थापाबीच प्रतिस्पर्धा भएको थियो।


जेष्ठ सदस्यको हैसियतले गुरुङले संविधानसभाका शुरुका नौवटा बैठकको अध्यक्षता गरेका थिए भने त्यसयताका ८२ वटा बैठकको अध्यक्षता कुनै बेलाका उनकै चेला सुवास नेम्वाङले गर्दै आएका छन्। सभाध्यक्ष नेम्वाङ गुरुङलाई अहिले पनि 'के.बी. सर' भनेर सम्बोधन गर्छन् भने गुरुङले नेम्वाङलाई चेलाकै रूपमा स्नेह गर्ने गरेका छन्। १५ जेठ २०६५ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरी कार्यान्वयन गरियोस्' भनी राखेको प्रस्ताव पारित भएको घोषणा गर्ने गुरुङ नै हुन्।

छात्र छँदा गुरुङ विज्ञानका विद्यार्थी भएकाले शिक्षक हुँदा उनी 'अल राउन्डर टिचर' थिए। त्यसैले उनले २०१८ देखि २०२८ सम्म अङ्ग्रेजी, भूगोल जस्ता विषय पढाए। २०२८ मा भारत निर्वासनका बेला गिरिजाप्रसाद कोइरालाको सम्पर्कमा पुगेपछि उनी शिक्षण छाडेर राजनीतिमा सक्रिय भएका हुन्। शिक्षक हुँदा मासिक भारु १०० बुझेका गुरुङ अहिले सभासद्का रूपमा मासिक रु.५० हजार बुझ्छन्। आफू शिक्षक छँदा इलाममा नेरुको चलन नभएकाले तलब पनि भारुमा बुझ्नु परेको उनी स्मरण गर्छन्।

### 'मास्टर' नेता

शिक्षक पृष्ठभूमिबाट आएका ठूला पार्टीका ठूला नेताको सूची लामै बन्छ। सशस्त्र विद्रोहको नेतृत्व गरेको नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' राजनीतिमा आउनुअघि गोरखाको भीमोदय मावि आरुघाटका शिक्षक थिए। उनले धेरैपटक आफूले शिक्षक हुँदै 'जनयुद्ध'को योजना बनाएको






**तस्बिरमा बायाँबाट क्रमशः सुवास नेम्वाङ, चित्रबहादुर केसी, झलनाथ खनाल, पुष्पकमल दाहाल, महन्थ ठाकुर, रत्न शेरचन, केबी गुरुङ र निलम वर्मा ।**

बताएका छन्। माओवादी संविधानसभामा शिक्षक पृष्ठभूमिका सभासद् बढी बनाउने पार्टीमा दरिन पुगेको छ। संविधानसभाको आँकडा अनुसार ६०१ सभासद्मध्ये शिक्षक पृष्ठभूमिका सभासद्को जम्मा सङ्ख्या १४२ छ भने शिक्षक पृष्ठभूमिका माओवादी सभासद् ६६ छन् । त्यस्तै एमालेबाट ३५, नेपाली काङ्ग्रेसबाट २० शिक्षक पृष्ठभूमिका व्यक्ति सभासद् बनेका छन् । *(हे. तालिका)*

सभामा राम्रो शैक्षिक योग्यताका सभासदको उपस्थिति पनि आशलाग्दो छ। विद्यावारिधि (पीचएडी) गर्ने सभासद् को सङ्ख्या १६ छ । संविधानसभामा चिकित्सक (एमडी) गरेका दुईजना; स्नातकोत्तर वा सोसरह उपाधि लिने ८५ जना; स्नातक वा सोसरह उपाधि हासिल गर्ने १५३ जना; आइए वा सोसरह पढेका ८५ जना; एसएलसी उत्तीर्ण ७६ जना र एसएलसी उत्तीर्ण नगरेका १७ जना सभासद् छन् ।

विगतमा शिक्षण पेशामा आबद्ध भएर गाउँ-ठाउँमा नाम कमाएका र समाजसेवीको रूपमा चिनिएकाहरूमध्ये कोही जनताको प्रत्यक्ष मतबाट सभासद् चुनिए भने कोहीले समानुपातिकबाट सभासद् बन्ने अवसर पाएका छन्। जसरी भए पनि कुनै जमानाका शिक्षकहरू अहिले मुलुकको संविधान लेख्ने कार्यमा जुटेका छन्। यसमा उनीहरू कति सफल हुन्छन् त्यो १४ जेठ २०६७ पछि प्रस्ट हुनेछ।

संविधानसभाको म्याद छोट्टिँदै गएको बेला शिक्षकको रूपमा सफल भएका शिक्षक सभासद्लाई संविधान बनाउन नसकेर असफल भइन्छ कि भन्ने चिन्ता चाहिँ लाग्न थालेको छ। २२ वर्ष पवित्रा उच्च मावि डुम्रे, तनहुँमा शिक्षण गरेका माओवादी सभासद् भीमप्रसाद गौतम भन्छन्, "सभासद्ले के गर्ने हो र ! दलका नेताहरूबीच संविधानको आधारभूत विषयमा सहमति नभएसम्म हाम्रो केही लाग्दैन ।" आफूहरूले सामान्य बेलाको निर्वाचनमा जस्तो बाटो-घाटो र विकास निर्माणलाई प्राथमिकता दिन्छौँ भनेर चुनाव नजितेको र दुई वर्षमा नयाँ संविधान लेख्छौँ भनेर आएकाले तोकिएको समयमा संविधान लेख्न नसक्दा जनताले नालायक भन्ने खतरा रहेको उनको तर्क छ । भन्छन्, "म्यादभित्र संविधान बनेन भने व्यक्तिभन्दा पनि राजनीतिक दल नै असफल हुने हो कि भन्ने खतरा रहन्छ। त्यसैले दलहरू नै बढी जिम्मेवार हुनुपर्दछ। जनताले ६०१ जनालाई भत्ता नदेऊ; तिनलाई सिस्नो-पानी लगाउनुपर्छ भन्न थालिसके।"

त्यसो त शिक्षण पेशाबाट आएका केही सभासद्लाई राजनीतिका विकृति देखेर शिक्षण पेशा नै ठीक लाग्न थालेको छ। मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) की सभासद् तथा पूर्व शिक्षक नीलम वर्मा शिक्षण पेशामा छलकपट नहुने बताउँछिन्। करिब सात वर्ष गोरखामा अध्यापन गरेकी वर्मा भन्छिन्, "राजनीति पैसा र शक्तिको खेल हो, म शिक्षण पेशाबाट आएकाले होला दुई वर्षमै राजनीतिदेखि वितृष्णा हुँदैछ। कहिलेकाहीँ त राजनीतिमा किन लागेछु? बरु पढाएरै बस्न पाएको भए हुने रहेछ भन्ने लाग्छ।" तर, माओवादी सभासद् गौतम र फोरम (लोकतान्त्रिक) की सभासद् वर्माको भनाइमा सहमत छैनन् एमाले सभासद् तथा मुस्ताङमा 'चन्द्र सर' को पहिचान बनाएका चन्द्रबहादुर गुरुङ। उनका अनुसार, शिक्षण पेशामा सफल मान्छे राजनीतिमा चाहिँ असफल हुन पनि सक्दछ। सभासद् गुरुङ थप्छन्, "संविधान निर्माणको सन्दर्भमा पनि हामी असफल भइसकेका छैनौँ। सभाका बैठकहरूमा पनि अन्य पृष्ठभूमिबाट आएका सभासद्हरूभन्दा शिक्षण पेशाबाट आएकाहरूको भूमिका प्रभावकारी हुने गरेको छ।"

संविधान निर्माणमा संविधानसभामा सभासद्को भन्दा बढी भूमिका ठूला कहलिएका माओवादी, काङ्ग्रेस, एमाले, फोरमको हुन्छ। दलहरूबीचको आपसी विमति र कटुताका कारण सभासद्हरू फुर्सदिला भएका छन्। दलहरूको रवैयाकै कारण सभासद्हरू दलहरूले संविधान निर्माणमा गरेको ढिलासुस्तीप्रति रुष्ट देखिन्छन्। शिक्षक सभासद्ले समयमा संविधान दिन नसके ठूला दलका ठूला नेता नै सबैभन्दा बढी दोषको भागिदार हुने बताएका छन्। सत्ताको लुछाचुँडीमा लाग्ने ठूला दलका नाइकेहरूलाई असफल भन्न मिल्ने तर आफूहरूलाई त्यो कोटिमा राख्न नमिल्ने भन्दै राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा सभासद् चित्रबहादुर केसी थप्छन्, "जो संविधानसभाको बैठकमा १० दिन लगातार आएनन् ती नालायक हुन्, असफल हुन्; हामी होइनौँ।" नयाँ संविधानबारे २२ महिनासम्म संवैधानिक समितिमा प्रचण्ड र झलनाथले कुनै प्रस्ताव नल्याएको, लाहुरे आए झैँ बैठकमा आएको र आफैँले बनाएको संविधानसभाको नियम पालना नगरेको आरोप केसीको छ। सबै सभासद्लाई एउटै टोकरीमा हालेर असफल भन्दा 'धान खाने मुसो चोट पाउने भ्यागुतो' भने झैँ हुने केसी बताउँछन्। केसीका शब्दमा, "प्रचण्ड,





डा. रामशरण महत, प्रदीप ज्ञवाली र कृष्णबहादुर महरा।

खलनाथको अघिल्तिर शिक्षक पृष्ठभूमिबाट आएका तिनका दलका अन्य सभासद्को के लाग्नु? ती विचरा बोल्नै सक्तैनन्। त्यसैले समयमा संविधान लेख्न नसकिने भयो भनेर चिन्ता गर्नेहरूलाई पनि असफल भनिदिँदा अन्याय हुन्छ।"

### शिक्षक-राजनीति कत्ति उचित ?

विद्यालयमा राजनीति गर्न कति उचित हुन्छ भन्ने बारेमा बहस चलिरहेको छ। २०१७ सालमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाएपछि र २०२८ मा नयाँ शिक्षा लागू भएयता विद्यालय/महाविद्यालय प्रतिपक्षको राजनीतिक 'अखडा' को रूपमा विकसित भएको थियो। शिक्षक सङ्गठन बनेपछि वाम विचारधाराका धेरैले शिक्षक भएर भूमिगत राजनीति अघि बढाएका थिए। अहिले संविधानसभामा पुगेका शिक्षकहरू शिक्षण पेशाका कारणले भन्दा बढी भूमिगत रूपमा राजनीति गरेका कारण सभासद् बनेका हुन्। तथापि राजनीतिमा आएका शिक्षकहरूको सङ्ख्याले चाहिँ शिक्षण पेशालाई राजनीति गर्ने माध्यम बनाएको देखिन्छ।

सङ्गठनको राजनीतिमा लाग्नुपूर्व आफू विशुद्ध शिक्षक मात्र भएको र आफूले पढाउने विद्यालयको स्तर पनि राम्रो रहेको स्मरण गर्छन् माओवादी सभासद् भीमप्रसाद गौतम।

नेपालका सार्वजनिक स्कूलको पठनपाठनले जसरी सर्वसाधारणलाई आशावादी तुल्याउन सकेको छैन, ठीक त्यसरी नै अहिलेको संविधानसभाका कामकारबाहीले पनि जनतालाई उत्साहित बनाउन सकेको छैन। नेपालका सार्वजनिक स्कूलको पढाइ फितलो र कमजोर हुनुमा अरूलाई भन्दा बढी दोष शिक्षकलाई नै दिइने गरिन्छ। सभासद् शिक्षकको नेतृत्वमा रहेको संविधानसभाले समयमा नयाँ संविधान जारी गर्न नसके शिक्षकहरूले स्कूल त डुबाए डुबाए संविधानसभालाई पनि बाँकी राखेनन् भन्ने आरोप लाग्न सक्छ। त्यसैले नयाँ संविधान निर्माणको जिम्मा ठूला दलका ठूला नेतालाई दिएर शिक्षक सभासद्हरूले जिम्मेवारीबाट उम्किन खोज्नु कदापि उचित होइन, बरु शिक्षक समाज र देशकै अगुवा भएकाले शिक्षक सभासद्ले अरूलाई पनि बाटो देखाउनु जरुरी हुन्छ।

## शिक्षक 'सभासद्': कति पढे, कहाँ पढाए ?

| क्र.सं. | नाम | शैक्षिक योग्यता | पार्टी | पढाएको विद्यालय |
|---|---|---|---|---|
| १. | इन्द्रमाया गुरुङ | बीए | एमाओवादी | मैना प्रावि, गोरखा |
| २. | इन्द्रजीत राई | पीएचडी | एमाओवादी | भोपाल युनिभर्सिटी, भारत<br>त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर<br>काठमाडौं विश्वविद्यालय, काभ्रे |
| ३. | अशोककुमार रोकाय क्षेत्री | आईए | एमाओवादी | गणेश मावि, शिवशक्ति मावि, बाँके |
| ४. | अलाउद्दीन अन्सारी | एसएलसी | राप्रपा | सिद्धार्थ मावि, नवलपरासी |
| ५. | अर्जुनप्रसाद जोशी | एमए | नेका | रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौं |
| ६. | अग्निप्रसाद सापकोटा | एमए | एमाओवादी | जागृति उच्च मावि, सिन्धुपाल्चोक |
| ७. | उमा रेग्मी | एमएड टपर | नेका | शिक्षा क्या., गोरखा; वीरेन्द्र ब. क्या. चितवन; महेन्द्ररत्न क्याम्पस, काठमाडौं; कीर्तिपुर ब. क्या. त्रिवि, कीर्तिपुर |
| ८. | उषाकला राई | एमएस्सी(वनस्पतिशास्त्र), एमए समाजशास्त्र/मानवशास्त्र), बीएल | एमाले | अमृत साइन्स कलेज,<br>त्रिचन्द्र कलेज, काठमाडौं |
| ९. | कल्पना धमला | आईए | एमाओवादी | श्रमिक शान्ति उच्च मावि, ललितपुर<br>पञ्चकन्या उच्च मावि, काठमाडौं |
| १०. | कविताकुमारी सरदार (बाँतर) | आईए | नेका | सुन्दर निमावि, मोरङ |
| ११. | कालीबहादुर मल्ल | एसएलसी | एमाओवादी | दीपेन्द्र निमावि, सरस्वती प्रावि, प्रावि बोहोरा, भगवती विद्यालय, जाजरकोट |
| १२. | कुमार राई | बीए | नेका | सिम्पानी हाईस्कूल, खोटाङ<br>अन्नपूर्ण मावि, कटुञ्जे मावि, भोजपुर |
| १३. | कुलप्रसाद नेपाल | बीए/बीएड | एमाले | आदर्श विद्या मन्दिर मावि, ललितपुर<br>भैरव जनता मावि, पाल्पा |
| १४. | कुलबहादुर गुरुङ | बीएड | नेका | पब्लिक आदर्श विद्यालय, इलाम |
| १५. | कुवेरबहादुर ओली | आईए | एमाओवादी | प्रावि, अर्मा रुकुम; जनकल्याण मावि दाङ |

| | | | | |
|---|---|---|---|---|
| १६. | केशवप्रसाद नेपाल | एमए (संस्कृति) | एमाओवादी | बाघ भैरव मावि, जनजागृति निमावि, जाल्पा मावि, सेतीदेवी प्रावि, सिन्धुपाल्चोक; शारदा निमावि, दोलखा |
| १७. | कृष्णकुमार चौधरी | आईए (अङ्ग्रेजी), | एमाओवादी | नेपाल अन्धा कल्याण संघ, कैलाली |
| १८. | कृष्णबहादुर महरा | बीएड | एमाओवादी | बाल कल्याण उमावि, रोल्पा |
| १९. | खड्गबहादुर विश्वकर्मा | आईएड | एमाओवादी | नेपाल राष्ट्रिय प्रावि, सुर्खेत |
| २०. | गणेश तिवारी (नेपाली) | बीए (भूगोल) | तमलोपा | श्रीराम उच्च मावि, महोत्तरी |
| २१. | गोपाल ठाकुर | एमए (अङ्ग्रेजी तथा भाषा विज्ञान) | एमाले | श्री प्रावि, रौतहट; केन्द्रीय भाषा विज्ञान विभाग, त्रिवि; वेस्ट प्वाइन्ट, थानकोट; देश तिलक हाई स्कूल, बत्तीसपुतली; सेन्टेनियल मावि, जोरपाटी; रुपक अन्तर्राष्ट्रिय उच्च मावि, कुपन्डोल |
| २२. | गोविन्द पौडेल | आईए | एमाओवादी | अमर ज्योति प्रावि, भुसुन्डोले प्रावि, महेन्द्र मावि, किसानी मावि, भानु मावि, लोकदीप बोर्डिङ, म्याग्दी |
| २३. | गङ्गा पराजुली | एसएलसी | एमाओवादी | सेतीदेवी मावि, काभ्रे |
| २४. | चन्द्रप्रसाद गजुरेल | बीएस्सी | एमाओवादी | कमला उमावि, सिन्धुली |
| २५. | चन्द्रबहादुर गुरुङ | एमएड | एमाले | जनहित उच्च मावि, जन निर्मल निमावि, मुक्ति नमुना निमावि, मुस्ताङ |
| २६. | चन्द्रिकाप्रसाद यादव | एमए/अङ्ग्रेजी, बीएल | मजफो | ल्याबोरेटरी मावि, कीर्तिपुर; आनन्दकुटी मावि, स्वयम्भू |
| २७. | चित्रबहादुर केसी | बीए (राजनीतिशास्त्र) | राजमो | गल्कोट उच्च मावि, बागलुङ |
| २८. | जग्येबहादुर शाही | आईकम | नेमकिपा | कालिका मावि, दैलेख |
| २९. | जनककुमारी चालिसे | एमए समाजशास्त्र/मानवशास्त्र) | नेकपा(माले) | प्रेरणा महिला मावि, ललितपुर |
| ३०. | जोखबहादुर महरा | बीए (राजनीतिशास्त्र) | एमाओवादी | जनज्योति मावि, रोल्पा |
| ३१. | ऋक्कुप्रसाद सुवेदी | बीए | एमाओवादी | बालकल्याण उमावि रोल्पा |
| ३२. | ऋलनाथ खनाल | बीए (राजनीतिशास्त्र र इतिहास) | एमाले | गल्कोट उच्च मावि, बागलुङ |
| ३३. | टेकबहादुर बस्नेत | बीकम | एमाओवादी | जनकल्याण मावि, सल्यान |
| ३४. | डम्बरध्वज तुम्वाहाम्फे | आईएड | एमाले | चाँगा प्रावि, नाल्बू प्रावि, ताप्लेजुङ |
| ३५. | डोलबहादुर कार्की | बीए(राजनीतिशास्त्र, इतिहास, संस्कृति) | एमाले | हिमालय उमावि, स्याङ्जा |
| ३६. | तारानारायण श्रेष्ठ | आईएड | एमाओवादी | बाल निकेतन उमावि, बनेपा; माउन्ट भ्यू उमावि, धुलीखेल |
| ३७. | तिलक परियार | बीए (राजनीतिशास्त्र) | एमाओवादी | ने.रा.प्रा.वि. रोल्पा |
| ३८. | तेजबहादुर मिजार | आईएस्सी (कृषि) | एमाओवादी | ठूलो स्याब्रु प्रावि, काभ्रे |
| ३९. | थममाया थापा मगर | आईएल | एमाले | अमर मावि, प्रकाश मावि, म्याग्दी |
| ४०. | दलबहादुर सुनार | एसएलसी | एमाले | ईश्वरी मावि, भगवती मावि, बाँके |
| ४१. | दामाकुमारी शर्मा | बीएड | एमाओवादी | चौरजहारी उच्च मावि, रुकुम |
| ४२. | दीनानाथ शर्मा | बीए/बीएड | एमाओवादी | पृथ्वी प्रावि, विजुवा प्रावि, लक्ष्मीनारायण निमावि, अमर मावि, जनता मावि र त्रिभुवन मावि, बागलुङ |
| ४३. | दीपकबहादुर केसी | आईए | एमाओवादी | बालविद्या प्र. हाईस्कूल, प्युठान |
| ४४. | दुर्गा जयन्ती राई | एसएलसी | एमाओवादी | साकेला प्रावि, लालकन्या प्रावि, खोटाङ |
| ४५. | देवराज जोशी | बीएड | नेका | भानुदयो मावि, भवानी निमावि, बाजुरा |
| ४६. | देवीलाल चौधरी (थारू) | एसएलसी | एमाओवादी | बालमुक्ति प्रावि, कञ्चनपुर |
| ४७. | धर्मराज निरौला | एसएलसी | एमाले | जहडा निमावि र ज्योति प्रावि, उदयपुर |
| ४८. | धर्मराज विश्वकर्मा | बीए | एमाओवादी | बाँठपाली निमावि, बझाङ |
| ४९. | नगेन्द्रबहादुर धिमाल | आईए | एमाओवादी | शान्ति प्रावि, सुन्दरा निमावि, मोरङ |
| ५०. | नरहरि आचार्य | एमए (नेपाली) | नेका | नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| ५१. | नवराज कोइराला | बीए (स्वास्थ्य) | नेमकिपा | सरस्वती प्रावि, शिवालय मावि, कालीकोट |
| ५२. | नवराज धामी | एसएलसी | एमाओवादी | गुरुनेरा प्रावि, मेरा प्रावि, मुगु |
| ५३. | नवोदिता चौधरी | एमएससी (वातावरण) | राप्रपा | डेल्ली पब्लिक स्कूल, धरान |
| ५४. | नारायणकाजी श्रेष्ठ | एमए (सामान्य प्रशासन), बीए(अर्थशास्त्र) | एमाओवादी | सिद्धार्थ वनस्थली इन्स्टिच्युट, काठमाडौं |
| ५५. | नारायणप्रसाद अधिकारी | आईए | एमाओवादी | कामाक्षी प्रावि, नेरा प्रावि, सुन्नानी आधार मावि, भीमसेन निमावि, प्युठान |

| | | | | |
|---|---|---|---|---|
| ५६. | नारायणप्रसाद शर्मा पौडेल | एमए (नेपाली) | एमाओवादी | सिद्धरत्न थान मावि, जनकल्याण मावि दाङ; शीतल मावि, रुकुम; वीरेन्द्र हिमालय मावि, जाजरकोट |
| ५७. | नारायणमान बिजुक्छे | बीए | नेमकिपा | पद्म हाईस्कूल, भक्तपुर |
| ५८. | नीरकुमारी कुँवर | एसएलसी | एमाओवादी | गौरीशङ्कर निमावि, सिन्धुली |
| ५९. | नेत्रप्रसाद पन्थी | आईएस्सी | एमाले | महेन्द्र विद्याबोध उच्च मावि, जन जागृति मावि, अर्घाखाँची; ठुटी पिपल मावि, रुपन्देही |
| ६०. | पद्मलाल विश्वकर्मा | एमए/एमएड (नेपाली र अङ्ग्रेजी) | एमाओवादी | होक्से निमावि, झापा; गण्डकी बो.स्कूल, कास्की; बुटवल ब.क्या. बुटवल; महेन्द्र रत्न ब.क्या. इलाम; कीर्तिपुर ब.क्या. त्रिवि, कीर्तिपुर |
| ६१. | परशुराम रस्तेल | एमबीए | एमाओवादी | शिवपुरी महादेव प्रावि, नुवाकोट |
| ६२. | पुरनसिंह दयाल | आईए | एमाले | मणिलेक उमावि, शिवस्थली निमावि, बैतडी |
| ६३. | पुष्पकमल दाहाल | बीएस्सी (कृषि) | एमाओवादी | भीमोदय उच्च मावि, आरुघाट, गोरखा |
| ६४. | पुष्पविक्रम मल्ल | एमए/एमएड/बीएल | एमाओवादी | अचने उच्च मावि, धादिङ |
| ६५. | पुष्पा भुसाल (गौतम) | एमए/बीएल | नेका | आरआर क्याम्पस, काठमाडौं |
| ६६. | पूर्णप्रसाद राई | एसएलसी | एमाओवादी | पाथीभरा प्रावि, शान्ति प्रावि, शोभा प्रावि, संखुवासभा |
| ६७. | पृथ्वीसुब्बा गुरुङ | बीएस्सी (भौतिकशास्त्र) | एमाले | बुद्धोदय उमावि, लमजुङ |
| ६८. | प्रकाशचन्द्र लोहनी | पीएचडी (अर्थशास्त्र) | राजपा | क्यालिफोर्निया स्टेट युनिभर्सिटी, नर्थरिच, अमेरिका; आमन्त्रित प्राध्यापक, त्रिवि |
| ६९. | प्रकाशमान सिंह | एमएस्सी (तथ्याङ्कशास्त्र) | नेका | त्रिचन्द्र कलेज, काठमाडौं |
| ७०. | प्रदीपकुमार ज्ञवाली | स्व-अध्ययन | एमाले | जनबोध निमावि, गुल्मी |
| ७१. | बबिना मोक्तान(लावती) | बीए | राप्रपा नेपाल | कङ्गारु किड्स स्कूल, काठमाडौं |
| ७२. | वर्षमान पुन मगर | बीएल | एमाओवादी | बालउदय उमावि, नेपाल उमावि, रोल्पा |
| ७३. | विष्णुमाया विक | बीएड | एमाले | लोटस बोर्डिङ स्कूल, तनहुँ अन्नपूर्ण बोर्डिङ स्कूल, तेह्रथुम |
| ७४. | भरतकुमारी रेग्मी | एसएलसी | एमाओवादी | जनता प्रावि, नेपाल राष्ट्रिय प्रावि, कालिका प्रावि, महेन्द्र मावि, दैलेख |
| ७५. | भानुभक्त जोशी | बीएड | एमाले | शान्ति उमावि, सत्यवादी मावि, देवस्थली प्रावि, बझाङ |
| ७६. | भीमप्रसाद गौतम | प्रमाणपत्र तह | एमाओवादी | पवित्रा मावि, तनहुँ |
| ७७. | भीमराज चौधरी राजवंशी | बीए | मजफो-लो | जनप्रिय मावि, मोरङ |
| ७८. | महन्थ ठाकुर | एमए/बीएल | तमलोपा | रामसागर रामस्वरुप वहुमुखी क्याम्पस, धनुषा; सर्लाही क्याम्पस, सर्लाही |
| ७९. | महालक्ष्मी उपाध्याय(डिना) | एमए | नेका | साइनिङ स्टार सेकेन्डरी स्कूल, मकवानपुर |
| ८०. | महेश चौधरी | एमए | एमाले | भूगोल केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| ८१. | मायाप्रसाद शर्मा | आईए | एमाओवादी | भैरव प्रावि, भगवती प्रावि, ने.रा.प्रा.विद्यालय, शिव शंकर मावि, जाजरकोट |
| ८२. | मीना पाण्डे | बीए | नेका | कुशेश्वर प्रावि, रामेछाप; मार्टियर्स स्कूल, इन्द्रधनुष प्रावि, काठमाडौं |
| ८३. | मङ्गलसिद्धि मानन्धर | पीएचडी (भूगोल) | एमाले | भूगोल केन्द्रीय विभाग, त्रिवि |
| ८४. | यशोदा गुरुङ (सुवेदी) | बीएड | एमाओवादी | सरस्वती प्रावि, भुम्दे प्रावि, मनाङ |
| ८५. | युवराज कार्की | बीए | एमाओवादी | जनता मावि, डोरामरी निमावि, स्कूल चउन मावि, झापा |
| ८६. | रणध्वज लिम्बू (कन्दङ्वा) | बीएड | एमाले | हिलबर्ड सेकेन्डरी इ. बोर्डिङ स्कूल, चितवन |
| ८७. | रत्न गुरुङ | बीए | एमाले | जीवनज्योति निमावि, नारायणगोपाल चोक |
| ८८. | रत्न शेरचन | एमए (इतिहास) | नेका | महेन्द्र बहुमुखी क्याम्पस, बागलुङ |
| ८९. | रमा गुरागाईं | बीए | नेका | चिल्ड्रेन्स मोडेल, काठमाडौं |
| ९०. | रमेश लेखक | एमए/बीएल | नेका | सिद्धनाथ वहुमुखी क्याम्पस, महेन्द्रनगर |
| ९१. | रश्मिराज नेपाली | आईए | राजमो | लालमटिया उमावि, दाङ |

| | | | | |
|---|---|---|---|---|
| ९२. | राजकुमार राई | एमए/बीएल | एमाले | सिद्धार्थ वनस्थली इन्स्टिच्युट, हिमालय विद्यापीठ, काठमाडौं, शान्ति आदर्श मावि, दोलखा, भारती मावि, ठाकुरदेवी उमावि, धनकुटा |
| ९३. | राजबहादुर बुढाक्षेत्री | एमएस्सी, बीएड | एमाले | नारायण क्याम्पस, दैलेख |
| ९४. | राधादेवी तिमिल्सिना | एसएलसी | नेकपा(एकीकृत) | प्रेरणा महिला मावि, लपु |
| ९५. | राधा ज्ञवाली | एमए (राजनीतिशास्त्र) | एमाले | एभरेस्ट बोर्डिङ स्कूल, बुटवल |
| ९६. | रामचन्द्र प्यासी कुशवाह | बीए | एमाले | सरस्वतीनेरा प्रावि, ठाकुरराम ब. क्या., हरि खेतान ब. क्या., वीरगञ्ज |
| ९७. | रामप्रित पासवान | आईए | एमाले | शारदा निमावि, अम्बर जनता मावि, मावि लक्ष्मीपुर, आदर्श जनता प्रावि, प्रावि नाङराङ्गे, धाब्रे प्रावि, उदयपुर; माध्यमिक विद्यालय, राष्ट्रिय प्रावि, सप्तरी |
| ९८. | रामबहादुर थापा मगर | आईएस्सी (कृषि) | एमाओवादी | शारदा मावि, काभ्रे |
| ९९. | रामबहादुर बोहोरा | एसएलसी | एमाओवादी | पृथ्वीनारायण प्रावि, डोल्पा |
| १००. | डा.रामशरण महत | पीएचडी (अर्थशास्त्र) | नेका | वीरभक्ति हाईस्कूल, लमजुङ अर्थशास्त्र केन्द्रीय विभाग, त्रिवि |
| १०१. | रामसहाय प्रसाद यादव | बीएस्सी, बीएड | मजफो | पन्नादेवी कन्या मावि, बारा |
| १०२. | रामानन्द मण्डल | बीकम | मजफो-लो | शिवशक्ति मावि, मोरङ |
| १०३. | लक्ष्मण मेहता | एमए, एमकम, डिप्लोमा इन् एजुकेशन | मजफो-लो | पशुपति मावि, लक्ष्मण ललिता उस्वाहा मावि, जे.एस.मुरारका ब.क्याम्पस, सिरहा |
| १०४. | लक्ष्मी गुरुङ | एसएलसी | एमाओवादी | भीमेश्वरी प्रावि, काल्थेम मावि, रामेछाप |
| १०५. | डा.लक्ष्मीलाल चौधरी | पीएचडी | नेपाल लोकतान्त्रिक समाजवादी दल | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, सप्तरी |
| १०६. | लीलाकुमारी बगाले (सोमई) | एसएलसी | एमाओवादी | ज्ञानमाला प्रावि, नारायण मावि, पाल्पा |
| १०७. | डा. विजयकुमार पौडेल | पीएचडी (अर्थशास्त्र) | एमाले | सिद्धार्थ बहुमुखी क्याम्पस, कपिलवस्तु |
| १०८. | विश्वदीप लिङ्देन | प्रमाणपत्र तह | एमाओवादी | चन्द्र सूर्य प्रावि, इलाम |
| १०९. | प्रा. विश्वनाथप्रसाद अग्रवाल | पीएचडी (बायो केमेस्ट्री) | नेपाली जनता दल | रसायनशास्त्र केन्द्रीय विभाग, त्रिवि |
| ११०. | डा. शशाङ्क कोइराला | प्राध्यापक | नेका | त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज |
| १११. | शान्तिमाया तामाङ(पाखिन) | बीएड | एमाले | ठूलो पातल निमावि, हनुमन्तेश्वर उच्च मावि, दोलखा |
| ११२. | शारदादेवी कुमाल | एमए (अर्थशास्त्र) | एमाले | नयाँ किरण मावि, चितवन |
| ११३. | शिवचन्द्र मिश्र | एमए (दर्शनशास्त्र) | नेका | ववनगामकट्टी हाईस्कूल, सप्तरी; रामसागर रामस्वरुप ब.क्याम्पस, धनुषा; त्रिचन्द्र कलेज, काठमाडौं |
| ११४. | सुष्मा शर्मा (घिमिरे) | एमए (साहित्य) | एमाओवादी | लिटिल एन्जेल्स, ललितपुर |
| ११५. | शेरबहादुर पहरी | एसएलसी | एमाओवादी | शाखाटार प्रावि, मकवानपुर |
| ११६. | शङ्करबहादुर खड्का | बीएड | एमाओवादी | भैरव मावि, गर्जेपानी मावि, बझाङ |
| ११७. | सञ्चपाल मादेन | एसएलसी | एमाओवादी | सिङ्घेश्वरी प्रावि, महेन्द्र प्रावि, पञ्चेश्वरी निमावि, किलिङ प्रावि, ताप्लेजुङ |
| ११८. | सत्य पहाडी | एसएलसी | एमाओवादी | जनप्रभा मावि, डोल्पा |
| ११९. | सत्यलाल मूल | एमए/बीएड | एमाओवादी | चण्डेश्वर निमावि, बोडे मावि, शारदा मावि, वासु मावि, वागेश्वरी मावि, आदर्श आजाद मावि, गणेश मावि, हिमालयन बोर्डिङ स्कूल, भक्तपुर; जुम्ला विस्तार क्याम्पस, जुम्ला |
| १२०. | सन्तोषकुमार बुढा मगर | आईए | एमाओवादी | वीरबलभद्र मावि, रोल्पा |
| १२१. | सरलाकुमारी यादव | बीएड | एमाले | बलम्बु मावि, काठमाडौं |
| १२२. | सरला रेग्मी | आईकम | एमाओवादी | भगवती प्रावि, बर्दिया |
| १२३. | सर्वदेवप्रसाद ओझा | स्नातकोत्तर (बाणिज्यशास्त्र) | मजफो-लो | वेलवा वज्जा निमावि, बर्दिया; कपिलवस्तु ब. क्याम्पस (हाल गौतम बुद्ध ब. क्याम्पस) महेन्द्र ब. क्याम्पस, दाङ |
| १२४. | सावित्रा भूसाल | एमएस्सी (गृहविज्ञान) | एमाले | ककलिङ हरिसिद्धि मावि, सिन्धुपाल्चोक; महेशधर्म मावि, धादिङ |

| | | | | |
|---|---|---|---|---|
| १२५. | सावित्रीकुमार काफ्ले | आईए | एमाओवादी | लक्ष्मी प्रावि, कालिका प्रावि, सरस्वती निमावि, भोजपुर |
| १२६. | सुनील प्रजापति | बीएल | नेमकिपा | फै ढोका प्रावि, समाज सुधार मावि, भक्तपुर |
| १२७. | सुनिताकुमारी महतो | बीएड | एमाओवादी | श्री प्रावि, हिमालय प्रावि, सिरहा |
| १२८. | सुप्रभा घिमिरे | एमए (अङ्ग्रेजी) | नेका | पद्मकन्या क्याम्पस, काठमाडौँ; पाटन संयुक्त क्याम्पस, ललितपुर; ठाकुरराम ब. क्याम्पस, वीरगञ्ज; अङ्ग्रेजी केन्द्रीय विभाग, त्रिवि |
| १२९. | सुरेश आलेमगर | एमए, बीएड | एमाओवादी | रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौँ |
| १३०. | सुरेन्द्र पाण्डे | एमए (समाजशास्त्र/मानवशास्त्र) | एमाले | पीपल भञ्ज्याङ मावि, धादिङ |
| १३१. | सुवासचन्द्र नेम्वाङ | बीए/बीएल | एमाले | नेपाल ल क्याम्पस, काठमाडौँ |
| १३२. | हर्कबहादुर सिंह | एमए (राजनीतिशास्त्र) | एमाले | डोटी ब. क्याम्पस, डोटी |
| १३३. | हरिलाल थापा मगर | एसएलसी | एमाओवादी | सरस्वती प्रावि, लालपुर निमावि, स्यालचौँडी मावि, दुर्गा उमावि, डडेल्धुरा |
| १३४. | हितमान शाक्य | एमए (अर्थशास्त्र) | एमाओवादी | किर्टिनी मावि, बागलुङ |
| १३५. | हिसिला यमी | एमई | एमाओवादी | इञ्जिनियरिङ कलेज, पुल्चोक |
| १३६. | हीरा गुरुङ | प्रमाणपत्र तह | नेका | राधाकृष्ण मावि, खोटाङ; पाटनढोका मावि, ललितपुर; सरस्वती मावि, मोरङ; रत्न राज्य उमावि, काठमाडौँ |
| १३७. | भिक्षु श्रामणेर आनन्द | बौद्ध दर्शन | एमाओवादी | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर |
| १३८. | श्रीराम ढकाल | बीएस्सी (कृषि) | एमाओवादी | सरस्वती उमावि, चन्द्रावती उमावि, विद्या निकुञ्ज उमावि, तनहुँ |
| १३९. | जगदीश्वर नरसिंह केसी | एमए | नेका | कौकेश्वरी मावि, नुवाकोट |
| १४०. | सीताकुमारी पौडेल | आईए | एमाले | राष्ट्रिय प्राथमिक विद्यालय, चितवन |
| १४१. | हरिराज लिम्बू | बीए | माओवादी | जनकल्याण प्रावि, धनकुटा |
| १४२. | सन्तबहादुर नेपाली | एमए (समाजशास्त्र/मानवशास्त्र) | राजमो | चन्द्रप्रभा मावि, अर्घाखाँची |

(सभासदहरूको योग्यतासम्बन्धी विवरण संविधानसभा सचिवालयद्वारा प्रकाशित *संविधानसभा सदस्य, २०६५* बाट लिइएको छ ।)



# प्रकाशित भयो ! प्रकाशित भयो !!

## Taleju ENGLISH PRACTICE BOOK

By : Surya Prasad Ghimire




सरकारी तथा निजी विद्यालयका लागि

**Most demanded by students**

अब ढुक्क हुनुहोस् !

कक्षा ८, ९ र १० (S.L.C) का लागि
अति उपयोगी कक्षागत पुस्तक

Based on New Syllabus 2065
Classwise Separate Book
Task Based Approach
Detailed Exercises on Reading & Writing

**प्रमुख पुस्तक पसलहरूमा उपलब्ध छ ।**

For Class VIII, IX, & X Classwise Book

**तलेजु प्रकाशन**

काठमाडौं, फोन ४२५२९६६, ४२२९२६८



---


तपाई जहाँ हुनुहुन्छ त्यहीँ
तपाई जहाँ पुग्नुहुन्छ त्यहीँ
अर्थात

देशैभरि

# उज्यालो 90 नेटवर्क

तपाई ढुक्कले
व्यवसाय गर्नुहोस्



देशभरिका १० वटा एफएम
स्टेशनहरूबाट एकसाथ प्रवर्द्धन गर्न
हामी साथमा छौं ।

- Broadcast System
- Partner Radio Stations
- National Coverage

विहानदेखि रातीसम्म

९, १२, ३, ६ र १०:४५ बजे नेपाल खबर ● ८ बजे नेपाल दर्पण

**सीधा कुरा, प्रष्ट विचार**

थप जानकारीका लागि
विज्ञापन शाखा
०१ ५५५१७१६ Ex.२०४

**Communication Corner Pvt. Ltd.**
Kupondole, Lalitpur, Tel: 5546277
Fax: 977-1-5549357, E-mail: info@unn.com.np, URL : www.unn.com.np

**Ujyaalo 90 Network**
Sanepa, Lalitpur, Tel: 5551716

**रिपोर्ट** शिक्षकको पक्षमा आदेश

एकल सिलवाल

# पाउलान् त अस्थायीले स्थायीसरहको सुविधा ?

**अस्थायी शिक्षकले सञ्चयकोष, पेन्सन, औषधिउपचार खर्चलगायतका सुविधा पाउने सम्बन्धमा हालको शिक्षा ऐन र नियमावली मौन छ । तर अदालतले सेवारत अस्थायी र अवकाश लिइसकेका अस्थायी शिक्षकहरूलाई समेत आवश्यक कानुनी व्यवस्था गरेर स्थायीसरहको सुविधा दिन आदेश दिएको छ ।**



सार्वजनिक स्कूलका २८ हजार अस्थायी शिक्षकको ठाउँमा खुला विज्ञापनबाट स्थायी नियुक्ति गर्न र अस्थायी सेवा गरेका शिक्षकहरूलाई स्थायीले पाउनेसरहको सुविधा दिन सर्वोच्च अदालतले २४ माघ २०६६ मा गरेका दुई परमादेश सरकारले अझै कार्यान्वयन गर्न बाँकी छन् ।

न्यायाधीशहरू बलराम केसी र प्रेम शर्माको संयुक्त इजलासले जारी गरेको उक्त परमादेशमा हरेक वर्ष सेवा आयोगको परीक्षा लिई खुला प्रतियोगिताबाट शिक्षक नियुक्त गर्नुपर्ने शिक्षा ऐन २०२८ को दफा ११ (च) अन्तर्गत उपदफा (१) को खण्ड (घ) को व्यवस्था उल्लङ्घन भएकाले त्यसलाई कार्यान्वयन गर्न सरकारलाई आदेश दिइएको छ । शिक्षा ऐनमा यो बुँदा १४ पुस २०६३ मा भएको संशोधनबाट थप गरिएको थियो ।

सर्वोच्चको आदेश कार्यान्वयन गर्न शिक्षा मन्त्रालय र शिक्षक सेवा आयोगले खाली दरबन्दीमा अबदेखि हरेक वर्ष खुला प्रतियोगिताबाट स्थायी शिक्षक भर्ना गर्नुपर्छ भने अस्थायी दरबन्दीमा रहेका शिक्षकहरूलाई खुल्ला प्रतियोगितामा सफल वा असफल जे भए पनि स्थायी शिक्षकसरहको सुविधा दिनुपर्ने देखिन्छ । रिटमा नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ को उपधारा (४) बमोजिम समान कामको पारिश्रमिकमा भेदभाव नगरिने मौलिक हक र धारा १६५ को उपधारा (१) को खण्ड (ङ) ले पारिश्रमिकभित्र निवृत्तिभरण (पेन्सन) समेत पर्ने गरी गरेको व्यवस्थाअनुसार स्थायी र अस्थायी शिक्षकले समान काम गर्ने हुँदा उनीहरूलाई स्थायीले पाउने सबै सुविधाहरू सरकारले दिनुपर्ने गरी परमादेश मागिएको थियो । त्यसउपर भएको निर्णयमा अदालतले २० वर्ष सेवा गरेका अस्थायी शिक्षकले पारिश्रमिकसँग जोडिएर आउने पेन्सन, सञ्चयकोष, औषधिउपचार खर्चलगायतका सुविधाहरू पाउनुपर्ने रिट निवेदकहरूको मागलाई जायज ठह्याएको छ । आदेशअनुसार पेन्सन पाउने अवधि नपुगेकालाई नियमानुसार स्थायीले पाउने जति उपदान, ग्रेड, बीमा, औषधि उपचारखर्चलगायतका सुविधाहरू दिनुपर्छ ।

शिक्षा विभागको पछिल्लो तथ्याङ्कअनुसार प्राथमिक तहमा ८० हजार १ सय ७६, निम्नमाध्यमिक तहमा १६ हजार २ सय ४ र माध्यमिक तहमा १२ हजार ७ सय १८ गरी देशभरका सामुदायिक स्कूलमा कुल १ लाख ८ हजार ९८ स्वीकृत दरबन्दी छन् । तीमध्ये ८० हजार दरबन्दीमा स्थायी शिक्षक छन् । बाँकी २८ हजार अस्थायी शिक्षक छन् ।

सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्नका निम्ति शिक्षा नियमावलीमा संशोधन जरुरी रहेको शिक्षक सेवा आयोगका सहसचिव अशोककुमार अर्याल बताउँछन् । उनको कथन छ, "आयोग आफ्नो काम पूरा गर्न तयार छ । तर, सबै काम हामीले आफैं गर्ने होइन, ऐन र कानुन संशोधन नभई सर्वोच्चको फैसला कार्यान्वयन गर्न मिल्दैन ।" उनले आयोगको नियमावली संशोधन नभएसम्म स्थायीका निम्ति विज्ञापन खोल्न नसकिने पनि बताए ।

शिक्षा नियमावलीले पाँच वर्ष भन्दा बढी काम गरेका अस्थायी शिक्षकले मात्र उपदान सुविधा पाउने व्यवस्था गरेको छ, जसअनुसार ५ देखि १० वर्ष सेवा गरेका अस्थायी शिक्षकले वर्षको आधा महिनाको दरले, १० देखि १५ वर्ष सेवा गरेकाले वर्षको एक महिनाको दरले र १५ देखि १८ वर्ष सेवा गरेका अस्थायी शिक्षकले वर्षको डेढ महिनाको दरले उपदान पाउँछन् । यसबाहेक अस्थायी शिक्षकले सञ्चयकोष, पेन्सन, औषधिउपचार खर्चलगायतका सुविधा पाउने सम्बन्धमा हालको शिक्षा ऐन र नियमावली मौन छ । तर अदालतले सेवारत अस्थायी र अवकाश लिइसकेका अस्थायी शिक्षकहरूलाई समेत आवश्यक कानुनी व्यवस्था गरेर स्थायीसरहको सुविधा दिन आदेश दिएको छ । अदालतको परमादेशपछि आउँदो खुला परीक्षामा सफल भएर स्थायी हुने अस्थायी शिक्षकले शुरुदेखिको सेवा अवधि गणना गरी स्थायीले पाउनेसरहको सुविधा लिन पाउने देखिएको छ । अदालतको आदेश कार्यान्वयन गर्नका निम्ति शिक्षा नियमावलीसँगै ऐनमा पनि संशोधन आवश्यक पर्छ ।

शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालको संयोजकत्वमा गठित समितिले शिक्षा ऐन र नियमावली संशोधनको मस्यौदा तयार पनि पारिसकेको बुझिएको छ। उक्त मस्यौदा अनुसार ऐन-नियममा संशोधन भएपछि अस्थायी शिक्षकका समस्या स्थायी रूपमा समाधान हुने सरकारी अधिकारीहरूको दाबी छ। तर अरूहरूको भनाइमा सरकारले प्रस्ताव गरेको ऐन र नियमावलीको प्रावधानका भरमा सर्वोच्चको फैसला कार्यान्वयन हुन कठिन छ।

शिक्षक सेवा आयोग नियमावलीको प्रस्तावित संशोधन मस्यौदामा स्थायी शिक्षक नियुक्तिका लागि खुला र आन्तरिक दुई गरी थरी प्रतियोगिताको व्यवस्था गरिएको छ। जसअन्तर्गत २०६१/०६२ को आन्तरिक प्रतियोगितामा वैकल्पिक उम्मेदवारका रूपमा उत्तीर्ण अस्थायी शिक्षकलाई स्थायी गरिने भनिएको छ। यो सङ्ख्या ११ सय जति रहेको अनुमान छ। बाँकी अस्थायी शिक्षकमध्ये २०६१/०६२ को आन्तरिक परीक्षामा अनुत्तीर्ण १२ हजार ८६ को बढीमा ६० प्रतिशत अर्थात् ७ हजार २५७ जनालाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी नियुक्ति दिने प्रस्ताव गरिएको छ। यसरी स्थायी हुने शिक्षकको अस्थायी कालको सेवा अवधि गणना हुने छैन। प्रतियोगितामा असफल हुने अस्थायी शिक्षकलाई चाहिँ स्थायीसरह उपदान दिएर बिदा गर्ने प्रस्ताव शिक्षा ऐनको संशोधनमा प्रस्ताव गरिएको छ। तर, त्यसमा पेन्सन, सञ्चयकोष जस्ता सुविधाहरू पर्दैनन्।

आयोगका अध्यक्ष उदयराज सोती सर्वोच्च अदालतको आदेश अघि नै सरकारले मस्यौदा गरेको ऐन-नियमावलीको प्रावधानअनुसार चालू आर्थिक वर्षभित्रै रिक्त दरबन्दीमा स्थायी शिक्षक नियुक्तिका लागि विज्ञापन खोल्ने तयारीमा आफूहरू रहेको बताउँछन्। राजनीतिक अस्थिरता, संसद्मा उत्पन्न दलीय द्वन्द्व र शिक्षामन्त्री फेरिइरहने रोगले गर्दा प्रस्तावित ऐन र नियमावलीको मस्यौदा पारित हुन गाह्रो भइरहेको छ। भइहालेमा पनि प्रस्तावित मस्यौदा सर्वोच्चको आदेशअनुकूल नरहेकाले त्यसलाई लागू गर्दा अदालतको मानहानि हुने रिट निवेदकका तर्फबाट बहस गरेका कानुन व्यवसायी कोषराज काफ्ले बताउँछन्।

तर, शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल सर्वोच्चको आदेश कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्छन्। "अदालतले आदेश दिएपछि सकियो, कानुनी राज्यमा यसलाई सरकारले चुनौती दिने कुरै आउँदैन तर परमादेशमा के छ त्यो हेर्न पाएको छैन" उनले *शिक्षक* प्रतिनिधिसँग भने। तीन महिनाअघि दिएको परमादेशको पूर्णपाठ शिक्षा मन्त्रालयले अझै प्राप्त नगरेको नेपालको भनाइ छ। अधिवक्ता काफ्ले भने सरकारका तर्फबाट महान्यायाधिवक्ताले इजलासमै परमादेश सुनिसकेकाले कुनै पनि वहानामा त्यसको कार्यान्वयन गर्नबाट सरकार उम्कन नसक्ने दाबी गर्छन्।

चितवन र बाजुराका तीन अस्थायी शिक्षकहरू हीरामणि चापागाइँ, टीकाबहादुर घर्ती र काशीनाथ पाण्डेले प्रत्येक वर्ष खुला विज्ञापन गरी स्वीकृत दरबन्दीमा शिक्षकको पदपूर्ति गर्नुपर्ने माग गर्दै १० चैत २०६५ मा सर्वोच्चमा रिट दायर गरेका थिए। तीन दशकदेखि अस्थायी शिक्षक रहेका कैलाश मावि गोत्री बाजुराका शिक्षक टीकाबहादुर घर्ती र अस्थायी सेवामै २५ वर्ष बिताएका सरस्वती मावि ढाडाकोट बाजुराका काशीनाथ पाण्डेले दोस्रो रिट पनि त्यसै दिन दायर गरेका थिए। रिटमा 'सरकारले प्रत्येक वर्ष शिक्षकको स्थायी पदपूर्ति गर्नुपर्नेतर्फ विचार नपुऱ्याउँदा कार्यरत अस्थायी शिक्षकहरू स्थायी हुनबाट विमुख भई कतिपयले स्वतः अवकाश पाएको' उल्लेख गरिएको थियो। रिट हाल्नेमध्येका घर्ती ३० वर्षअघि देवडाँडा निमावि कुरु बाजुरामा निमावि तहको अस्थायी शिक्षकमा नियुक्त भएका थिए भने तेस्रो निवेदक चापागाइँ १२ वर्षदेखि विभिन्न विद्यालय हुँदै हाल नारायणी उच्च मावि भरतपुरमा निमावि तहको अस्थायी दरबन्दीमा छन्।

शिक्षक सेवा आयोग र शिक्षा मन्त्रालयलाई विपक्षी बनाइएका दुवै रिट खारेज गर्न सरकारी पक्षले माग गरे पनि अन्ततः निवेदकहरूकै पक्षमा परमादेश जारी भयो। सर्वोच्चमा परेको रिटको जवाफ दिँदै शिक्षा मन्त्रालयका सचिव दीपेन्द्रविक्रम थापाले १३ जेठ २०६६ मा रिक्त शिक्षक पदपूर्तिका लागि विज्ञापन खोल्ने काम आयोगको क्षेत्राधिकारभित्र पर्ने भएकाले समयमा विज्ञापन नभएको विषयमा मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने कारण नरहेको दाबी गरेका थिए। जवाफमा शिक्षा ऐनको २०६३ मा भएको संशोधन मुताविक शिक्षा नियमावलीमा संशोधन हुन बाँकी रहेकाले संशोधित नियमावली राजपत्रमा प्रकाशित भएपछि ऐन कार्यान्वयनमा आउने हुँदा रिट खारेज गर्न माग गरिएको थियो।

आयोगका तर्फबाट प्रशासकीय प्रमुख अशोककुमार अर्यालले १३ वैशाख २०६६ मा अदालतलाई दिएको जवाफमा पनि ऐनमा भएको संशोधनअनुरुप नियमावली बनेर आएपछि मात्र पदपूर्तिका लागि विज्ञापन गर्न सकिने भन्दै नियमावली संशोधन नै नभएको अवस्थामा आयोगलाई विपक्षी बनाई दिएको रिट खारेज हुनुपर्ने जिकिर थियो। तर सरकारी पक्षका दुवै निकायबाट आएका उस्तै जवाफलाई 'फुलाउने निहुँ बनाएको' भन्दै अदालतले अस्वीकार गऱ्यो। शिक्षा मन्त्रालयका तर्फबाट प्रतिरक्षा गर्न गएका सरकारी वकिललाई बहस गर्ने अवसरबाट समेत बञ्चित गरिएको थियो।

## परमादेशको प्रभाव

सर्वोच्चको फैसलाबाट अस्थायी शिक्षकहरूलाई दुई किसिमले राहत मिल्ने देखिन्छ- पहिलो, आयोगले खोल्ने खुला प्रतियोगितामा सामेल भई योग्यता देखाएर स्थायी बन्ने अवसर र दोस्रो, प्रतियोगितामा असफल भएमा सेवा अवधिका आधारमा स्थायीले पाउनेसरहका सुविधाहरूको प्राप्ति। प्रत्येक वर्ष विज्ञापन नखोल्ने सरकारी रवैयाले अस्थायी मात्र नभई राहत, निजी स्रोत वा लियन पदमा काम गर्दै आएका सक्षम शिक्षकहरूले समेत स्वस्थ प्रतिस्पर्धा गरेर स्थायी बन्ने अवसर पाएका छैनन्। रिट हाल्ने शिक्षकहरू आन्दोलन गरेर स्थायी हुने उपायको भने कट्टर विरोधी छन्। शिक्षक हीरामणि चापागाईं भन्छन्, "विज्ञापन नखुल्दा अनुभवी शिक्षकहरू मात्र होइन, शिक्षाशास्त्र पढेका योग्य जनशक्ति शिक्षण पेशामा प्रवेशै गर्न पाएका छैनन्।"

सरकारले न्यायालयको आदेश कार्यान्वयन गर्नुको विकल्प छैन भन्छन् रिट निवेदकका तर्फबाट बहस गरेका अधिवक्ता कोषराज काफ्ले। सरकारले कानुनभन्दा पनि शिक्षक संघ/सङ्गठनहरूसँगका सहमति र सम्झौता कार्यान्वयन गर्दै कानुनी राज समाप्त पार्न लागेकाले योग्य शिक्षकहरू मर्कामा परेको उनले बताए। "विगतमा आयोगले जाँच लिँदा फेल भएकाहरू अस्थायी शिक्षकका नाममा पढाइरहेका छन् तर योग्य व्यक्तिलाई ढोका बन्द छ। यसरी अयोग्यले जागिर खाइरहने, योग्यले सास्ती पाइरहने हो भने परीक्षाको के अर्थ?" उनको प्रश्न थियो।

आवरण

बाबुराम विश्वकर्मा

# निजी र सरकारी स्कूल
# आपसमा सिक्न सकिने

बालबालिकालाई शिक्षा दिने जिम्मेवारी राज्यको मात्रै कि अभिभावकको पनि हो ? देशमा निजी लगानीका स्कूल हुनु हुन्छ कि हुँदैन ? स्कूलहरूले पढाइ शुल्क उठाउन हुने कि नहुने ? कतिसम्मको शुल्क जायज, कतिभन्दा बढी नाजायज ? नेपालको स्कूल-शिक्षासँग गाँसिएका यस्ता सवालहरू हिजोदेखि नै उठ्दै आएका हुन् र भोलि पनि यस्तो बहस भई नै रहला । तर, सार्वजनिक अर्थात् सरकारी र संस्थागत अर्थात् 'बोर्डिङ' भनिने निजी स्कूल पद्धति नेपालको शैक्षिक क्षेत्रको एउटा यथार्थका रूपमा स्थापित छ । यो ठोस वास्तविकतालाई अनदेखा गरी सैद्धान्तिक विवादमा रमाउनु एउटा कुरा हो भने यसलाई आत्मसात् गरी विद्यमान समस्या, विसङ्गति र चुनौतीहरूको निराकरणका उपाय पहिल्याउनेतिर लाग्नु व्यावहारिक र समयोचित कार्य हुन्छ ।

**सरकारीबाट निजीले सिक्ने**

- शिक्षकको पेशागत सुरक्षा र तलब सुविधा ।

**निजीबाट सरकारीले सिक्ने**

- शिक्षकको परिश्रम, लगनशीलता र जिम्मेवारीबोध ।

हाम्रा सरकारी र निजी विद्यालयहरूबीच के-कस्ता समानता तथा भिन्नता छन् ? एकले अर्काबाट सिक्न सक्ने कुराहरू छन् कि छैनन् ? छन् भने के-के हुन् ? त्यसबाट निजी र सरकारी स्कूललाई के कति लाभ हुन्छ? यी र यस्ता प्रश्नहरूमा घोत्लिने र सरकारी तथा निजी स्कूलका राम्रा अभ्यासहरू खोज्ने प्रयास आजसम्म हुनसकेको छैन । जबकि सार्वजनिक र निजी स्कूलमा भइरहेका पठनपाठन तथा शैक्षिक क्रियाकलापको सूक्ष्म अध्ययन तथा लेखाजोखा गरी निजी-सरकारी स्कूलले एकआपसका राम्रा अभ्यास र परिपाटी आदान-प्रदान गर्न थाल्ने हो भने नेपालको स्कूल सुधारको अभियानमा ठूलो योगदान पुग्ने विश्वास गर्न सकिन्छ ।

अहिलेसम्म एकथरीले निजी स्कूलको उछित्तो काढ्न तिनलाई गतिलो शिक्षा दिन खोलिएका स्कूल भन्दा नाफा कमाउनका निम्ति खोलिएका व्यापारिक संस्थाको रूपमा अर्थ्याउने गरेका छन् भने निजी स्कूललाई मात्रै स्तरीय शिक्षाको साधक/विकल्प ठान्नेहरूले सरकारी स्कूल भन्ने बित्तिकै नाक खुम्च्याउने गरेका छन् । निजी तथा सरकारी स्कूलसम्बन्धी जनमानसमा रहेका यस्तै गलत धारणा र मान्यताले गर्दा एउटै सिक्काका दुई पाटासरह हुँदाहुँदै पनि निजी तथा सरकारी स्कूलबीचको दूरी घट्नुको सट्टा अरू बढ्दै गएको छ । देशका प्रमुख राजनीतिक दल, तिनका शिक्षासम्बन्धी निकाय, शिक्षा अधिकारी, शिक्षक, छात्रछात्रा र अभिभावकहरूमा समेत सार्वजनिक र निजी स्कूलसम्बन्धी बुझाइमा व्यापक अस्पष्टता र विरोधाभास पाइन्छ । यसकै परिणाम हुनसक्छ- सरकारी तथा निजी स्कूलका राम्रा अभ्यास तथा अनुभव आदानप्रदान गर्ने तथा एकआपसबाट सिक्ने/सिकाउने काम अझै हुनसकेको छैन ।

सिक्न र आफ्नो विद्यालय सुधार गर्न खोज्नेहरूका निम्ति झापाको काँकडभिट्टास्थित कञ्चनजङ्घा निमावि एउटा प्रेरणास्पद स्थल बनेको छ । एउटा सार्वजनिक (सरकारी) स्कूल हुँदाहुँदै पनि यसले हासिल गरेको शैक्षिक र भौतिक प्रगति निजी (बोर्डिङ) स्कूलहरूका निम्ति समेत उत्तिकै प्रेरक र अनुकरणीय बनेको छ । यस विद्यालयका प्रअ घनश्याम पोखरेलका अनुसार, प्रत्येक वर्ष कात्तिकदेखि फागुनसम्म देशका विभिन्न ठाउँका स्कूलहरू उक्त निमाविको प्रगति/अभ्यास अवलोकन गर्न आउने गर्छन् ।





कञ्चनजङ्घा निमावि, काँकडभिट्टाका विद्यार्थी ।

# राम्रा अभ्यास

चेतन अधिकारी

कतिपय सार्वजनिक स्कूलहरूमा छात्रछात्राको अद्यावधिक व्यक्तिगत अभिलेख त के कक्षागत यकिन सङ्ख्या फेला पार्न पनि धौ-धौ पर्छ । अधिकांश निजी स्कूल पनि यो मामिलामा सार्वजनिकभन्दा अब्बल भेटिँदैनन् । तर, कञ्चनजङ्घा निमाविले आफ्ना छात्रछात्रा नियमित रूपमा स्कूल आए/नआएको रेकर्ड राख्ने गर्छ, १५/१५ दिनमा अभिभावकसँग तिनका छोराछोरीको शैक्षिक प्रगति/अवस्थाबारे छलफल गर्छ अनि हरेक छात्रछात्राको व्यक्तिगत अभिलेख राख्ने गर्छ । त्यहाँ स्कूलको मासिक आय-व्यय, छात्रछात्राको कक्षागत, विषयगत र तहगत सिकाइ उपलब्धिलगायतका सम्पूर्ण शैक्षिक तथ्याङ्कहरू कम्प्युटर प्रिन्ट गरेर सूचनापाटीमा टाँस्ने गरिएको छ । त्यस आधारमा यो स्कूलले वार्षिक औसत ६२ प्रतिशत सिकाइ उपलब्धि हासिल गर्ने गरेको देखिन्छ ।

कञ्चनजङ्घा निमाविको व्यवस्थापन समिति र शिक्षक समुदाय अति-राजनीतिको प्रभावबाट मुक्त देखिन्छन् । शिक्षकहरू नियमित रूपमा स्कूलमा हाजिर हुने, बिदा आवश्यक पर्दा दुई दिनअघि नै लिखित निवेदन दिने, एकपटकमा एक जनाभन्दा बढी शिक्षकले बिदा नलिने, नियमित रूपमा पाठयोजना बनाउने आदि नियमहरू पूर्ण रूपमा पालना गरिएको पाइन्छ ।

व्यवस्थापन समुदायमा हस्तान्तरण भएको कक्षा ६ सम्म पठनपाठन हुने उक्त स्कूलका कक्षा ३ का विद्यार्थी कम्प्युटरमा सिक्न पाउँछन् । ३/४ वर्ष उमेर समूहका साना नानीहरूका लागि टिभी, डीभीडी, अडियोभिज्युअल तथा उमेर र रुचि अनुसारका खेलौना र बस्ने/सुत्ने व्यवस्था छ । १५०० पुस्तक राखिएको पुस्तकालय, फूलबारी, खेलमैदान, विद्यार्थीले मासिक रूपमा निकाल्ने 'बिहानी' नामक भित्तेपत्रिका, छात्रछात्रा र शिक्षकका निम्ति स्कूल पोशाक तथा परिचयपत्र, शिक्षक, अभिभावक र विद्यार्थीका लागि आचारसंहित आदिको व्यवस्थाले सो स्कूललाई अरूभन्दा उम्दा र भिन्न बनाएको छ । झापा जिल्ला शिक्षा कार्यालयले २०६४ मा बनाएको उत्कृष्ट विद्यालयको सूचीमा नं. १ रहेको कञ्चनजङ्घा निमाविलाई शिक्षा विभागले देशभरिकै उत्कृष्ट सामुदायिक स्कूलको सूचीमा राखेको छ । स्कूललाई सफल पार्न शिक्षक, अभिभावक र व्यवस्थापन समितिका पदाधिकारीहरूको सामूहिक प्रयास रहेको प्रअ पोखरेल बताउँछन् । उनले भने, "यो स्कूल जिल्लाका राम्रा निजी स्कूलभन्दा अगाडि छ । निजी स्कूलहरूले हाम्रो अभ्यासबाट धेरै कुरा सिक्छन् र सिकी पनि रहेका छन् ।"

**सरकारीबाट निजीले सिक्ने**

- आमनागरिकको शिक्षाप्रतिको दायित्वबोध ।

**निजीबाट सरकारीले सिक्ने**

- राम्रो व्यवस्थापन र पठनपाठनको अनुकूल वातावरण ।

यस्तै, सुर्खेतको धुलियाबिटस्थित शिव उमावि आउँदो शैक्षिक सत्रबाट निजी स्कूलको जस्तै शैक्षिक वातावरण सृजना गर्ने तयारीमा जुटेको छ । व्यवस्थापन समितिका अध्यक्ष विनोद ढकाल भन्छन्, "निजी स्कूलकै जस्तो पोशाक, सरसफाई र कक्षा १ देखि नै अङ्ग्रेजी माध्यममा पठनपाठन सञ्चालन गर्ने निर्णय गरेका छौं; त्यसपछि हाम्रो स्कूल जिल्लाका निजी स्कूलभन्दा राम्रो हुनेछ ।" सुर्खेतको अगुवा सामुदायिक स्कूलमा पर्ने सो स्कूल भौतिक-शैक्षिक पूर्वाधारका हिसाबले थुप्रै निजी स्कूलभन्दा अगाडि छ । धेरै निजी तथा सरकारी स्कूलहरू टिनको छानामुनि बसेर पठनपाठन गर्न बाध्य

छन् भने शिव उमाविले पक्की भवन, पर्याप्त फर्निचर, कक्षाकोठा आदि पाएको छ। अभिभावकको शुल्कबाट चलेका धेरै निजी स्कूलमा विरलै अभ्यास हुने गरेको सामाजिक परीक्षण (सोसियल अडिट) को अभ्यास उक्त स्कूलले शुरुदेखि नै गर्दै आएको छ। अध्यक्ष ढकाल भन्छन्, "हाम्रो स्कूलबाट निजी स्कूलले सिक्न सक्ने यो एउटा राम्रो अभ्यास हो।"

सुर्खेत जिशिकाले सामुदायिक र संस्थागत विद्यालयबीच आपसमा सिक्ने/सिकाउने प्रक्रिया अघि बढाउनका निम्ति सहकार्य गर्ने निर्णय भर्खरै गरेको छ। जिशिअ भक्तबहादुर ढकालका अनुसार, निजी-सरकारी सहकार्यको अभियानमा निजी स्कूलका छात्रछात्रा र शिक्षकले सरकारी स्कूलमा भइरहेका अभ्यास नियाल्ने अनि सरकारी स्कूलले निजी स्कूलका गतिविधि नियाल्ने छन्। सरकारी शिक्षकका लागि गरिने शिक्षक तालिम, गोष्ठी, अन्तरक्रिया तथा छलफलमा निजी स्कूलका शिक्षकहरूलाई पनि सहभागी गराइने भएको छ। ढकाल थप्छन्, "व्यवस्थापकीय कुशलता, विद्यार्थीकेन्द्रित सिकाइ/व्यवहार, शिक्षक छनोट पद्धति, उत्तरदायी प्रअ आदि कुरा सरकारीले निजीबाट सिक्नु आवश्यक छ। त्यस्तै सरकारी पाठ्यपुस्तक/पाठ्यक्रममा हुने परिवर्तन, शिक्षासम्बन्धी सूचनामा सरकारी स्कूलहरू अपडेट भइरहने भएकाले निजीले यो कुरा सरकारीबाट सिक्न सक्छन्।"

निजी विद्यालयको तुलनामा सरकारी स्कूलहरू भौतिक पूर्वाधारमा सम्पन्न भए पनि तिनले जहिल्यै पनि भौतिक पूर्वाधार, स्रोत-साधन आदिको अभावका कारण स्तरीय पठनपाठन गर्न कठिन भएको दाबी गर्ने गरेका छन्। तर, धेरै निजी स्कूलले सीमित स्रोत-साधनका भरमा गतिलो पठनपाठन गराइरहेका छन्, जुन सरकारी स्कूलका निम्ति उपयोगी हुनसक्छ। राम्रो पढाइका लागि स्रोत-साधन नै सबथोक होइन भन्ने कुरा सरकारी स्कूलले निजीबाट सिक्न सक्ने देखिन्छ।

कतिपय सरकारी स्कूलले विभिन्न विषयमा गरेका राम्रा अभ्यासहरूबाट निजी स्कूलहरूले लाभ उठाएका दृष्टान्त पनि धेरै भेटिन्छन्। ललितपुरको प्रभात उमाविले अरू स्कूलका शिक्षक तथा छात्रछात्राहरूलाई समेत विज्ञानको व्यावहारिक अभ्यास देखाउनका निम्ति हरेक वर्ष विज्ञान प्रदर्शनीको आयोजना गर्ने गरेको छ। धेरैजसो सरकारी स्कूलहरूले यस्ता प्रदर्शनीका निम्ति ठूलो खर्च लाग्ने तथा आफूहरूले त्यस्तो खर्च गर्न नसक्ने बताउने गरेका छन्। तर, प्रभात उमाविले थोरै खर्चमै गर्ने गरेको विज्ञान प्रदर्शनीबाट सरकारी स्कूलका शिक्षकले भन्दा बढी राजधानीका निजी स्कूलका छात्रछात्रा तथा शिक्षकहरूले ज्ञान र प्रेरणा लिने गरेका छन्। विगत सात वर्षदेखि गरिँदै आएको उक्त प्रदर्शनीमा उपत्यकाका दर्जन भन्दा बढी निजी स्कूलका शिक्षक तथा छात्रछात्राहरू सहभागी हुने गरेका छन्।

**सरकारीबाट निजीले सिक्ने**

- आर्थिक पारदर्शिता।

**निजीबाट सरकारीले सिक्ने**

- गैर-राजनीतिक वातावरण।

## के सिक्ने/के सिकाउने ?

निजी र सरकारी स्कूलबीच सिकाइ आदान-प्रदानका क्षेत्र तथा विषयहरू धेरै हुनसक्छन्। सरकारी तथा निजी स्कूलले एकआपसमा शैक्षिक तथा गैर-शैक्षिक दुवै क्षेत्रमा आफूले आर्जन गरेका ज्ञान बाँड्न सक्छन्। अधिकांश निजी स्कूलका शिक्षकहरूले सरकारी स्कूलका शिक्षकको तुलनामा न्यून पारिश्रमिक तथा सुविधा पाउने गरेका छन्। पेशागत स्थायित्व र अवकाशपछि पाउने पेन्सन, उपदान आदि सुविधाका आधारमा निजी स्कूलका शिक्षकहरू सरकारी स्कूलका शिक्षकको तुलनामा धेरै पछाडि छन्। तैपनि उनीहरू शिक्षण कार्यप्रति मेहनती र लगनशील देखिन्छन्। राम्रोसँग नपढाए जागिरबाट निकालिने तथा अभिभावक, छात्रछात्रा र स्कूल व्यवस्थापनबाट अवगाल पाइने भएकाले उनीहरू छात्रछात्राको पढाइ र स्कूलको उन्नतिमा लागिरहन्छन्। शिक्षाविद् डा. भवानीशङ्कर सुवेदी भन्छन्, "सरकारी स्कूलमा विषयगत रूपमा योग्य, तालिमप्राप्त, स्थायी शिक्षक हुन्छन् तर, प्रअ र व्यवस्थापनले उनीहरूबाट राम्रोसँग काम लिन सकेको हुँदैन। अर्कातिर कम तलबमा विना तालिम पनि राम्रो गरिरहेका निजी स्कूलका शिक्षकबाट व्यवस्थापन र प्रअले राम्रोसँग काम लिएका हुन्छन्। यो कुरा सरकारी स्कूलका निम्ति गतिलो पाठ हो।" उनले निजी स्कूलबाट स्वायत्त व्यवस्थापन, शिक्षकहरूको टिमवर्क, राम्रो नतिजा, छात्रछात्राको अनुशासन, सिकाइ क्रियाकलापमा शिक्षक र छात्रछात्राको सहभागिता जस्ता कुराहरू सरकारी स्कूलका निम्ति सिकाइका विषय हुनसक्छन्।

धेरैजसो निजी स्कूलमा कक्षा नियमित हुन्छ, साप्ताहिक, मासिक, त्रैमासिक, अर्ध-वार्षिक आदि आधारमा छात्रछात्राको परीक्षा लिने गरिन्छ। अनुशासन, पोशाक, स्कूलको सरसफाई तथा अतिरिक्त क्रियाकलापका आधारमा पनि निजी स्कूल सरकारीको तुलनामा अघि देखिन्छन्।

पेशागत स्थायित्व र अवकाशपछि पाइने सेवा-सुविधाको सुनिश्चितताका बाबजुद पनि सरकारी शिक्षक शिक्षण कार्यमा लगनशील नदेखिएको आरोप लाग्ने गरेको छ। शिक्षण कार्यमा भन्दा राजनीति तथा अरू पेशा व्यवसायप्रति उनीहरूको रुझान रहेको ठानिन्छ। त्यसैले निजी स्कूलका शिक्षकहरूको लगनशीलता र जिम्मेवारीबोध सरकारी स्कूलका शिक्षकहरूका निम्ति अनुकरणीय हुनसक्छ भने सरकारी स्कूलका शिक्षकले पाउने तलब, सुविधा निजी स्कूलका शिक्षकका निम्ति

आकर्षणको विषय बन्न सक्छ । निजी स्कूलका शिक्षकको कर्मशीलताबाट सरकारी स्कूलले अनि सरकारी स्कूलमा लागू गरिएको शिक्षकको सेवा-सुविधाबाट निजीले सिक्दा दुवै स्कूल लाभान्वित हुनसक्छन् । काम निजी स्कूलका शिक्षकको जस्तो, दाम चाहिँ सरकारी स्कूलका शिक्षक जस्तो भएमा हाम्रा स्कूलहरू राम्रा स्कूलमा परिणत हुन समय लाग्ने छैन ।

अति-राजनीतिका कारण सरकारी स्कूल उकालो लाग्न नसकेको गुनासो बढ्दै गएकाले निजी स्कूलको गैर-राजनीतिक तथा शैक्षिक वातावरण सरकारी स्कूल र शिक्षकका निम्ति उदाहरण हुनसक्छ । कतिपय सरकारी स्कूलले पनि स्कूल र शिक्षकलाई राजनीतिमुक्त राखेका कारण स्कूलको शैक्षिक वातावरण चुस्त तुल्याएका छन् । ललितपुरको त्रिपद्म उमावि यस्तै एउटा दृष्टान्त हो । यहाँ कुनै पनि शिक्षकले राजनीतिक दल वा शिक्षक संस्थाको कार्यक्रममा भाग लिनका लागि घण्टी छोड्न नपाइने नियम लागू गरिएको छ । व्यवस्थापन समितिका अध्यक्ष तथा पूर्व शिक्षामन्त्री केशरबहादुर बिष्ट भन्छन्, "हाम्रो स्कूलभित्र राजनीति वर्जित छ । शिक्षक र अभिभावकहरू राजनीतिक दलप्रति आस्था राख्छन् तर व्यवस्थापन समिति र स्कूलमा राजनीति गर्न पाइँदैन । त्यसैले आपसमा सिक्ने कुरा निजी स्कूलमा मात्र होइन सरकारीमा पनि छन् ।"

ललितपुरका धेरै निजी स्कूलभन्दा राम्रो मानिने त्रिपद्ममा शिक्षकहरूले आफ्ना छात्रछात्राबाट शुल्क लिएर 'ट्युसन' पढाउन नपाउने नियम पनि लागू गरिएको छ । शिक्षकका गुनासा सुन्ने, तिनलाई आफ्नो कर्तव्यप्रति उत्साहित तुल्याउन खाजा भत्ता, औषधिउपचार खर्च आदि जस्ता अतिरिक्त सुविधा दिने गरिएको छ । "छात्रछात्राको प्रतिभा पहिचान गरेर चम्काउने इच्छाशक्ति भएको सञ्चालक समिति र त्यस्तो इच्छालाई व्यवहारमा लागू गर्ने जाँगर भएका योग्य शिक्षक पाएमा स्कूलको भविष्य चम्किन्छ", बिष्टको कथन छ । अध्यक्ष बिष्टको विचारमा सञ्चालक समितिको अध्यक्ष हुने वित्तिकै स्कूलमा आफ्ना साला, भेना, ज्वाइँ, जेठान, बहिनी र बुहारीलाई जागिर ख्वाउने मानसिकताले धेरै सरकारी स्कूल बर्बाद पारिएका छन् ।

शिक्षक नियुक्ति प्रक्रियामा पनि सरकारी र निजी स्कूलबीच ठूलो भिन्नता छ । सरकारी स्कूलमा दलीय भागबण्डा, सोर्सफोर्स आदि आधारमा शिक्षक छनोट गर्ने गरिएको छ भने धेरैजसो निजी स्कूलमा योग्यता र प्रतिस्पर्धाको आधारमा शिक्षक छानिन्छन् । योग्यता र प्रतिस्पर्धाका आधारमा छानिएका शिक्षक स्कूल र छात्रछात्राप्रति जवाफदेही हुन्छन् भने भनसुनका आधारमा नियुक्त शिक्षकहरू आफूलाई जागिर ख्वाउने व्यक्ति तथा निकायप्रति उत्तरदायी हुन्छन् । ललितपुरको रातो बङ्गला स्कूलका निर्देशक डा. शान्ता दीक्षितका शब्दमा शिक्षकको छनोट र नियुक्तिमा सरकारी स्कूलले निजीबाट सिक्दा गतिलो शिक्षक छान्न सहयोग पुग्छ ।



कलेन्द्र सेजुवाल

विद्यालय व्यवस्थापन समिति अध्यक्ष विनोद ढकाल ।

स्कूलको शैक्षिक स्तर सुधारका निम्ति सुपरीवेक्षणको महत्त्वपूर्ण भूमिका हुन्छ । निजी स्कूलको सुपरीवेक्षण अभ्यासबाट सरकारी स्कूलले सिक्ने हो भने सरकारी स्कूलका कमजोरी हटाउन अवश्य मद्दत पुग्छ । आन्तरिक सुपरीवेक्षण राम्रो भएका निजी स्कूलले जस्तै सरकारी स्कूलले पनि उच्च शैक्षिक उपलब्धि हासिल गरेका दृष्टान्तले पनि यो कुरालाई पुष्टि गर्छन् । त्रिपद्म उमाविमा सुपरीवेक्षणलाई चुस्त तुल्याउने प्रयास गरिएको छ । अध्यक्ष बिष्टका अनुसार त्यहाँ शिक्षकले पढाए/नपढाएको विभागीय प्रमुखले हेर्ने, विभागीय प्रमुखले काम गरे/नगरेको हेडमास्टरले हेर्ने अनि हेडमास्टरले काम गरे/नगरेको व्यवस्थापन समितिले हेर्ने प्रणाली लागू गरिएको छ । स्कूलको आन्तरिक सुपरीवेक्षणको प्रभावकारी प्रणाली लागू गर्न निजी स्कूल नै हुनुपर्छ भन्ने छैन । रातो बङ्गलाका निर्देशक डा. दीक्षित चाहिँ प्रभावकारी सुपरीवेक्षण, दण्ड र पुरस्कारको राम्रो व्यवस्था नभएका कारण सरकारी स्कूलका शिक्षकमा ठग्ने प्रवृत्ति बढेको तर्क गर्छिन् । उनको कथन छ, "तर निजी स्कूलमा यस्तो हुँदैन । स्कूलको व्यवस्थापकीय नेतृत्व कुशल अनि जागरुक शिक्षक भएमा निजी वा सरकारी दुवै स्कूलले प्रगति गर्न सक्छन् ।"

सरकारी स्कूलहरू तोकिएको पाठ्यक्रम/पाठ्यपुस्तकको अध्ययन/अध्यापनमै सीमित छन् । कतिपय सरकारी स्कूललाई त सरकारी पाठ्यक्रमको भारी नै गह्रुँगो भएर समयमा कोर्ष सक्न मुस्किल परेको भेटिन्छ । निजी स्कूलहरू भने सरकारी पाठ्यपुस्तकका अतिरिक्त अरू विषयमा पनि छात्रछात्रालाई ज्ञान दिन अग्रसर छन् । निजी स्कूलले गरेको यस्तो अतिरिक्त पठनपाठन र मेहनतबाट सिक्ने हो भने सरकारी स्कूलहरू स्वतः लाभान्वित हुनसक्छन् ।

# अभाव सिक्ने चाहनाको

**प्रा. हृदयरत्न बज्राचार्य**
शिक्षाविद्



सुदर्शन घिमिरे

**निजी र सरकारी स्कूलबीच आपसमा सिक्ने कुरा केही छन् ?**

सरकारी स्कूलभित्र सामुदायिक र समुदायले व्यवस्थापन गरेका स्कूल पर्दछन् । निजी स्कूलमा पनि ट्रष्ट र निजी लगानीमा चलेका गरी दुईथरी छन् । धेरै निजी स्कूलले सरकारीले भन्दा राम्रो गरेको कुरामा सत्यता छ । त्यहाँ पढाइलाई नियमित र परीक्षालाई प्रतिस्पर्धात्मक बनाइएको छ । सरकारीमा भन्दा निजी स्कूलका परीक्षा शुद्ध छन् । निजीभित्र प्रवेश गर्दा कम्पाउण्ड, कक्षाकोठा, युनिफर्म, सुरक्षित अवस्थाहरू देख्न सकिन्छ । निजीमा अभिभावक र छात्रछात्रालाई हिफाजत गरिन्छ । छात्रछात्रालाई स्कूलमा तान्न मेहनत गरिएको हुन्छ ।

राम्रा विद्यार्थी वा विद्यार्थीको स्तर परीक्षण गर्न प्रवेश परीक्षाको पनि व्यवस्था गरिएको हुन्छ । निजीका यी कुरा सार्वजनिक जानकारीमा हुन्छन् । यस्ता कुरा सरकारी स्कूल, त्यसमा पनि समुदायमा हस्तान्तरण नभएका स्कूलमा पाउन कठिन छ । तथापि सरकारी स्कूलले यी काम गर्नै नसक्ने होइन । राजधानीका त्रिपद्म, विश्व निकेतन, ज्ञानोदय आदि स्कूल राम्रा छन् ।

**निजी र सरकारीमा असमानताको खाडल किन गहिरिँदै गएको ?**

निजीमा अपनत्व छ, सरकारीमा अपनत्वको कमी । निजीमा व्यक्तिको लगानी भएकाले त्यसमा अपनत्व बढी हुन्छ । लगानीकर्ताले शिक्षकको आचरण, काम, भौतिक अवस्था आदिलाई आफूले चाहे जस्तो पारेका हुन्छन् ।

तर, सरकारी स्कूलमा शिक्षक, छात्रछात्रा र अभिभावकले अपनत्व महसुस गरेका छैनन् । यसमा सरकारी नीति र राजनीति जिम्मेवार छ । शिक्षक र प्रअको दायित्व र कर्तव्यबोध लाभहानिले निर्धारण गरेको छ ।

**सरकारी स्कूलबाट निजीले सिक्ने कुरा केही छैनन् ?**

सरकारी स्कूलमा आर्थिक पारदर्शिता छ । विद्यालय भर्नामा सामुदायिक स्कूलहरू उदार छन् । न्यूनतम मापदण्ड पुगेका सबै छात्रछात्रालाई भर्ना लिइन्छ, जुन निजीमा हुँदैन । सरकारले दिने छात्रवृत्ति र अन्य कार्यक्रम सामुदायिकमा लागू हुन्छ । सरकारी कार्यक्रममा सरकारी स्कूलको सक्रियता हुन्छ । यस मानेमा उनीहरू उदार छन् । कतिपय अध्ययन/अनुसन्धानमा समेत सरकारी स्कूलबाट समन्वय पाइन्छ । 'लर्निङ उदआउट फिअर'को वातावरण छ सरकारीमा । सरकारी स्कूलमा प्रजातान्त्रिक संरचना र अभ्यास छ । सरकारीको यस्तो प्रजातान्त्रिक अभ्यास निजीले सिक्नुपर्दछ ।

स्कूल सञ्चालन प्रजातान्त्रिक छ भने त्यहाँ धेरै कुरा राम्रो हुन्छ । तर, दलीय राजनीति घुसेको खण्डमा बर्बाद भएको हुन्छ । निजी स्कूलको सञ्चालनमा 'डेमोक्रेसी' छैन, ती एक्लो नेतृत्वअन्तर्गत चलेका छन् । जबकि सरकारी स्कूलहरू सामूहिक नेतृत्व (कलेक्टिभ लिडरसीप)मा चलेका छन् ।

राम्रा निजी स्कूलले गरेको छात्रछात्राको 'अलराउण्ड डेभलपमेण्ट'को प्रयासबाट सरकारी स्कूलहरू लाभान्वित हुन सक्छन् ।

निजी स्कूलहरू प्रतिस्पर्धात्मक ढङ्गले अघि बढेका छन् । यसले छात्रछात्रा र अभिभावकलाई फाइदा पुगेको छ । स्कूलको आम्दानी र लगानीबीच सीमारेखा छैन । शुल्क बढाउने कुरामा पनि प्रतिस्पर्धा छ, जुन गलत हो । यो समस्या सामुदायिक स्कूलमा छैन ।

**निजी र सरकारी स्कूलबीचका राम्रा अभ्यास कसरी आदान–प्रदान गर्ने त ?**

सरकारी र निजी स्कूललाई जोड्ने संरचना/सोच छैन । सिक्ने कुरा छन् तर सिक्नुपर्छ भन्ने भावनाको अभाव छ दुवैमा । त्यसनिम्ति एकअर्काप्रतिको पूर्वाग्रह हटाउनुपर्‍यो । सिक्न/सिकाउन खुला रूपमा तयार हुँदा दुवैथरी स्कूललाई लाभ हुन्छ । निजी र सरकारी स्कूलको व्यवस्था दुई टाढाका धार हुन् । मेरो दृष्टिमा स्कूल न सरकारको हुन्छ न व्यक्तिको निजी । यी दुईवटा बीच सन्तुलन चाहिन्छ । निजी र सरकारी स्कूलबीचको खाडल पुर्न सरकारसँग स्कूल सञ्चालनसम्बन्धी स्पष्ट नीति (फर्मूला) आवश्यक छ । त्यसपछि स्कूल सरकार र व्यक्ति नियन्त्रणमा हुँदैन, बरु सरोकारवाला, समुदाय र अभिभावकको हुन्छ ।

निजी स्कूलले सरकारी स्कूलबाट सिक्ने अर्को विषय हो आर्थिक/शैक्षिक पारदर्शिता। निजी स्कूलमा एउटा शिक्षकको तलब अर्को शिक्षकलाई थाहा हुँदैन भने स्कूलको आर्थिक नाफाघाटाबाट छात्रछात्रा र अभिभावक बेखबर रहनुपर्ने स्थिति छ। डा. भवानीशङ्कर सुवेदी भन्छन्, "शुल्क तिर्नेले खर्चको हिसाबकिताब थाहा पाउँदैनन्। त्यसैले सरकारी स्कूलले गरेको पारदर्शिताको अभ्यासबाट निजी स्कूलले सिक्नुपर्छ।"

निजी स्कूलले सुगम र शहरका आर्थिक रूपमा सम्पन्न परिवारका छात्रछात्रालाई पढाउने गरेका छन् भने सरकारी स्कूलले दुर्गम वस्ती र आम नागरिकका छोराछोरीलाई पढाउने गरेका छन्। अहिले पनि नेपालका अधिकांश अभिभावक र छात्रछात्राको पहुँच निजी स्कूलमा छैन। निजीको भन्दा सरकारी स्कूलको वितरण (पोजिसनिङ) राम्रो रहेको डा. सुवेदीको तर्क छ।

## अरूतिरको अभ्यास

नेपालमा मात्र होइन, अन्य देशहरूमा पनि निजी र सार्वजनिक स्कूलमध्ये कुन उत्तम भन्ने विवादको समाधान अझै फेला परेको छैन। अमेरिकाको इकोनोमिक पोलिसी इन्स्टिच्युट ले १० वर्षअघि गरेको क्यान पब्लिक स्कूल लर्न फर्म प्राइभेट स्कूल नामक एक अध्ययनले सार्वजनिक र निजी दुवैथरी स्कूलले आपसमा सिक्न तथा अनुसरण गर्न मिल्ने धेरै सकारात्मक अभ्यासहरू रहेको देखाएको छ। आफूले गरेको अध्ययनको निचोड सार्वजनिक गर्दै अनुसन्धानकर्ता मार्टिन कार्नी, रिचार्ड रोथस्टिन र लुइस बेनभेनस्टिन ले भनेका छन्, "सार्वजनिक तथा निजी स्कूल अभिभावकप्रति धेर/थोर जिम्मेवार रहेको देखियो। हाम्रो अध्ययनमा परेका निजी तथा सरकारी स्कूलले धेर/थोर छात्रछात्राको सिकाइ उपलब्धि र आशालाई राम्रोसँग परिभाषित गरेका छन्। दुवैथरी स्कूलमा शिक्षक छनोट र अवकाश दिने थोर/बहुत चुस्त प्रणाली अवलम्बन गरिएको छ। त्यसैले अहिलेको प्रश्न सार्वजनिक स्कूलले निजी स्कूलबाट के सिक्न सक्छन् भन्ने होइन, स्कूल निजी वा सार्वजनिक जस्तोसुकै होस्, दुवैले दुवैबाट सिक्न सक्छन्।"

उक्त अध्ययनले निजी तथा संस्थागत स्कूलबीच आपसमा सिक्न मिल्ने धेरै कुरा भए पनि तुलनात्मक रूपमा चाहिँ निजी स्कूलले सरकारी स्कूललाई धेरै कुरामा पछिपारेको तथ्य पनि उजागर गरेको छ। सरकारी विद्यालयभन्दा संस्थागत विद्यालयका सञ्चालकहरू आफ्ना छात्रछात्रा तथा अभिभावकप्रति उत्तरदायी हुने गरेको उक्त अध्ययनको निचोड छ। त्यस्तै संस्थागत स्कूलहरू आफ्ना छात्रछात्राको शैक्षिक अपेक्षा एवं सिकाइ उपलब्धिलाई स्पष्ट रूपमा परिभाषित गर्ने कुरामा अगाडि रहेको, निजी स्कूलमा सरकारी स्कूलमा भन्दा बढी नैतिक-मूल्य तथा व्यवहार सिकाइने गरेको तथा यसका निम्ति स्रोत-साधनको पर्याप्त प्रयोग गरिएको पनि अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। शिक्षक छनोट र अवकाशको नीतिका आधारमा सरकारी स्कूललाई निजी स्कूलले पछिपारेको तथा शैक्षिक उपलब्धि हासिल गर्नका निम्ति निजी स्कूलले सरकारी विद्यालयमा भन्दा फरक शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने गरेको पनि सो अनुसन्धानले देखाएको छ। तीन वर्षअघि सार्वजनिक गरिएको पब्लिक भर्सेज प्राइभेट स्कूल नामक अर्को एउटा अनुसन्धान अनुसार, अहिले पनि अमेरिकाका ९० प्रतिशत बालबालिका सरकारी स्कूलमा अध्ययन गर्छन् भने १० प्रतिशत छात्रछात्राको रोजाइमा मात्र निजी स्कूलहरू पर्ने गरेका छन्।

नियमित एवं स्तरीय पठनपाठन, गतिलो परीक्षा र मूल्याङ्कन प्रणाली, चुस्त अनुशासन, राजनीतिमुक्त शुद्ध शैक्षिक वातावरण, उपयुक्त भौतिक पूर्वाधार तथा स्कूलको सरसफाई, शिक्षकहरूको पेशागत सन्तुष्टि, सक्षम र जागरुक व्यवस्थापन आदि जस्ता कुरा सरकारी वा निजी जहाँ भए पनि ती सबैका निम्ति अनुकरण गर्न लायक हुन्छन्। निजीबाट सरकारीले अनि सरकारीबाट निजीले के सिक्नु छ र भन्ने कुण्ठा पालेरै बसियो भने चाहिँ कोही पनि उम्दा र विवादरहित हुन सकिने छैन।

**अमेरिकामा गरिएको अध्ययनले सार्वजनिक र निजी दुवैथरी स्कूलले आपसमा सिक्न तथा अनुसरण गर्न मिल्ने धेरै सकारात्मक अभ्यासहरू रहेको देखाउँछ।**



निजी र सरकारी स्कूल

जेपी श्रीवास्तव



# दुवैमा छन् राम्रा कुरा, दूरी घटाऔं

हामीकहाँ मुख्य रूपले सामुदायिक (सरकारी) र संस्थागत (प्राइभेट बोर्डिङ) समेत दुई किसिमका शिक्षण संस्थाहरूले विद्यालयस्तरीय शिक्षा दिने कार्य गरिरहेका छन् । यी शिक्षण संस्थाहरूमा भएका नराम्रा पक्षहरूलाई फालेर राम्रा-राम्रा पक्षहरूलाई एकठाउँमा समायोजन गर्न सकियो भने राष्ट्रमा शिक्षा-शिक्षणको अवस्थाले फड्को मार्न धेरै समय लाग्ने छैन । हाम्रा सबै सामुदायिक विद्यालयहरू 'नराम्रा' र सबै संस्थागत विद्यालयहरू 'राम्रा' छैनन् । दुवै किसिमका थोरै विद्यालयहरू मात्र 'राम्रा' विद्यालयका रूपमा स्थापित छन् । धेरैजसो सामुदायिक विद्यालयहरू जनसाधारणको पहुँचमा छन् भने त्यहाँ गरिने शिक्षणको अवस्था चिन्ताजनक छ । त्यस्तै थोरै मात्र संस्थागत विद्यालयहरूले स्तरीय शिक्षा दिने भएता पनि तिनीहरू अभिभावक (जनसाधारण) को लागि 'आकाशको फल' भएका छन् । यहाँ सामुदायिक र संस्थागत विद्यालयका राम्रा पक्षहरूबारे तुलनात्मक चर्चा गर्ने प्रयास गरिएको छ ।

## विद्यार्थी र विद्यालय

आज प्राय:जसो अभिभावक आफ्ना बालबालिकालाई एउटा राम्रो संस्थागत विद्यालयमा पढाउने इच्छा राख्छन् । यसको मुख्य कारण, ती विद्यालयले बालबालिकाको चौतर्फी विकासका साथसाथै उच्च शिक्षाको लागि आवश्यक पर्ने बलियो जग निर्माण गरिदिन्छन् भन्ने विश्वास हो । त्यही भएर राम्रा संस्थागत विद्यालयहरूमा प्रवेशको लागि तेजिला विद्यार्थीहरूको ताँती लाग्ने गर्दछ ।

सामुदायिक विद्यालयचाहिँ विपन्न परिवारका बालबालिकाको अध्ययन गर्ने थलोको रूपमा विकसित हुँदै गएको अवस्था छ । तेजिला विद्यार्थी र सचेत एवं सम्पन्न अभिभावकहरूको खाँचो टार्न सामुदायिक विद्यालयहरूले अभिभावकहरूको विश्वास जित्नु, भर्ना भइसकेका विद्यार्थीहरूलाई निजी विद्यालयतर्फ पलायन हुन नदिनु र तेजिला विद्यार्थीहरूलाई आफ्नो संस्थामा आकर्षित गर्नको लागि विशेष प्रयास गर्नुपर्ने खाँचो छ ।

## तालिमप्राप्त शिक्षक र विद्यालय

कार्यरत शिक्षकहरूको विश्लेषण गर्दा संस्थागत विद्यालयहरूमा भन्दा सामुदायिक विद्यालयहरूमा तालिमप्राप्त शिक्षकहरूको सङ्ख्या बढी रहेको पाइन्छ । यस मानेमा सामुदायिक विद्यालयहरू समृद्ध छन् तर परीक्षा परिणाममा संस्थागत विद्यालयहरूले बाजी मार्ने गर्छन् । यसबाट तालिमप्राप्त शिक्षक मात्र शैक्षिक उपलब्धिको एक्लो कारक होइन भन्ने स्पष्ट पार्छ । यदि राम्रो योजना, अनुगमन, सुपरीवेक्षण र परिश्रम गरिने हो भने तालिम नलिएका शिक्षकहरूबाट पनि राम्रो नतिजा ल्याउन सकिन्छ । तर, त्यस्तो योजना, अनुगमन, सुपरीवेक्षण र परिश्रम तालिमप्राप्त शिक्षकहरूको समूहमा गरिने हो भने अझ राम्रो र सुखद् परिणामको अनुमान सजिलै गर्न सकिन्छ ।

प्राय: संस्थागत विद्यालयहरूमा लगनशील र परिश्रमी शिक्षकहरू पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था छ भने सामुदायिक विद्यालयमा पुरस्कारका लागि छनोटको आधार त्यसको ठीक विपरित रहने गरेको छ । यसले आफ्नो कार्यप्रतिको जिम्मेवारी वहनबाट शिक्षक मित्रहरूलाई विपरित दिशामा धकेल्ने गरेको छ ।

यसैगरी शिक्षक छनोट प्रक्रिया पनि यी दुवै विद्यालयहरूमा फरक रहेको पाइन्छ । संस्थागत विद्यालयहरूले 'हाम्रा' भन्दा 'राम्रा' लाई ग्राह्यता दिन्छन् भने प्राय:जसो सामुदायिक विद्यालयहरूमा शिक्षक सेवा आयोगबाट हुने छनोट बाहेकको अवस्थामा 'राम्रा' लाई भन्दा 'हाम्रा' लाई बढी ग्राह्यता दिने गरिन्छ । त्यो 'हाम्रो' पारिवारिक वा राजनीतिक जुनसुकै जातको हुन सक्दछ । यसैगरी राजनीतिक पार्टीहरूले पनि यिनै सामुदायिक विद्यालयहरूमा कोले नियुक्ति (व्यक्तिगत वा समूहगत) गराएर साउने रोपाइँ गर्ने गरेका छन् जुन राष्ट्रघाती सिद्ध भइरहेको छ ।

## विद्यालयको प्रशासन र व्यवस्थापन

विद्यालयको शैक्षिक उपलब्धिको सन्दर्भमा विद्यालय प्रशासन र विद्यालय व्यवस्थापनलाई एउटा प्रमुख कारकको रूपमा लिन सकिन्छ । संस्थागत विद्यालयहरूबाट सामुदायिक विद्यालयहरूले मुख्य रूपले सिक्नुपर्ने कुरा पनि यही हो । राम्रो विद्यालय- त्यो संस्थागत वा सामुदायिक जुनसुकै होस्- ले आफूसँग भएको साधनस्रोतको सही परिचालन र विद्यालय कर्मचारीहरूको क्षमताको आधारमा गरिएको कामको उचित बाँडफाँडबाट हरेक व्यक्तिलाई आफ्नो कार्यप्रति जिम्मेवार र जवाफदेही बनाएको हुन्छ । यसले शिक्षण संस्थाको लक्ष्य हासिल गर्न उल्लेख्य मात्रामा सघाएको हुन्छ । तर यो पक्ष प्राय:जसो सामुदायिक विद्यालयहरूमा निकै फितलो रहेको छ । यसैगरी राम्रा संस्थागत विद्यालयहरूको समय-व्यवस्थापन निकै चुस्त पाइन्छ । फुर्सदको समयमा गरिने शैक्षिक योजना, शिक्षक तालिम, कमजोर विद्यार्थीहरूलाई गरिने सहयोग आदि तिनका क्रियाकलाप अनुकरणीय छन् । देशमा पटक पटक भइरहने बन्द-हड्तालका कारण पठनपाठनमा पुगेको क्षतिको परिपूर्ति संस्थागत विद्यालयहरूले बिदाका दिनमा कक्षा सञ्चालन गरेर तथा दैनिक स्कूल अवधिलाई लम्ब्याएर भए पनि गर्ने गरेको कुरा सामुदायिक विद्यालयहरूका निम्ति अनुकरणीय छ ।

## पाठ्यक्रम र पाठ्यपुस्तक

दुवै किसिमका विद्यालयहरूमा मुख्य पाठ्यक्रम नेपाल सरकारले निर्धारण गरेको आधारमा हुने भएता पनि सामुदायिक र संस्थागत विद्यालयमा मात्र नभई हरेक जसो संस्थागत विद्यालयहरूले पनि फरक फरक पाठ्यक्रम अँगालेका उदाहरणहरू छन् । समयको माग, निर्धारित पाठ्यक्रममा भएका कमी, कमजोरी र अझै गुणात्मक शिक्षा दिने होडले पनि विद्यालयहरूलाई यसो गर्न बाध्य बनाएको हो । पाठ्यपुस्तकको हकमा संस्थागत विद्यालयका विद्यार्थीहरू स्वाभाविक रूपमै बढी भाग्यमानी रहेको मान्नुपर्दछ । अङ्ग्रेजी माध्यममा अध्यापन गरिने संस्थागत विद्यालयहरूको लागि पुस्तक प्रकाशकहरूको लामो ताँतीले गर्दा प्रतिस्पर्धी पुस्तकहरू उपलब्ध हुने गरेका छन् । यस्तो प्रतिस्पर्धाले विद्यार्थीहरूलाई फाइदा नै पुगेको देखिन्छ । यसमा हाम्रा सामुदायिक विद्यालयका विद्यार्थीहरू पछाडि परेका छन् । यही कुरालाई मनन् गरेर केही सामुदायिक विद्यालयहरूले आफ्नो पाइला अङ्ग्रेजी माध्यमबाट अध्ययन-अध्यापन गर्नेतिर सारेको पाइन्छ र तिनीहरू सफल विद्यालयको रूपमा स्थापित पनि हुँदैछन् । यसो गर्दा विद्यालय प्रशासनले विद्यार्थीको उमेर अनुसारको पाठ्यभार, पाठ्यपुस्तक र विषय छनोट गर्न चाहिँ निकै चनाखो हुनुपर्छ र त्यसमा इमानदारी पनि गुमाउनुहुँदैन । साथै; अङ्ग्रेजी माध्यममा अध्यापन गर्दा आफ्नो भाषाको महत्त्व कदापि बिर्सनुहुँदैन । पाठ्यपुस्तकको चयन गर्दा बालमनोविज्ञान आदिको अध्ययनका साथसाथै यो पनि ख्याल गर्नुपर्दछ कि विद्यार्थीको लागि किताबको भारी र अभिभावकलाई आर्थिक भारको मार नपरोस् ।

## राजनीति र विद्यालय

आजभोलि राजनीतिको खेलबाट देशको कुनै पनि संस्था अछुतो छैन । कुरा यति मात्र हो; कतै यसको प्रभाव बढी र कतै कम छ । हाम्रा सामुदायिक विद्यालयहरू यस खेलबाट अलि बढी नै प्रभावित भएका पाइन्छन् । यी संस्थाका प्रबुद्ध वर्गमा गनिने शिक्षक मित्र र कर्मचारीहरू राजनीतिक आस्थाका आधारमा विभिन्न समूहमा विभाजित भएका छन् । यसैको फलस्वरुप राजनीतिक पार्टीहरूले शिक्षक र विद्यालयलाई आफ्नो दलीय स्वार्थका निम्ति उपयोग गर्न पाएका छन् । जबकि यस्तो हस्तक्षेपबाट संस्थागत विद्यालयहरू निकै हदसम्म जोगिने गरेका छन् । यदि हाम्रा राजनीतिक पार्टीहरू साँच्चिकै राष्ट्रप्रति इमानदार हुने हुन् भने तिनले विद्यालय र शिक्षक तथा बालबालिकालाई दुरुपयोग गर्न बन्द गर्नुपर्छ । सँगै शिक्षक-कर्मचारीहरू पनि विभिन्न खेमामा बाँडिनुभन्दा एउटा विशुद्ध पेशागत संस्थासँग आबद्ध भई आफ्नो पेशागत र वृत्ति-विकासको लागि अगाडि बढ्नु जरुरी छ । शिक्षक मित्रहरूले गर्ने राजनीति राजनीतिक पार्टीहरूको लागि भन्दा शिक्षक समुदायको लागि हुनुपर्दछ ।

## अनुगमन र सुपरीवेक्षण

अनुगमन र सुपरीवेक्षण, कुनै पनि संस्थाको लागि एउटा महत्त्वपूर्ण पाटो हो । जुन कुनै कार्य पनि सफल बनाउनको लागि योजनाअनुसार काम भए/नभएको अनुगमन गर्नु र उपचारात्मक सुपरीवेक्षण (Clinical supervision) गर्नु अत्यन्त आवश्यक हुन्छ । शिक्षकले आफ्नो जिम्मेवारी वहन गर्ने क्रममा भएका कमी-कमजोरी पहिल्याएर त्यसको निराकरण गरी शिक्षकलाई तिखार्ने कार्य नै सुपरीवेक्षणको लक्ष्य हो ।

**देशमा पटक पटक भइरहने बन्द-हड्तालका कारण पठनपाठनमा पुग्ने क्षतिको परिपूर्ति संस्थागत विद्यालयहरूले बिदाका दिनमा कक्षा सञ्चालन गरेर तथा दैनिक स्कूल अवधिलाई लम्ब्याएर भए पनि गर्ने गरेको कुरा सामुदायिक विद्यालयहरूका निम्ति अनुकरणीय छ ।**

संस्थागत विद्यालयहरूको अनुगमन पक्ष निकै बलियो रहेको पाइन्छ । ती विद्यालयहरूमा अनुगमन र सुपरीवेक्षण गर्ने कार्य प्रधानाध्यापक र इन्चार्जहरूबाट हुने गरेको पाइन्छ । तर सामुदायिक विद्यालयहरूमा यो कार्य निकै कम मात्र हुने गरेको छ । जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षकहरूद्वारा गरिने निरीक्षण, कारण जेसुकै होस्, अत्यन्त कमजोर देखिन्छ । अनुगमन र सुपरीवेक्षणमार्फत इमानदार र लगनशील शिक्षक, कर्मचारीहरू पहिचान गरी तिनीहरूलाई पुरस्कृत गर्न सकेको स्थितिमा मात्रै प्रभावकारी हुन सक्छ ।

## शिक्षक-विद्यार्थी अनुपात

उचित शिक्षण विधिको प्रयोग गरेर शिक्षण गर्दा प्रभावकारी हुन्छ भन्ने कुरा सर्वविदित छ । तर हाल सामुदायिक विद्यालयहरूमा पर्ने विद्यार्थी सङ्ख्याको चापले (विशेषगरी शहरी क्षेत्रमा) गर्दा शिक्षक विद्यार्थी अनुपात निकै बढी रहेको पाइन्छ । जबकि राम्रा संस्थागत विद्यालयहरूले यो अनुपात घटाएर हरेक विद्यार्थीसम्म शिक्षकको पहुँच सुनिश्चित गर्ने गरेका छन् । यसो गर्दा त्यहाँ प्रयोग विधि, छलफल विधि, परियोजना विधि, समस्या समाधान विधि जस्ता विद्यार्थी केन्द्रित शिक्षण सिकाइ गर्न सजिलो भएको छ । 'खाने मुखलाई जुँगाले छेक्दैन' भने झैं सामुदायिक विद्यालयका शिक्षक मित्रहरूले पनि विद्यार्थीहरूको समूह विभाजन गरी भएको साधनस्रोतको परिचालन गरेर सक्रियता देखाउनै नसक्ने भने होइनन् ।

## सह-क्रियाकलाप र अतिरिक्त क्रियाकलाप

यस्ता क्रियाकलापहरू पनि संस्थागत विद्यालयहरूमा भन्दा सामुदायिक विद्यालयहरूमा कम भएको पाइन्छ । यसको प्रमुख कारणमा स्रोत र साधन सँगसँगै इच्छाशक्तिको कमी मुख्य तगारो बनेको देखिन्छ । भएकै साधनस्रोतको उपयोग गरेर पनि यस्ता क्रियाकलापहरूको सञ्चालन गर्न नसकिने होइन । यस्ता क्रियाकलापको सञ्चालनलाई सामुदायिक विद्यालयहरूले पनि महत्त्व दिएमा विद्यार्थीहरूको रुचि, आत्मविकास र विभिन्न किसिमका सीप विकासमा बल पुऱ्याउँछ ।

यसरी संस्थागत र सामुदायिक विद्यालयहरूको तुलनात्मक अध्ययन गर्दा केही कुराहरू संस्थागत विद्यालयहरूले सामुदायिक विद्यालयहरूबाट सिक्नुपर्ने देखिन्छ भने सामुदायिक विद्यालयहरूले संस्थागत विद्यालयहरूबाट धेरै कुराहरू सिक्नुपर्ने देखिन्छ । आज देशमा यी दुवै किसिमका विद्यालयहरूको उत्तिकै आवश्यकता छ तर खाँचो छ ती दुई किसिमका विद्यालयहरूबीचको दूरीलाई घटाउने उपायहरूको खोजी र कार्यान्वयन ।

(श्रीवास्तव प्रभात उमावि, ललितपुरका विज्ञान शिक्षक हुन् ।)

डा. विद्यानाथ कोइराला



## निजी र सरकारी विद्यालय

# एक–अर्काबाट के सिक्ने, कसरी सिक्ने ?

**निजीले थोरै रकममा धेरै काम लगाउने तर्किव जान्यौं । सरकारीले पारदर्शी रूपमा तलब दिन जान्यौं । यस स्थितिमा के निजीले सरकारीको जस्तो आर्थिक पारदर्शिता अपनाउन सक्छौं ? के सरकारीले निजीका शिक्षकलाई जोताए जस्तो शिक्षकलाई जोताउन सक्छौं ? सक्छौं भने बल गरौं ।**




**चिन्तन दोहोरो सिकाइ एकोहोरो**

सिकाइ सिद्धान्त भन्छ- जोसँग पनि सिकिन्छ । सिक्नुपर्छ । अनुसन्धाता त्यसै गर्छन् । घामकिरी/ऱ्यालिञ्चा हेरेर हेलिकोप्टर बनाउँछन् । ढुकुर हेरेर हवाईजहाजको आकार बनाउँछन् । तर, सामाजिक जीवन भिन्नै रहेछ । सिकाइसँग शक्ति खोज्ने । शक्तिवालाकै सिको गर्ने । त्यसैले शिक्षकको सिको विद्यार्थीले गऱ्यौं । नेताको सिको कार्यकर्ताले । बोलीमा । शैलीमा । शब्द संयोजनमा । हाउभाउमा । स्कूलहरूले पनि त्यही गऱ्यौं । निजीको सिको सरकारीले । के सरकारी स्कूलले सिकाउने कुरा केही छैन ? सिकाइ सिद्धान्तले भन्छ- छ । शक्ति सिद्धान्तले भन्छ- छैन । यही 'छ-छैन' मा मैले दोहोरो सिकाइको खोज गरेँ ।

शुरु गरौं- सासू-बुहारीको गाउँले कथाबाट । कथा हो- बुहारी धान काट्न गइन् । सासू घरधन्दामा लागिन् । धान काट्दा धानका गेडा झरिरहे । कारण थियो- धानका बोट चारैतिर ढलेका थिए । बुहारी दिक्क भइन् । मेलो छोडेर घर आइन् । सासूले सोधिन्- किन ? बुहारीले दु:खेसो सुनाइन् । सासूको उत्तर थियो- भोलि सिकाउँछु । भोलिपल्ट बिहान सासूले बुहारीलाई लपेसमा कनिकाको खोले खान दिइन् । यो सासूको शिक्षण शैली थियो । धान नझारिकन काट्ने शिक्षण शैली । बुहारीले सीधै बुझिनन् । सासूले पनि सीधै भनिनन् । सिकाइ भने

भइरह्यो । शक्ति पनि देखिएन । सरकारी स्कूलहरू सासू हुन् । तिनको संस्थागत सम्पदा (institutional memory) पर्याप्त छ । के त्यो सम्पदा निजीले खोज्न सक्छौं ? निजी नयाँ हो । बुहारी । नविन सोच बोकेकी । नयाँ परिवेशकी । के उनको जिज्ञासा सासूहरूले शान्त गर्न सक्छौं ?

## सिक्ने/सिकाउने कुरा

निजी स्कूलले व्यवस्थापन जान्यौं । देखको व्यवस्थापन (armlength management) । सरकारीले लामो व्यवस्थापन । त्यसैले सरकारीलाई विद्यालय व्यवस्थापन समिति घाँडो भयो । जिशिका मालिक । स्रोतव्यक्ति मालिक । व्यवस्थापन समिति मालिक । मालिक थपिएकोमा सरकारी विद्यालयलाई चिन्ता भयो । निजीले प्रधानाध्यापक/प्रिन्सिपललाई क्रियाशील बनायो ।

के निजीको यो व्यवस्थापन सरकारीले लिन सक्ला? प्रधानाध्यापक क्रियाशील हुने । विद्यालयकै व्यवस्थापन चुस्त राख्ने । सरकारी स्कूलले प्रायोगिक अनुभव दियो । गाई दुहुने अनुभव । त्यसैमा जोडेर विज्ञानको बल पढाउने अनुभव । यस अर्थमा सरकारी स्कूलले निजीलाई व्यावहारिक अनुभव दिन सक्छ । लिने हो ? अर्को शब्दमा भन्दा गाई दुहुने अनुभव सरकारीको र कम्प्युटर चलाउने अनुभव निजी विद्यालयको । साटफेर गर्ने हो ? विद्यार्थीको तहमा । शिक्षकको तहमा । व्यवस्थापनको तहमा । अभिभावकको तहमा ।

निजीले विद्यार्थीलाई स्वप्नद्रष्टा बनायो । चिनियाँ शब्दावलीमा 'चील' । लामो उड्न सक्ने । टाढा उड्नसक्ने । व्यक्तिको तहमा गाउँ छोड्ने । देश छोड्ने । सरकारीले विद्यार्थीलाई 'कुखुरा' बनायो । धेरै उड्न नसक्ने । बढी हिँड्ने । वेग कम भएको । स्वदेशिए जिल्ला सदरमुकाम पुग्ने । राजधानी पुग्ने । विदेशिए खाडी मुलुक । जहाँ पुगे पनि आँखा घरैतिर हुने । पैसा कमाए पनि घरै ल्याउने । यस स्थितिमा सरकारी स्कूलले विद्यार्थीलाई 'चील' बन्न सिकाऔं । वेग भएको । निजीले विद्यार्थीलाई 'कुखुरा' बन्न सिकाऔं । गर्ने हो ? दुवै मिलेर नेपाली प्रतिभालाई नेपालमुखी बनाऔं । थाल्ने हो ?

निजीले अभावकीय स्रोत दोहन गर्न जान्यो । पैसा लिनेमा । बुद्धि लिनेमा । सरकारीले श्रम लिनेमा । यस अर्थमा दोहन सीप दुवैमा छ । तर, दुवैले अभिभावकलाई अनुभवदाता बनाएनौं । निजीले चुस्यौं । सरकारीले जम्मै दुहेनौं । यस स्थितिमा दुवैको काम हो- दोहन क्षेत्र खोज्ने । निजीले पैसै मात्रै नखोज्ने । सरकारीले श्रम मात्रै नखोज्ने । को के के दिन सक्नुहुन्छ भनी पहिल्याउने । के यसका लागि हामी दुवैथरी तयार छौं त ?

निजीले गुणस्तरीय शिक्षाको दाबी गर्‍यौं । सरकारीले व्यावहारिक व्यक्तिको । सामाजिक व्यक्तित्वको । राजनीतिक सचेतनताको । देशीय चासो लिने व्यक्तिको । अभिभावकले दुवै कुरा खोज्यौं । निजीको गुणस्तर । सरकारीको व्यवहारपटुता । यस अर्थमा दुवैले दुवैको सिक्नुपर्ने । यसो गर्दा राजनीतिक विश्लेषक पनि बनाउने । अहिलेको जस्तो एकलकाँटे दलीय बन्न दुरुत्साहित गर्ने । सबै दलको राम्रो खोज्न जान्ने । अफ्नै दलको पनि कमजोरी पहिल्याउने । अर्थात् गुणस्तरयुक्त राजनीतिक चेतनासहितको विद्यार्थी उत्पादन गर्ने । के हामी यो काम थाल्न सक्छौं ?

निजीले थोरै रकममा धेरै काम लगाउने तर्किव जान्यौं । सरकारीले पारदर्शी रूपमा तलब दिन जान्यौं । दुवैका आ-आफ्ना क्षमता हुन् । दुवैका कमजोरी पनि छन् । यस स्थितिमा के निजीले सरकारीको जस्तो आर्थिक पारदर्शिता अपनाउन सक्छौं ? के सरकारीले निजीका शिक्षकलाई जोताए जस्तो शिक्षकलाई जोताउन सक्छौं ? सक्छौं भने बल गरौं । गर्ने हो ?

निजीले विद्यार्थी तान्न जान्यौं । एक्काइसौं शताब्दीको शिक्षा दिन्छौं भनेर । नि:शुल्क युनिफर्म दिन्छौं भनेर । यसरी हेर्दा निजीले धन हुने र मन हुने दुवैलाई तान्न जान्यौं । सरकारीले धन नहुनेलाई अड्याइराख्न जान्यौं । यस अर्थमा निजीमा बजारीकरण (marketization) गर्ने सीप छ । सरकारीले सिक्नैपर्ने । सरकारीमा गरिबमुखी चिन्तन छ । निजीले बोक्नैपर्ने । के यी चिन्तनहरू साटफेर गर्ने हो ?

**निजीले विद्यार्थीलाई स्वप्नद्रष्टा बनायो । लामो उड्न सक्ने । व्यक्तिको तहमा गाउँ छोड्ने । देश छोड्ने । सरकारीले विद्यार्थीलाई 'कुखुरा' बनायो । धेरै उड्न नसक्ने । बढी हिँड्ने । वेग कम भएको । स्वदेशिए जिल्ला सदरमुकाम पुग्ने । राजधानी पुग्ने । विदेशिए खाडी मुलुक । जहाँ पुगे पनि आँखा घरैतिर हुने ।**

निजीमा चौतर्फी दबाब छ । रकम बढी उठायो भनेर विद्यार्थी संघ/सङ्गठनको । अभिभावक संघ/सङ्गठनको । माओवादी राजनीतिक दलको । सरकारीमा पनि दबाब छ । पढाएनन् भन्नेको । गुणस्तरीय शिक्षा दिएनन् भन्नेको । निजी र सरकारीको प्रतिव्यक्ति लगानी त उस्तै छ नि भन्नेहरूको । यस अर्थमा दुवैले दबाब खेपेका छन् । तर, निजीले दबाबको उत्तर दिएको छ । कसैलाई पैसा तिरेर । कसैलाई भाषणमा बोलाएर । सरकारीले पनि जवाफ दिएको छ । कसैलाई दलीय सेवा पुऱ्याएर । कसैलाई आ-आफ्नो पक्षमा वकालत गरेर । यस मानेमा दुवैथरीले दबाब झेल्न जानेका छौं । के दुवैथरी बसेर दबाबका स्वरुप पहिल्याउने हो ? दबाब झेल्ने साझा रणनीति बनाउने हो? त्यसो गर्दा विद्यार्थी, शिक्षक एवं अभिभावकलाई सहज हुने उपक्रम गर्ने हो ?

निजीमा स्कूलकै दैलोमा तालिम दिने सीप छ । विज्ञ बोलाएर पूरै शिक्षकलाई तालिम दिने । सरकारीमा तालिम र योग्यता दुवै बढी छ । यसैले निजीका शिक्षकलाई तालिममा बोलाइएन भन्ने गुनासो छ । यस स्थितिमा सम्भावना हो- निजी र सरकारीको तालिम साटफेर गर्ने । मैले यो तालिम लिएँ । यो सिकें । तपाईंले के तालिम लिनुभयो ? के सिक्नुभयो ? के लागू भयो ? के यस्तो संयन्त्र बनाउने हो ?

निजीले मूलत: धनीका बच्चा समायौं । चिउराको बोट खोज्नेहरू । सरकारीले गरिबका बच्चा लियौं ।

धानकै बोट उमार्न जान्नेहरू। त्यसबाटै चिउरा बनाउन जान्नेहरू। बच्चा बच्चामा आ-आफ्नै स्तरको ज्ञान छ। मेरो ज्ञान यो छ तिम्रो ज्ञान के नि? यस्ता प्रश्नहरू सोध्ने हो ? सोधाउने हो ? किन निजीको विद्यार्थीले चिउराको बोट खोज्यो भन्ने जानकारी दिन। चिउरा कसरी बन्छ भन्ने कुरा सिकाउन। अर्को शब्दमा भन्दा निजीको विद्यार्थीलाई सरकारीबाट सिकाउन। सरकारीको विद्यार्थीबाट निजीलाई सिकाउन।

निजीले सरकारी पाठ्यपुस्तक पढायो। थप पनि पढायो। सरकारीले पनि यदाकदा थालनी गऱ्यो। शुरु नगर्नेलाई त त्यति पाठ्यपुस्तक पनि धौ-धौ भयो। यस अर्थमा दुवैथरीले बुझे- विद्यार्थीमा थप पढ्ने तागत छ। शिक्षकमा थप पढाउने तागत छ। दुवैलाई 'व्यावहारिक, वैज्ञानिक र जनवादी' शिक्षा पनि चाहिएको छ। यस स्थितिमा सहकार्य गर्ने हो?

निजीले पाठयोजना बनायौं। सरकारीले विद्यालय सुधार योजना। दुवैका आ-आफ्नै तागत। शिक्षकलाई चाहिँ दुवै सीप चाहियो। कसरी सुनिश्चित गर्ने यी सीपहरू ? नजिकका स्कूलमा सीपको आदान-प्रदान गर्ने हो ?

**निजी स्कूलले राजनीतिक दललाई पाल्छन्। जिशिकालाई पाल्छन्। जे गफ लगाए पनि निजीमा पढाउने क्रेज सबैमा छ। यो स्थितिमा निजीले सरकारीको सेवा दिन सक्दैन। सरकारीले पनि निजीको स्वायत्तता पाउँदैन। यो स्थितिमा हामी दुवै भिन्न हौं; सानाठूला होइनौं भन्ने चिन्तन उमारौं।**

### निक्र्योल

मैले हेर्दा निजी र सरकारीका आ-आफ्नै क्षमता भेटें। सिक्न/सिकाउन मिल्ने क्षमता। अहिले पनि आदानप्रदान त चलेकै छ। शहर बजारमा सरकारी शिक्षकले निजीमा क्लास लिएर। निजी स्कूल चलाउनेले सरकारी स्कूलमा जागिर खाएर। सरकारी शिक्षकले निजीमा बच्चा पठाएर। निजीमा 'बेठीक' मानिएकालाई सरकारी स्कूलबाट एसएलसी परीक्षा दिलाएर। सरकारीमा 'राम्रा' बनाइएका विद्यार्थीलाई नि:शुल्क पठनपाठन र ट्युसन दिंदै निजीमा लगेर। यस अर्थमा अहिलेको आदान-प्रदान अवैध हो। कानुनी स्वीकृति नपाएको। समाजले आँखा चिम्लिदिएको। यस्ता 'अवैधलाई वैध बनाउने' अनेकन् उपाय छन्। पहिलो उपाय हो; एक-अर्काको कक्षा अवलोकन गर्ने। अवलोकनपश्चात् सामूहिक छलफल गर्ने। के सिक्यौं भन्ने छलफल। एकअर्कालाई के सिकाउन सक्छौं भन्ने छलफल। दोस्रो; एकअर्काको कक्षामा पठनपाठन गर्ने। निजीले सरकारीकोमा। सरकारीले निजीकोमा। तेस्रो; एकअर्काका विद्यार्थीलाई एकआपसमा सिक्न लगाउने। सिक्ने वातावरण सिर्जना गर्ने। गराउने। चौथो; निजी र सरकारी शिक्षकको सिकाइ साटासाट गर्ने। पाँचौं; 'म भए के गर्थें' भनी एकअर्काका विचार खोज्ने उपक्रम गर्ने। अन्तरक्रियाले। पत्राचारले। सुपर हाइवेले। अन्य कुनै उपायले। छैठौं; एकअर्काका प्रतिस्पर्धी होइनौं। बरु समकक्षी (equivoilent) हौं भन्ने चिन्तनको खेती गर्ने। सातौं; एकअर्काका अभिभावकहरूबीच अन्तरक्रिया गर्ने। गराउने।

### सतर्कता

व्यक्ति विचारको बन्दी हो। धार्मिक शब्दावलीमा स्वर्ग खोजे स्वर्ग पुग्ने। ब्रह्म खोजे ब्रह्म पाउने। राजनीतिक शब्दावलीमा आस्थाका बन्दी। यस्ता 'बन्दीहरू' निजीमा पनि छौं। सरकारीमा पनि छौं। बन्दीको आँखाबाट हेर्दा संसार बन्दिले भेटिन्छ। त्यसैले साङ्ख्यदर्शनको शब्दावलीमा दोषलाई बन्दी बनाऔं। दोषको बन्दी नबनौं। त्यसो नगर्दा सिकाइ रोकिन्छ। सतर्कता यही हो। दोस्रो उपाय छ; आफ्नो दृष्टिकोण स्पष्ट्याइदिने। म 'निजी विद्यालय मुर्दावाद' भन्ने व्यक्ति हुँ। तैपनि केही राम्रा कुरा खोज्न चाहन्छु। म 'सरकारी विद्यालयका शिक्षक कामचोर हुन्' भन्ने विश्वास गर्छु तैपनि केही कुरा सिक्न चाहन्छु। यस्तो स्पष्ट दृष्टिकोण राख्नु पनि सतर्कता नै हो। तेस्रो सतर्कता हो; खराबी आ-आफ्ना ठाउँमा छन्। एकअर्काका राम्रा कुरा खोजौं। शिक्षकको तहमा। विद्यार्थीको तहमा। कर्मचारीको तहमा। व्यवस्थापनको तहमा। यी र यस्तै कुरामा सहमति गर्ने। चौथो सतर्कता हो; हिजोको तिक्तता भुलौं। देशीय यथार्थता बुझौं। निजी स्कूलले राजनीतिक दललाई पाल्छन्। जिशिकालाई पाल्छन्। सांसद् र मन्त्रीकै पनि निजी स्कूल छन्। जे गफ लगाए पनि निजीमा पढाउने क्रेज सबैमा छ। यो स्थितिमा निजीले पनि सरकारीको सेवा दिँदैन। दिन सक्दैन। सरकारीले पनि निजीको स्वायत्तता पाउँदैन। सरकारले नै दिँदैन। नियमले। विनियमले। यस स्थितिमा हामी दुवै भिन्न हौं। सानाठूला होइनौं भन्ने चिन्तन उमारौं।

### परिणति

अहिले निजीमा बडप्पन छ। सरकारीमा लघुताभास। यी दुई अतिवादहरू घट्छन्। सके हट्छन्। क्रमश: सरकारी सुध्रिँदै जान्छ। निजीले व्यावसायिक र प्राविधिक शिक्षाको बाटो लिन थाल्छन्। विशेषखाले पढाइ पढ्ने। पढाउने। यो चिन्तनगत परिवर्तन (paradigm shift) ले गर्दा निजीलाई सरकारले लगानी गर्न थाल्छ। यो लगानीले निजीको क्षेत्र ध्रुवीकरण हुँदै जान्छ। कि अन्तर्राष्ट्रिय कोर्स पढाउने। कि अपाङ्गलाई शिक्षा दिने। कि दुर्गम क्षेत्रमा जाने। कि शहरी क्षेत्रमा हामी सबैलाई पढाउँछौं भन्ने जिम्मेवारी लिने। कि हामी विद्यालयीय शिक्षाबाट उच्च शिक्षामा जान्छौं भन्ने। कि अन्य क्षेत्रमै लगानी गर्न खोज्ने। यी ध्रुवीकरणले निजीको अहिलेको दुर्दशा हट्छ। पेटमै बच्चा बुकिङ गर्ने दुर्दशा। खोल्दै बन्द गर्दै गर्नुपर्ने दुर्दशा। लाख नचढाए चल्न नपाउने दुर्दशा। यस्ता दुर्दशाबाट निजीहरूले मुक्ति पाउँछन्। सरकारीले पनि त्यस्तै सबक सिक्छ। कि गर्ने सबक। कि मर्ने सबक। कि अस्तित्व बिलाउने सबक। कि निजी र सरकारीको सहकार्यमा जीवन्त बन्ने सबक। के हामी त्यतातर्फ उन्मुख हुने हो त?

राधेश्याम अधिकारी



# प्रसङ्ग अमेरिकाको चिन्ता नेपालको

**शिक्षा प्रणाली/पद्धतिलाई राम्रो बनाउन सञ्चारमाध्यमको पनि ठूलो हात रहन्छ भन्ने कुरा अमेरिकी दृष्टान्तले स्पष्ट गरेको छ । नेपालमा पनि सञ्चारमाध्यममा भएको विकासलाई शिक्षा क्षेत्रसँग लगेर जोड्नु जरुरी छ । किनभने शिक्षामा सुधार नगरी मुलुक फस्टाउन सक्दैन ।**



असफल शिक्षकबाट हामी किन त्राण पाउन सक्दैनौं ? यो जल्दोबल्दो प्रश्नबाट जति नेपाल जस्ता विकासोन्मुख मुलुकहरू पीडित छन् त्यति नै पीडित अमेरिका जस्तो शक्तिशाली राष्ट्र पनि रहेछ । १५ मार्च, २०१० को *न्यूजविक* पत्रिकामा इभान थोमस र प्याट विङ्गर्टले यो विषयमा लामो लेख लेखेका छन् । उनीहरूका अनुसार अमेरिकामा प्राथमिक र माध्यमिक विद्यालयको पढाइको औसत स्तर लज्जाजनक किसिमले घटेको छ । कुनै वेला संसारका सबैभन्दा प्रतिस्पर्धी विद्यार्थीहरू भएको ठानिएको अमेरिकाको स्तर आज युरोपियन केटाकेटीहरू भन्दा निकै पछि परिसकेको छ । विश्व सूचीमा अमेरिकी विद्यालयको शैक्षिक स्तर १०औं स्थानभन्दा तल परेको छ । अमेरिकाभित्रै पनि गोरा विद्यार्थीको तुलनामा गरीब र अल्पसङ्ख्यक विद्यार्थीहरू अरू पछिपरेका छन् । र; कमजोर तप्काका विद्यार्थीको सङ्ख्या जति बढ्दैछ त्यति नै अमेरिकाको सरदर शैक्षिक स्तर घट्ने क्रम जारी छ ।

यी अनुसन्धानकर्ताहरूको निष्कर्ष के छ भने; शिक्षाको स्तर उकास्न कक्षामा पढ्ने विद्यार्थी सङ्ख्या, पुस्तक, पढाउने तरिका र पाठ्यक्रमभन्दा शिक्षकको क्षमता र सक्रियताले बढी महत्त्व राख्दछ ।

उक्त अनुसन्धानले के पनि देखाएको छ भने जहाँ कमजोर विद्यार्थीहरू पढ्छन्, त्यहाँ छाँटिएका (अर्थात् कमजोर) शिक्षकहरू खटाइन्छन् । यस्ता विद्यालयहरूमा शिक्षककै कारण विद्यार्थीहरू 'बन्न' र 'बिग्रन' बाध्य

# असफल शिक्षक

**शिक्षकका दुईवटा सङ्गठन अमेरिकामा निकै शक्तिशाली छन् । यता आएर यी शक्तिशाली सङ्गठनका पदाधिकारीहरू पनि अगतिला र कमजोर शिक्षकहरूको पक्षमा धेरै अडान लिन नसकिने कुरामा सहमत हुन थालेका छन् । शिक्षकको उत्तरदायित्व विद्यार्थी प्रति रहने कुरामा आम सहमति बन्दै गएको छ ।**

भइरहेका हुन्छन् । लगातार पढाउने दुई, तीन वा चार जना राम्रा शिक्षकका कारण कमजोर विद्यार्थीहरूले पनि पढाइमा राम्रो गरेका छन् भने लगातार दुई जना असक्षम शिक्षक व्यहोर्न बाध्य केटाकेटीहरू पढाइमा कहिल्यै उठ्न नसक्ने गरी थलिने गरेको पाइएको छ ।

त्यसैले अमेरिकी अधिकारीहरूका निम्ति सक्षम शिक्षक चयन गर्नु र असक्षमलाई हटाउनु अति नै महत्त्वको काम हुन पुगेको छ । तर, यो त्यति सजिलो भने छैन । धेरै सार्वजनिक विद्यालयहरूले प्रतिभाशाली र सक्षम शिक्षकलाई आकर्षित गर्न सकेका छैनन् । अर्को एउटा अध्ययनले के देखाएको छ भने प्राज्ञिक हिसाबले तल परेका विद्यार्थीहरू अमेरिकामा शिक्षक बन्दैछन्, जबकि फिनल्याण्डमा माथिल्लो १० प्रतिशत विद्यार्थीहरूबाट शिक्षक छनोट हुने गर्दछ ।

अमेरिकामा शिक्षकका सङ्गठनहरू धेरै शक्तिशाली छन् । अमेरिकाका धेरै राज्यहरूमा दुई वा तीन वर्ष पढाउने शिक्षकलाई स्थायी प्रकृतिको जागिर दिइने गरिन्छ । एकचोटि स्थायी भएका शिक्षकलाई पदमुक्त गर्नु भनेको त्यहाँ पनि फलामको चिउरा चपाउनुसरह हुन्छ । सन् २००८ मा न्यूयोर्क शहरमा कार्यरत ३०,००० स्थायी शिक्षकमध्ये तीन जनालाई मात्र कारण देखाएर हटाउन त्यहाँका अधिकारीहरू सफल भएका थिए । शिकागो शहरमा सन् २००५ देखि २००८ सम्म कुल शिक्षकहरूको ०.१ प्रतिशत शिक्षकलाई अनैतिक कार्य गरेबापत पद मुक्त गरियो । ओहिओ राज्यको आक्रन शहरमा त यो सङ्ख्या शून्य प्रतिशत थियो । टोलेडो भन्ने शहरमा ०.०१ प्रतिशत थियो भने डेनभरमा पनि शून्य प्रतिशत थियो ।

अन्य कुनै पनि पेशा भन्दा शिक्षकको पेशा बढी सुरक्षित छ अमेरिकामा । यसो हुनुको पछाडि शिक्षक सङ्गठनहरू मात्र पनि जिम्मेवार छैनन् । स्कूलका धेरै प्रधानाध्यापकहरू असक्षम शिक्षकहरूलाई हटाउने प्रयत्न नै गर्दैनन् । बढी गरेमा सरुवासम्म गर्ने गरिन्छ । प्रत्येक वर्ष अमेरिकाका रुण्डै ९९ प्रतिशत शिक्षकहरूले 'सन्तोषजनक' काम गरेको प्रमाणित गर्ने गरिन्छ । कुनै शिक्षकलाई हटाउनु भनेको स्थानीय शिक्षक सङ्गठनसँग महँगो कानूनी लडाइँ लड्न तत्पर हुनु हो भन्ने त्यहाँको आम बुझाइ पाइन्छ ।

परिणामतः अमेरिकामा मध्यम वर्गका लागि एकखाले र गरिब तप्काका लागि अर्कोखाले शिक्षण पद्धति विकास हुँदैछ । विद्यालय भर्ना भएकामध्ये करिब ६० प्रतिशत मात्र काला र हिस्पानिक विद्यार्थीहरू माध्यमिक विद्यालय उत्तीर्ण हुन्छन् । त्यसैले अमेरिकीहरू हालको स्कूल पद्धतिमा सुधार ल्याउन वैकल्पिक उपायहरू खोज्दैछन् । शिक्षक सङ्गठनहरू भन्दा बाहिर रहने गरी विद्यालय सञ्चालन गर्नुलाई एउटा विकल्पका रूपमा लिइएको छ । त्यसरी सञ्चालित विद्यालयमा पढ्ने विद्यार्थीहरू ८५ प्रतिशतसम्म सफल हुन समेत थालेका छन् । १९ वटा राज्यमा यस्ता ८२ वटा विद्यालय खुली पनि सकेका छन् । यस्ता विद्यालयमा धेरै दिन पढाइ हुन्छ र त्यो गुणात्मक पनि हुन्छ ।

शिक्षकका दुईवटा सङ्गठन अमेरिकामा निकै शक्तिशाली छन् । ती मध्येको राष्ट्रिय शिक्षक संघमा बत्तीस लाख सदस्य छन् भने अमेरिकी शिक्षकहरूको सङ्गठनभित्र चौध लाख सदस्य छन् । यता आएर यी शक्तिशाली सङ्गठनका पदाधिकारीहरू पनि अगतिला र कमजोर शिक्षकहरूको पक्षमा धेरै अडान लिन नसकिने कुरामा सहमत हुन थालेका छन् । शिक्षकको उत्तरदायित्व विद्यार्थी प्रति रहने कुरामा आम सहमति बन्दै गएको छ । कमजोर शिक्षकका निम्ति आँखा चिम्लेर पक्ष लिँदाको दोष शिक्षक सङ्गठनले पनि लिनुपर्ने हुन्छ भन्ने कुरामा संघ-सङ्गठनका पदाधिकारीहरू सचेत पाइन्छन् ।

अमेरिकी शिक्षकहरूको हालको अवस्थामा सुधार ल्याउनु पर्ने/नपर्ने कुरामा त्यहाँका शिक्षकहरूबीच नै पनि मतभेद छ । एकथरी असल एवं गतिला शिक्षकहरू पनि सुधार गर्नुपर्ने कुरासँग सहमत छैनन्, किनभने उनीहरूले राम्रो काम गरिनै रहेका छन् । तर, अगतिला शिक्षकका कारण पठन-पाठनमा परिरहेको नकारात्मक असर घटाउनका निम्ति शिक्षक छनोट एवं कारबाही प्रक्रियामा सुधार नगरी नहुने कुरामा कसैको विमति पाइँदैन ।

अमेरिकी सार्वजनिक शिक्षा प्रणालीलाई पहिलेको गौरवयुक्त स्थितिमा पुऱ्याउन स्थानीय राजनीतिज्ञ र विद्यालय व्यवस्थापन समितिले नै कदम बढाउनुपर्ने ठानिएको छ । गत वर्ष रोड आइल्याण्डको सेन्ट्रल फल्स हाईस्कूलका आधाजसो विद्यार्थीले विद्यालय छाडे र एघारौं तहको गणितमा सात प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भए । राज्यका तर्फबाट दबाब सृजना भएपछि स्कूल निरीक्षकले विद्यार्थीहरूको क्षमता बढाउन त्यस विद्यालयका शिक्षकहरूले प्रत्येक दिन थप पच्चीस मिनेट बढी पढाउनुपर्ने, साताको एक दिन विद्यार्थीहरूसँगै दिउँसोको खाना खानुपर्ने र तेस्रो पक्षद्वारा प्रगतिको समीक्षा गरिनुपर्ने प्रस्ताव राखिन् । तर शिक्षकहरूले त्यसो गर्नुपर्ने भए घण्टाको नब्बे डलरका दरले थप रकम पाउनुपर्ने माग गरे । गतिलो नपढाउने तर चर्को माग राख्ने ती शिक्षकहरूको व्यवहारबाट निरीक्षकलाई अरू कठोर निर्णय लिन बाध्य पाऱ्यो । उनले त्यस्तो माग राख्ने सबै (७४ जना) शिक्षकलाई बर्खास्त गर्ने सिफारिस गरिन् । स्कूल निरीक्षकको त्यो कदमको तारिफ संघीय शिक्षा मन्त्रीले मात्र गरेनन्; स्वयं राष्ट्रपति ओबामा समेतले गरे । शुरुमा शिक्षक सङ्गठनहरूले 'सबै दोष शिक्षकमाथि थोपर्नु अन्याय भएको' भनी अडान लिने कोशिश गरे । तर सञ्चारमाध्यमको समेत चर्को दबाब पर्न थालेपछि खाईपाई आएकै तलबमा बढी समय काम गर्न ती शिक्षकहरू मञ्जुर भए ।

माथिको घटना एउटा सानो उदाहरण मात्र हो । विद्यार्थी

**हाम्रा स्थानीय नेता, नागरिक समाजका प्रतिनिधिहरूले आफ्नो सेरोफेरोका विद्यालयहरूमा अहिले पनि चाख त लिएका छन्- तर केका लागि भने विद्यालय व्यवस्थापन समिति हत्याउन र त्यहाँ शिक्षकका रूपमा आफन्त भित्र्याउनका लागि मात्र।**

माथि यौन दुर्व्यवहार गरेको जस्ता घटनालाई समेत ढाकछोप गरी ठूलो राशी दिएर शिक्षक हटाएको, विद्यार्थीहरूलाई अनाहक दुर्व्यवहार गरेको, शिक्षकले चेलीमाथि जबरजस्ती गरेको सम्मका घटना छन्। तैपनि त्यस्ता शिक्षकहरूमाथि कारबाही गर्न कठिनाई परेको वास्तविकतासँग आज अमेरिका जुधिरहेछ।

नेपाली विद्यालयका शिक्षकहरूका सम्बन्धमा अमेरिकासँग दाँज्ने धेरै कुरा छन्। एकपटक स्थायी भएका शिक्षकलाई कारबाही गर्न र पदबाट हटाउन यहाँ पनि सजिलो छैन। हाम्रा एक लाखभन्दा बढी शिक्षकहरूमध्ये वार्षिक रूपमा कति कारबाहीमा पर्दछन् त्यसको यकिन तथ्याङ्क त छैन; तर, अनुमान गर्दा यो पक्कै पनि एक प्रतिशतमुनि नै हुनुपर्दछ। मेहनत गरी पढाउने गतिला शिक्षकहरू पनि निकै छन्, तर सँगसँगै अगतिलाको जमात पनि राम्रै छ। शिक्षा ऐनको सातौं संशोधनमार्फत पाँच वर्षभित्र आफूले पढाउने विषयमा दश चोटिमा परीक्षा उत्तीर्ण गरेर भए पनि शिक्षक लाइसेन्स लिनेसम्मको काम सुरुआत गरौं भनेर लाग्दा तत्कालीन शिक्षा मन्त्री आमोदप्रसाद उपाध्यायको सातो लिने काम स्थानीय राजनीतिज्ञ, पार्टी नेता, शिक्षक र शिक्षक सङ्गठनहरूबाट भएको थियो। सार्वजनिक विद्यालयहरूको सफलता कति छ भन्ने कुरा पन्ध्र लाखभन्दा बढी विद्यार्थीहरूलाई आफ्नो गाँस काटेर अभिभावकहरूले महँगा निजी विद्यालयमा पढाउन बाध्य भएबाटै पुष्टि हुन्छ। रहरले निजी विद्यालयमा अभिभावकले पढाइ रहेछन् कि बाध्य भएर- यो खुट्याउने काम सार्वजनिक विद्यालयका शिक्षककै जिम्मा छोड्दा हुन्छ।

हाम्रा शिक्षक संघ-सङ्गठनहरू राजनीतिक पार्टीका भ्रातृ सङ्गठनका रूपमा रहेका छन्। अमेरिकामा कम्तीमा सङ्गठनको आफ्नो झुकावको राजनीतिक दलको झोला बोक्न शिक्षकहरूलाई बाध्य पारिँदैन। नेपालमा जय नेपाल, लाल सलाम (अब जय मधेश पनि) को झण्डा र झोला नबोकी धर पाइँदैन भन्ने शिक्षकलाई परेको छ। बरु नपढाए हुन्छ, तर राजनीतिक छाता ओढ्नै पर्छ, आफ्नो बचाउका लागि। संघ, सङ्गठनहरू नेपालमा पनि शिक्षकको (गतिला, अगतिला जे भए पनि) बचाउ आन्दोलनमा सक्रिय रहन्छन्। सरकारको नियामक निकाय कमजोर छ।

गुणात्मक शिक्षा चाहिन्छ भन्ने सन्देश आज शहरी क्षेत्रलाई नाघेर नेपालका गाउँहरूमा समेत पुगिसकेको छ। यथार्थमा गुणात्मक शिक्षा प्रदान कसरी गर्ने भन्ने कुरा हाम्रा लागि चुनौतीको विषय रहेको छ। यसमा जसरी अमेरिकी राष्ट्रपतिले एउटा साधारण स्कूलको सवाललाई आफ्नो चासो र सरोकारको विषय बनाए; त्यसरी नै हाम्रा राजनीतिक व्यक्तिहरू; त्यसमा पनि प्रधानमन्त्री, शिक्षा मन्त्रीले विशेष चासो र राजनीतिक इच्छाशक्ति देखाउनु जरुरी छ। हाम्रा स्थानीय नेता, नागरिक समाजका प्रतिनिधिहरूले आफ्नो सेरोफेरोका विद्यालयहरूमा अहिले पनि चाख त लिएका छन्- तर केका लागि भने विद्यालय व्यवस्थापन समिति हत्याउन र त्यहाँ शिक्षकका रूपमा आफन्त भित्र्याउनका लागि मात्र। त्यसो गर्नु पटक्कै उचित होइन। यसनिम्ति विद्यालयलाई साझा सरोकारको विषय बनाउनु आवश्यक छ।

शिक्षा प्रणाली/पद्धतिलाई राम्रो बनाउन सञ्चारमाध्यमको पनि ठूलो हात रहन्छ भन्ने कुरा अमेरिकी दृष्टान्तले स्पष्ट गरेको छ। नेपालमा पनि सञ्चारमाध्यममा भएको विकासलाई शिक्षा क्षेत्रसँग लगेर जोड्नु जरुरी छ। किनभने शिक्षामा सुधार नगरी मुलुक फस्टाउन सक्दैन। यो शिक्षकहरू व्यक्तिप्रति अनुराग वा विराग वा तटस्थताको प्रश्न होइन। यो त सम्पूर्ण मुलुकलाई तेस्रो विश्वबाट पहिलो विश्वमा पुऱ्याउने प्रयत्नको थालनी हो। यसलाई यसै रूपमा बुझ्नु राम्रो हुन्छ।


मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

| काठमाडौंबाट | | | |
|---|---|---|---|
| काकडभिट्टा | विहान ५ बजे | वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे | भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे | शिवनगर | दिउँसो १२:१५ बजे |
| धरान | विहान ५:५० बजे | टौंडी-पर्सा | दिउँसो १:४५ बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ | टौंडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| राजविराज | विहान ६ बजे | पर्सा-कपिया | दिउँसो २:१० बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे | पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| मलंगवा | विहान १०:४५ बजे | गीतानगर-जगतपुर | दिउँसो ३ बजे |
| जनकपुर | विहान ७:१५ बजे | | |
| कलैया | विहान १०:१५ बजे | | |

| काठमाडौंतर्फ | | | |
|---|---|---|---|
| काकडभिट्टा | विहान ५ बजे | कलैया | विहान ८ बजे |
| भद्रपुर | विहान ४:५० बजे | हेटौडा | विहान ११ बजे |
| मधुमल्ल | विहान ४:५० बजे | वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| धरान | विहान ४:२० बजे | शिवनगर | विहान ५:३० बजे |
| विराटनगर | विहान ४:३० बजे | भरतपुर | विहान ५:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे | पर्सा | विहान ५:४५ बजे |
| राजविराज | विहान ५:३० बजे | मेघौली | विहान ६:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे | टौंडी-खोलासिमल | विहान ६:३० बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे | पर्सा-कपिया | विहान ६:३० बजे |
| मलंगवा | विहान ५:१५ बजे | जगतपुर | विहान ७:१५ बजे |
| | | नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थान: कलंकी: ४२७७५५२/४२८१९७२ सुन्धारा: ४२५३१४२ गौशाला: ४४८०७९३ लगनखेल: ५५३४३५९ धरान: ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराज: ०३१-२००९१ लहान: ०३३-६०३६६ सिरहा: ०३३-२०१३१, मलंगवा: ०४६-२००४२ वीरगञ्ज: ०५१-२१५२६, हेटौडा: ०५७-२०५३५।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

**शैक्षिक सुधार**

**कृष्णप्रसाद ढकाल**



# शिक्षक असन्तुष्टिको कारण खोजौं

**शिक्षकले पढाएनन्, पढाउँदै पढाएनन् र फेरि पनि पढाएनन् भनी सुगारटाइ गर्नुभन्दा शिक्षकका असन्तुष्टि के के हुन् ? के गर्दा उनीहरू सन्तुष्ट हुन्छन् ? सो बारेमा अध्ययन गर्नु आवश्यक छ ।**

सरकारी विद्यालयहरूमा पठनपाठनको स्तर कमजोर हुनुका धेरै कारणहरूमध्ये त्यहाँ व्याप्त दलीय राजनीतिलाई मुख्य दोष दिइने गरिएको छ । शिक्षकहरू विभिन्न सङ्गठनमा विभाजित भएकाले उनीहरूको पेशागत मर्यादा खस्किँदै गएको ठहर गर्ने गरिन्छ । शिक्षकहरू नियमित रूपमा कक्षाकोठामा उपस्थिति हुन नसकेका कारण पठनपाठनमा व्यवधान पुगेको आवाज पनि चर्को रूपमा सुनिन्छ । शिक्षकहरू आफ्ना विद्यार्थीप्रति उत्तरदायी हुन नचाहेको, आफूले आस्था राखेको राजनीतिक दललाई नै सर्वस्व ठानेको, शिक्षण संस्थाहरू राजनीतिक क्रीडास्थल बन्न पुगेको तथा शिक्षण पेशालाई आकर्षक पेशाका रूपमा स्थापित गर्न नसकिएको कुरा पनि सार्वजनिक रूपमै उठ्ने गरेको छ । शिक्षकहरूले आफ्नो पेशालाई मर्यादित बनाउनेभन्दा सुविधाप्रति बढी लालसा राखेको कारणले शिक्षण पेशाको गरिमा दिनानुदिन घटिरहेको छ र घट्ने क्रम जारी छ । योग्य व्यक्तिहरू शिक्षण पेशातिर आकर्षित हुनुभन्दा अन्यत्र जाने गरेको तथा शिक्षकहरूले आफ्ना सन्तानलाई आफूले पढाउने विद्यालयमा पठाउनुको सट्टा निजी विद्यालयमा पढाउने प्रवृत्तिप्रति पनि कडा आलोचना सुन्नु परेको छ ।




त्यति मात्र होइन शिक्षकहरू आफूले पढाउने विद्यार्थीहरूका बीचमा रमाएर बस्नुभन्दा टार्टिँदै गएका, विद्यालयमा ढिलो गरी आउने र चाँडो जाने गरेको, कक्षाकोठामा भन्दा ट्युसनमा प्रभावकारीढङ्गले पठाउने गरेको आदि कारणले सामुदायिक विद्यालयको प्रगति हुन नसकेको कुरा विभिन्न प्रतिवेदनहरूले सार्वजनिक गरेका छन् । विद्यालय जान आलोपालो गर्ने गरेको, प्रवेशिका परीक्षाका बखत परीक्षा केन्द्रहरूमा अड्डा जमाउने गरेको, आफ्नो पेशामा मात्र निर्भर नभई अन्य कर्महरू पनि गर्ने गरेको, आफ्नो विद्यालयको पठनपाठनमा ध्यान नदिई प्राय: जिल्ला शिक्षा कार्यालयमा धाउने गरेको, विभिन्न किसिमका ठेक्कापट्टा, खरिद बिक्री आदि कार्यमा संलग्न हुने गरेको कुरा पनि चर्चामा आउने गरेका छन् ।

शैक्षिक जनशक्ति विकास केन्द्रको तथ्याङ्कले भन्छ- हाल दरबन्दीमा कार्यरत १ लाख ७ हजार शिक्षकहरूमध्ये ९८ प्रतिशत दशमहिने तालिम प्राप्त रहेका छन् । तर अनुसन्धानकर्ताहरूको प्रतिवेदनले बोल्छ- तालिममा सिकेका शिक्षण विधि र सीपहरू

शिक्षकहरूले आफ्नै गोजीमा थन्क्याएका छन्, जानेको कुरा कक्षाकोठाभित्र छिराउने गरेका छैनन् । विभिन्न अनुसन्धानका प्रतिवेदनहरूले औंल्याए अनुसार शिक्षामा देखिएका सबै कमी-कमजोरी शिक्षकहरूबाट नै भएका छन् । यसको मतलब सरकारी स्कूल बर्बाद हुनुमा अरू सरोकारवालाहरू सोह्रै आना चोखा छन् भन्ने होइन । तथापि अनुसन्धान प्रतिवेदनहरूले शिक्षकका बारेमा उजागर गरेका तथ्यहरू सत्यताको धेरै नजिक छन् ।

कमजोरीबाट उम्किन हामी शिक्षा-सरोकारवालाहरूले एकापसमा हिलो छ्यापाछ्याप निकै गर्‍यौं । जस आफूतिर र अपजस अर्कोतिर थोपर्ने कुरामा माहिर बन्यौं हामी । सबैले यिनै मामिलामा आ-आफ्नो क्षमता, दक्षता र सीप विकास गर्नमा ऊर्जा खर्च गर्‍यौं । तर स्कूल र शिक्षाका समस्या ज्यूकात्यूँ रहे । त्यसैले प्रश्न उब्जियो शैक्षिक सुधारको थालनी कहाँबाट गर्ने ? कसले गर्ने ? यस्तै प्रश्नले घचघच्याएपछि नेपाल शिक्षक युनियनले ठहर गरेको छ- अब शैक्षिक सुधारको थालनी कक्षाकोठाबाट गर्ने । यस्तो सुधार शिक्षक स्वयंले थाल्ने ।

मुलुकमा धेरै परिवर्तनहरू भए । राम्रा राम्रा निर्णयहरू भए । नीति र कानुनहरू बने । तर ती कुनै पनि प्रभावकारी ढङ्गले लागू हुन पाएनन् । यस्तो किन भयो त भन्दा प्रभावकारी शिक्षाको अभावका कारण यस्तो हुन गएको हो । परिवर्तनका उपलब्धिहरूलाई संस्थागत गर्ने काम शिक्षाले मात्र गर्न सक्छ भन्ने कुरा हामीले भुल्यौं । मुलुकले शिक्षालाई प्राथमिकतामा राखेन । यतिसम्म कि प्रमुख राजनीतिक दलहरूको पहिलो प्राथमिकतामा शिक्षा परेन । वास्तवमा यहींनेर गम्भीर गल्ती भएको छ । विश्वमा जुन जुन मुलुकहरूले शिक्षालाई उच्च प्राथमिकता दिए ती मुलुकहरू विकासको चुलीमा पुगे र दाताराष्ट्रका रूपमा स्थापित भए । तर यसको उल्टो जुन जुन राष्ट्रले शिक्षालाई उच्च प्राथमिकता दिन कन्जुस्याइँ गरे ती सधैं हात थाप्नेमा परे ।

शिक्षा नै एउटा यस्तो सशक्त माध्यम हो जसले दुनियाँमा कसैले गर्न नसकेको कुरा गरेर देखाइदिन्छ । यही कुरा बुझेर अमेरिकी राष्ट्रपति बाराक ओबामा सत्ता सम्हाल्ने वित्तिकै भन्न थाले, "अमेरिकाको भविष्य नै शिक्षकहरूमा निर्भर छ । आज म नयाँ पुस्ताका अमेरिकीहरूलाई अगाडि बढेर हाम्रो देशका कक्षाकोठाहरूमा सेवा गर्न आह्वान गर्छु । यदि तपाईं यो राष्ट्रको जीवनमा फरक ल्याउन चाहनुहुन्छ, आफ्नो क्षमता र लगावको अधिकतम प्रयोग गर्न चाहनुहुन्छ, पछिसम्म रहिरहने किसिमको आफ्नो गाथासहितको छाप छोड्न चाहनुहुन्छ भने शिक्षण पेशामा सरिक हुनुहोस् । अमेरिकालाई तपाईंको आवश्यकता छ ।"

नर्वेले गतिला शिक्षकको सङ्ख्या बढाउने सन्दर्भमा यदि दक्ष, योग्य र सक्षम जनशक्ति शिक्षामा प्रवेश गर्छ भने उनीहरूको तलब भत्तामा वृद्धि, अन्य सेवा-सुविधा थप, कर घटाउने, ऋण मिनाह गर्ने, इन्टरनेट सेवा उपलब्ध गराउनेलगायतका योजनाहरू बनाएको छ । तर हाम्रो अवस्था यसको ठीक उल्टो छ ।

मानव चेतनाले मुलुकमा परिवर्तन ल्याउँछ ।

**तथ्याङ्कले भन्छ– हाल दरबन्दीमा कार्यरत १ लाख ७ हजार शिक्षकहरूमध्ये ९८ प्रतिशत दशमहिने तालिम प्राप्त रहेका छन् । तर अनुसन्धानकर्ताहरूको प्रतिवेदनले बोल्छ– तालिममा सिकेका शिक्षण विधि र सीपहरू शिक्षकहरूले आफ्नै गोजीमा थन्क्याएका छन्, जानेको कुरा कक्षाकोठाभित्र छिराउने गरेका छैनन् ।**

चेतनाको ज्योति शिक्षाले मात्र बाल्न सक्छ । समाजमा चेतना र ज्ञानको ज्योति बाल्ने प्रमुख जिम्मेवारीमा शिक्षक रहेका हुन्छन् । यो दायित्व निर्वाह गर्नका लागि शिक्षक सधैं सन्तुष्ट रहनुपर्दछ । अर्को शब्दमा भन्ने हो भने शिक्षासँग राष्ट्रिय विकासको साँचो रहेको हुन्छ । अनि शिक्षा विकासको साँचो शिक्षकसँग हुन्छ । शिक्षा विकासको साँचो बोकेका शिक्षकहरू असन्तुष्ट छन् भने सन्तुष्ट तुल्याउनु राज्यको दायित्व हो । शिक्षक प्रसन्न र आत्मसन्तोषका साथ कक्षाकोठामा प्रवेश गर्न पाउने वातावरण राज्यले बनाइदिनुपर्दछ । नत्र शिक्षकको असन्तुष्टि विद्यार्थीमा सर्छ र त्यो विद्यार्थी हुँदै अभिभावक, सिङ्गो राष्ट्र र अन्तर्राष्ट्रियस्तरसम्म त्यसको प्रभाव पर्छ ।

तसर्थ शिक्षकले पढाएनन्, पढाउँदै पढाएनन् र फेरि पनि पढाएनन् भनी सुगारटाइ गर्नुभन्दा शिक्षकका असन्तुष्टि के के हुन् ? के गर्दा उनीहरू सन्तुष्ट हुन्छन् ? सो बारेमा अध्ययन गर्नु आवश्यक छ ।

सबैले सधैं सम्झनुपर्ने कुरा के हो भने शिक्षक समाजका अगुवा हुन् । हिजो पनि थिए । आज पनि छन् र भोलि पनि अगुवा नै रहने छन् । उनीहरू सधैं सबैका लागि प्रसन्न रहने वातावरण निर्माण गरिनुपर्दछ । एउटा शिक्षक असन्तुष्ट रहँदा पुस्तौंपुस्ता बिग्रन्छ । मुलुक बर्बाद हुन्छ । समाजले गति लिन सक्दैन । विकास रोकिन्छ । मुलुक प्रतिगमनतर्फ फर्कन्छ । यसको असर अन्तर्राष्ट्रियस्तरसम्म पर्दछ । फेरि हामीले भुल्नै नहुने कुरा के हो भने रोग लागे मात्र डाक्टरको आवश्यकता पर्दछ । त्यस्तै मुद्दा लड्नेका लागि मात्र वकिल चाहिन्छ । तर रोग नलाग्नेका लागि डाक्टर र मुद्दा नलड्नेका लागि वकिलको खासै महत्त्व रहन्न । तर संसारभरि सबैका लागि शिक्षक आवश्यक छन् । विकसित, विकासोन्मुख सबै मुलुकका सबै जनताका लागि शिक्षक चाहिन्छन् । ऊ हिजो जति लोकप्रिय थियो आज पनि त्यत्तिकै छ । त्यसैले शिक्षण महान् पेशा हो । सबै शिक्षकका हुन् र शिक्षक सबैका हौ । एउटा शिक्षकले आफ्नो राष्ट्रलाई मात्र नभई सिङ्गो युगलाई नै गति दिन सक्नुपर्दछ ।

हामी शिक्षकहरूले पनि हिजो भए/गरेका गल्तीहरू सुधारौं । शैक्षिक सुधारमा जुटौं । सबैले आफूले गर्ने सुधारका क्षेत्रहरू पहिचान गरी सार्वजनिक पनि गरौं । अनि सबैले हातेमालो गर्दै शैक्षिक सुधारतर्फ डटेर अग्रसर होऔं । कसैले कसैलाई दोषारोपण नगरौं । भो अब बकबास बन्द गरौं ।

(लेखक नेपाल शिक्षक युनियनका राष्ट्रिय अध्यक्ष हुनुहुन्छ ।)

शिक्षक भर्ती

भास्करराज गौतम



# स्वत: स्थायी, फेरि अर्को उपक्रम

**शिक्षक आपूर्तिमा सबैको मतैक्य रहेको छ– सबै अस्थायी शिक्षकलाई स्थायी गर्नुपर्ने। बहुदल आगमनसँगै 'अयोग्यहरूको हूल' स्वत: स्थायीको नाममा भित्र्याएको पीडा सार्वजनिक शिक्षाले भोगिरहेको अवस्थामा पुन: त्यस्ता मुद्दाहरूलाई भित्र्याउने ठूलै कसरत आज पनि भइरहेको छ।**

रमेश विष्ट (नाम परिवर्तन) बी.एड.को कुनै एक विषयमा त्रिवि 'टप' गर्ने विद्यार्थी हुन्। उनको सरकारी शिक्षक बन्ने चाहनामा त्यसबेला तुषारापात भयो जब उनले थाहा पाए; योग्यताको प्रमाणपत्र र क्षमता मात्रै सरकारी विद्यालयको शिक्षक बन्न पर्याप्त हुँदो रहेनछ। अब उनी एम.एड. पढ्ने र बर्सेनि खुल्ने लोकसेवा आयोगका विज्ञापनमा प्रतिस्पर्धा गर्ने तरखरमा छन्। उनी भन्छन्, "विद्यालय व्यवस्थापन समितिमा आफ्नो मान्छे छैन, पैसा खर्च गर्ने क्षमता छैन, जिल्ला शिक्षा कार्यालयमा आफ्नो कुनै दह्रो नातागोता छैन आदित्यादि...।"

यो पीडा कुनै एक युवाको मात्र नभई अनेकन रमेश विष्टहरूको हो जो स्वच्छ प्रतिस्पर्धा गर्न आफूलाई राज्यले मौका नदिएको गुनासो राख्छन्।

पञ्चायती व्यवस्थाको उत्तरार्द्धतिर पञ्चहरूको सिफारिसमा वा पुलिस रिपोर्टको नाममा व्यवस्था अनुकूलका मान्छेहरूले जागिर खाने थलोको रूपमा शिक्षण संस्थाहरूलाई प्रयोग गर्ने गरिएको थियो। २०४६ सालको परिवर्तनले शैक्षिक संस्था र शिक्षित जनसङ्ख्याको वृद्धिलाई थप उचाइमा त पु¥यायो, तर योग्य शिक्षक छनोट र स्तरीय शिक्षा जस्ता पक्षहरूलाई राजनीतिक रूपमा स्वीकारिएन। त्यसको पीडा आजसम्म सार्वजनिक शिक्षाले भोग्दै आएको छ।

शिक्षक बन्नका लागि कुनै पनि व्यक्ति सर्वप्रथम सोही पेशाको लागि तयार गरिएको जनशक्ति हुनुपर्ने र दोस्रो; त्यस्ता व्यक्तिहरूबीच निष्पक्ष रूपमा प्रतिस्पर्धा गराइनुपर्ने हुन्छ। यी दुई मान्यतालाई नेपालको राजनीतिले कहिल्यै स्वीकार गरेन। यसको पक्षमा वकालत गर्ने कर्मचारीतन्त्र, शिक्षाविद्, अभिभावक र शिक्षकहरू जहिले पनि ओझेलमा परिरहे। बल्लतल्ल जन्मिएको शिक्षक सेवा आयोगलाई पनि शुरुदेखि नै खुम्च्याउने र त्यसलाई सुदृढ र संस्थागत हुन नदिने, शिक्षक लाइसेन्स प्रणालीलाई हलुका/स्तरहीन बनाउने; ताजा र योग्य जनशक्तिलाई शिक्षण पेशामा भित्र्याउने भन्दा आयोगलाई शिक्षक बढुवाको काम मात्र गर्न लगाउने कार्य गरियो।

पञ्चायतकालमा जिल्लास्तरीय शिक्षक छनोट समितिमार्फत शिक्षकहरूलाई स्थायी गरिन्थ्यो। प्रजातन्त्रको पुनरागमनपश्चात् सार्वजनिक विद्यालयका शिक्षकहरूको नियुक्ति, बढुवाको कार्य गर्न एक संवैधानिक आयोगको निर्माण गरिनुपर्ने भन्ने माग शिक्षकहरूले उठाएका थिए। तर, त्यसलाई सधैँ बेवास्ता गरियो। फेरि पनि पञ्चायती शैलीकै जिल्ला शिक्षक छनोट समितिमार्फत जिल्लाहरूमा शिक्षकलाई स्थायी गर्ने प्रक्रियालाई निरन्तरता दिइयो। परिणामत: राति राति रिजल्ट प्रकाशित गर्ने र भोलिपल्ट सबेरै जिशिअ भाग्ने अनि अर्को जिल्लामा सरुवा मिलाउने कार्यले शिक्षक आयोगको विश्वसनीयता कहिल्यै स्थापित हुन पाएन।

आज देशमा गणतन्त्र आइसकेको छ। शिक्षा यस्तो हुनुपर्ने; उस्तो हुनुपर्ने भन्ने नेता र युनियनहरूको सङ्ख्या पनि थपिएको छ। तर विडम्बना; शिक्षक आपूर्तिमा सबैको मतैक्य रहेको छ–सबै अस्थायी शिक्षकलाई स्थायी गर्नुपर्ने। बहुदल आगमनसँगै 'अयोग्यहरूको हूल' स्वत: स्थायीको नाममा भित्र्याएको पीडा सार्वजनिक शिक्षाले भोगिरहेको अवस्थामा पुन: त्यस्ता मुद्दाहरूलाई भित्र्याउने ठूलै कसरत आज पनि भइरहेको छ।

अस्थायी शिक्षकहरूमध्ये ५० प्रतिशतलाई आन्तरिक परीक्षाद्वारा स्थायी गर्ने दलहरूको सहमति अनुसार १२ हजारभन्दा बढी शिक्षकहरू स्थायी बनाइए। दरबन्दी बाहिर रहेकाहरू जतिसुकै योग्य भए पनि तिनलाई प्रतिस्पर्धामा समावेश गराइएन। गणतन्त्रपश्चात् पनि फेरि अर्कोपल्ट यही कार्य दोहो¥याउन राजनीतिक दल र तिनका भ्रातृ सङ्गठनहरूको प्रयत्न खेर जाने अवस्थामा छैन। यसका लागि ऐन/नियममा परिवर्तन गर्ने सहमति भई पनि सकेको छ। पहुँच र पैसाको

आधारमा अस्थायी शिक्षक भर्ती गर्दै जाने र पछि तिनै व्यक्तिहरूलाई विभिन्न बहानामा स्थायी गर्दै जाने परिपाटीको अन्त्य हुने सङ्केतसम्म पनि देख्न छोडिएको छ। स्थायी भएका शिक्षकहरूमा आफ्नो क्षमता भन्दा पनि राजनीतिक नेतासँगको सम्पर्कप्रति गर्व गर्ने प्रवृत्ति पाइन्छ। परिणामत: उनीहरूको क्रियाकलाप र उत्तरदायित्व पनि राजनीतितिर तानिनु स्वाभाविक लाग्छ। यसरी शिक्षकको उत्तरदायित्व र जिम्मेवारी विपरित ध्रुवतिर तानिनु नै नेपालको शैक्षिक दुर्भाग्य बन्न पुगेको छ। देशका प्रत्येक वडाहरूमा समेत छरिएर रहेका विद्यालयहरूको बलियो नेटवर्कले गर्दा नेताहरूको आँखा शिक्षक भर्तीमा केन्द्रित हुने गरेको पाइन्छ। तर, यसबाट पर्ने नकारात्मक प्रभावका बारेमा भने उनीहरू बुझेर पनि अबुझ झैं देखिने गरेका छन्।

द्वन्द्व विश्लेषकहरू भन्छन्– जहाँ राज्यले पक्षपात गर्छ त्यहाँ विद्रोहको जन्म हुन्छ। जनतालाई पूर्ण रोजगार दिन नसक्ने राज्यले कम्तीमा पनि राज्य नियन्त्रित अङ्गहरूमा शिक्षक/कर्मचारी छनोट गर्दा बेरोजगारबीच स्वच्छ प्रतिस्पर्धा हुने वातावरण बनाउनै पर्ने हो। तर हाम्रा नेताहरूलाई यस्ता कुराप्रति चासोसम्म पनि रहेको पाइँदैन।


अहिले सबैको ध्यान नयाँ बन्नुपर्ने संविधानतिर केन्द्रित छ। शिक्षक बन्न चाहने बेरोजगार युवा र समावेशीकरणको आशामा रहेकाहरू शिक्षक भर्तीमा स्वच्छ प्रतिस्पर्धा गर्न पाउने दिन आउला कि भनेर बसेका छन्। संवैधानिक अङ्गको सूचीभित्र कतै शिक्षक सेवा आयोगको नाम परिहाल्छ कि? अथवा यसको जिम्मा लोकसेवा आयोगलाई पो दिइने हो कि? भन्ने जस्ता कौतुहल र आशा बोकेका युवाहरूले ६०१ जनाको सभाबाट के कस्तो जवाफ पाउने हुन् अथवा जवाफै नपाउने हुन् भन्ने कुरा अन्योलमै छ।

स्वच्छ प्रतिस्पर्धा गर्न पाउनु कुनै पनि नागरिकको अधिकार हो, हक हो, लोकतन्त्र हो। र; एक्काइसौं शताब्दीको शिक्षाको मूल ढोका हो। योग्य शिक्षकले मात्र गुणस्तरीय शिक्षा दिन सक्छ, योग्य नागरिक जन्माउन सक्छ। अनि योग्यताको कसी प्रतिस्पर्धा हो, निष्पक्षता हो, स्वच्छ परीक्षा प्रणाली हो, पारदर्शिता हो, शिक्षकको व्यवसायीकरण हो। तर दरबन्दीमा बसेको शिक्षक 'क' श्रेणीको नागरिक र दरबन्दी बाहिर रहेको जतिसुकै योग्य भए पनि 'ख' श्रेणीको नागरिक हुने परिपाटीको अन्त्य कहिले हुने? के ६०१ जना यस विषयमा गम्भीर छन्? 'एक युगमा एकपटक उथलपुथल आउँछ...' भने झैं के यो ऐतिहासिक संविधानसभाले शिक्षकहरूका लागि सु-समाचार दिन सक्ला?

(गौतम शिक्षक किताबखानामा कार्यरत छन्।)



डा. तीर्थबहादुर श्रेष्ठ



# जहाँ प्रकृतिको लीला देख्न–बुझ्न पाइन्छ

**कालीगण्डकी क्षेत्रमा पाइने शालिग्राम, पूर्वी नेपालको रातो खोलामा पाइएको प्राचीन हात्तीको टाउकोको अवशेष, बुटवलको तिनाउ खोलातिर भेट्टाइएको 'रामा पिथाकस' मानव बङ्गाराको अवशेष आदिको सङ्ग्रहका कारण नेपालको प्राकृतिक विज्ञान सङ्ग्रहालय पनि वैज्ञानिक खोज–अनुसन्धानका निम्ति महत्त्वपूर्ण स्थल बन्न पुगेको छ।**



दुर्लभ पुतली ।



सुनबुट्टे खपटे ।

तस्विरहरू सौजन्यः प्राकृतिक विज्ञान सङ्ग्रहालय

प्राचीन ग्रीसमा कला, ज्ञान र विज्ञानकी देवीलाई म्युसेज (Muses) भनिन्थ्यो । त्यही आधारमा ज्ञान-विज्ञान र अनुसन्धानका लागि पुस्तक र अन्य सामग्रीको सङ्ग्रहालयलाई 'म्युजियम' भन्ने चलन बस्यो । म्युजियमलाई हामी सङ्ग्रहालय भन्दछौं । आज संसारमा थरी-थरीका म्युजियम (सङ्ग्रहालय) छन्- कुनै कलाकृतिका सङ्ग्रहालय, कुनै विज्ञान-प्रविधिका सङ्ग्रहालय, कुनै इतिहास र परम्पराका सङ्ग्रहालय । कुनै सङ्ग्रहालय मानव इतिहासमा केन्द्रित छन्, कुनै आफ्नै राष्ट्रको इतिहासमा समर्पित छन् । यस्ता विभिन्न प्रकारका सङ्ग्रहालयमध्ये प्राकृतिक विज्ञान सङ्ग्रहालय अर्थात् 'नेचुरल हिस्ट्री म्युजियम'लाई यहाँ चर्चाको विषय बनाइएको छ ।

वस्तुतः प्राकृतिक विज्ञान सङ्ग्रहालयले हाम्रो पृथ्वी कसरी बन्यो, यसमा जीवात्माहरू कसरी विकास भए; हाम्रो प्रकृतिमा के कस्ता रहस्यहरू छन्; जीवात्मा र वनस्पतिको संसार कस्तो छ; प्रकृतिको अध्ययनबाट पत्ता लागेका रहस्यमय वस्तुहरू के-के छन् भन्ने कुरा बुझ्न र बुझाउन मद्दत गर्छ ।

सम्पन्न राष्ट्रका प्राकृतिक विज्ञान सङ्ग्रहालयहरूमा ठूल्ठूला डायनोसर्सका अस्थिपञ्जर एवं तिनका मूर्ति रोमाञ्चकारी ढङ्गले सजाइएका हुन्छन् । यो प्राणी ६ करोड तीस लाख वर्ष पहिले नै पृथ्वीबाट लोप भइसकेको हो । तर पनि त्यसका हाडखोड र अण्डाका अवशेषहरू विश्वका विभिन्न ठाउँमा भेटिएका छन् । अनुसन्धाताहरू यस्ता अवशेष खोज्ने र पृथ्वीको जीव-इतिहास खोतल्ने काममा अझै सक्रिय छन् । डायनोसर्सको अवशेष सबभन्दा पहिले सन् १८२२ मा भेट्टाइएको थियो । त्यसपछिका

दिनहरूमा उत्तरी अमेरिका, युरोप, एसिया र अफ्रिकामा भेटिएका विभिन्न हाडखोडका अवशेषहरूको गहनतम अध्ययनले पृथ्वीको इतिहास यकिन गर्न निकै सजिलो बनाइदिएको छ। नेपालमा भेटिएका केही प्राणीका अवशेषले प्राकृतिक इतिहासलाई पछ्याउन निकै सहयोग पुऱ्याएका छन्। उत्तरी कालीगण्डकी क्षेत्रमा पाइने शालिग्राम, पूर्वी नेपालको रातो खोलामा पाइएको प्राचीन हात्तीको टाउकोको अवशेष, बुटवलको तिनाउ खोलातिर भेट्टाइएको 'रामो पिथाकस' मानव बङ्गाराको अवशेष आदिको सङ्ग्रहका कारण नेपालको प्राकृतिक विज्ञान सङ्ग्रहालय पनि वैज्ञानिक खोज-अनुसन्धानका निम्ति महत्त्वपूर्ण स्थल बन्न पुगेको छ।

काठमाडौंको स्वयम्भू नजिक मञ्जुश्री बजारमा अवस्थित यो सङ्ग्रहालय त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित छ। यहाँको एउटा एकतले भवनभित्र लगभग ६० हजार जीवजन्तु, पशुपन्छी, कीटपतङ्ग र वनस्पतिका नमुनाहरू खचाखच छन्, कोचाकोच छन्। एक पटकमा १०/१५ विद्यार्थीले मात्रै सविस्तार अवलोकन गर्न सक्छन्। ढोकाबाट पस्नासाथ गोही र कछुवाका मूर्ति स्वागतरत भेटिन्छन् र भित्ताभरी सयौं आखेटोपहारको सजावट उत्साहपूर्ण देखिन्छ। शासक वर्गहरूको सोखमा मारिएका बाघ, भालु, चितुवा, हरिण, गौरी गाई, चित्तललगायतका टाउको एवं सिङहरू काठको फ्रेममा जडेर सजाइएका छन्। तत्कालीन अधिराजकुमार हिमालय वीरविक्रम शाहका तर्फबाट उपहारस्वरुप प्राप्त यी सामग्रीले नेपालको सिकार इतिहासलाई समेत इङ्गित गर्दछ। वन्यजन्तुका आखेटोपहार नसजाइएका कुनै पनि राणाका दरबार वा शाहका बैठक फेला पार्न कठिन हुन्छ। सिकारका सौखिन शासकहरू प्रशस्त खर्च गरेर वन्यजन्तु एवं पशुपन्छीको आकृति दुरुस्त बनाउने चर्मस्वरुप विशेषज्ञहरूको सेवा प्राप्त गर्दथे। वरिष्ठ चरा विशेषज्ञ हरिशरण नेपालीका अनुसार जुद्धशमशेर जबराका पालामा भारत; लखनऊबाट झिकाइएका विशेषज्ञ उस्रफ मियाँले त्यस कार्यमा निकै उत्कृष्ट सेवा प्रदान गरेका थिए। त्यसपछि सूर्यलाल श्रेष्ठ तथा गोविन्दबहादुर गुरुङले यस कलामा ख्याति कमाए। वर्तमानमा प्राकृतिक विज्ञान सङ्ग्रहालयका देवचन्द्र शाक्य शायद एक मात्र त्यस विषयका विशेषज्ञ हुन्। नेपालमा पशुपन्छीका दुर्लभतासँगै तिनको मृत शरीरलाई दुरुस्त जीवित जस्तै देखिने गरी सजाउन र संरक्षण गर्न जान्ने विशेषज्ञको दुर्लभता पनि बढ्दै भएको छ।

नेपालको प्राकृतिक विज्ञान सङ्ग्रहालयका अमूल्य निधिमध्ये त्यहाँ सुरक्षित करिब १२ सय चराका दुरुस्त नमुना पर्न आउँछन्। ती नमुनाहरू उक्त सङ्ग्रहालय प्रारम्भ गर्ने क्रममा चरा विशेषज्ञ हरिशरण काजीबाट उपलब्ध गराइएका हुन्। नेपालमा पाइने करिब ८६० प्रजातिका चरामध्ये ८०० भन्दा बढी चरा प्रजातिका नमुनाहरू त्यहाँ सुरक्षित छन्। यो सङ्ख्याले विश्वकै पन्छी प्रजातिको तथ्याङ्क (९,०४० प्रजाति) को ९ प्रतिशत भेट्दछ। सङ्ग्रहालयका लागि पन्छीका नमुनाहरू तयार पार्न तिनको छाला, प्वाँख, टाउको र खुट्टा जोगाएर मासु, कलेजो, फोक्सो, आन्द्रा भुँडी, आँखा, गिदी आदि फ्याँकिन्छ। त्यसपछि विशेष रसायन ('बोरेक्स') को धूलो छर्किइन्छ र चराको आकार अनुसार त्यसभित्र कपास भरिन्छ। प्रदर्शनीका निम्ति राखिने चरामा भने नक्कली आँखा समेत जडेर प्राकृतिक स्वरुप प्रदान गरिन्छ। हाल प्रदर्शन कक्षमा राखिएका चरामध्ये राजधनेश ९न्बष्लत ज्यचल द्यर्षि०, सिमकुखुरा र सेतो काग तथा केही राजहाँस दर्शनीय छन्। २०४२ सालताका काठमाडौंको कुलेश्वरमा भेटिएको सेतो



तस्बिर: तीर्थबहादुर श्रेष्ठ

गैंडाको खप्पर।

काग एक प्राकृतिक अपवाद थियो। विभिन्न प्राणीमा वंशाणुगत विसङ्गतिबाट शरीरमा अस्वाभाविक रूपमा पाण्डुपन विकास हुने गर्छ। यस अर्थमा; उक्त सङ्ग्रहालयमा रहेको त्यो सेतो कागको नमुना निकै दुर्लभ जिनिस हो। विद्यार्थीका लागि यस्तो नमुना चाखलाग्दो हुन्छ। अर्को चाखलाग्दो नमुना जनावरका हाडखोडको पूर्ण अस्थिपञ्जर हो। गैंडाको वा हात्तीको टाउको, सर्पको जीउ, बाघको शरीर वा चराको पूर्ण अस्थिपञ्जर देखेपछि हरेक मानिसमा एउटा नयाँ कौतुहल पैदा हुन्छ।

यस सङ्ग्रहालयको बहुमूल्य निधिमा पुतलीको सङ्ग्रहको पनि पर्छ। पुतलीलाई दुई वर्गमा छुट्याउन सकिन्छ; एकथरी दिउँसो उड्ने र अर्काथरी रातमा मात्र बाहिरिने। दिउँसो फूल बिरुवामा विचरण गर्ने पुतलीहरू नउडेको अवस्थामा दुवै पखेँटा जोडेर नमस्ते आकारमा बस्दछन् भने रातिका निशाचर पुतलीहरू दुवै पखेँटा फिँजारेर बस्दछन्। दिवाचर पुतलीका जुँगामा झुस हुँदैन। यिनलाई अङ्ग्रेजीमा बटरफ्लाइ (Butterfly) भनिन्छ भने निशाचरलाई मथ (Moth) भनिन्छ। हामी यी दुवैलाई पुतली भन्दछौं। यस्ता पुतलीको लगभग १५ हजार नमुना यो सङ्ग्रहालयमा मौजुद छन्। यी स-साना प्राणीको ज्यान लिन पुतली विशेषज्ञहरू संसारकै सबभन्दा कडा विष 'सायनाइड' प्रयोग गर्दछन्। छिटोभन्दा छिटो प्राण त्यागेपछि यिनले छटपटाउन पाउँदैनन् र यिनका सुन्दर पखेँटा सग्लो

चिम्टे खपटे।



# नेपाल–अध्ययन: प्राकृतिक विज्ञान



तस्बिर: तीर्थबहादुर श्रेष्ठ

एक स्तनधारी जन्तुको पूर्णाकारको अस्थिपञ्जर।



हाब्रे (रेड पान्डा)।

रूपमा सुरक्षित हुन्छन्। हुनत आजभोलि अरू प्रविधि र विषादी पनि छन् तर उत्तम उपाय 'सायनाइड' लाई नै मानिन्छ। नेपालमा दिवाचर पुतलीका ६४० प्रजाति र निशाचरका २,२५३ प्रजाति रहेको तथ्याङ्क छ। प्रकृतिको यस सुन्दर विविधतालाई एकै स्थलमा हेर्न, देख्न वा अध्ययन गर्नु परेमा सङ्ग्रहालयका विशेषज्ञसँग सहायता लिन सकिन्छ। सङ्ग्रहालयमा रहेको पुतलीको संसार नहेरी फर्कनु अधुरो यात्रा हुन्छ।

हिमाली भेकमा पाइने एक प्रकारका पुतलीको लाभ्रे कीरामा च्याउ जस्तो ढुसी प्रजातिको वनस्पतिले अतिक्रमण गरेपछि बहुमूल्य जडिबुटी 'यार्सागुम्बा' निर्माण हुन्छ। सङ्ग्रहालय गएका बेला यार्सागुम्बा कस्तो हुँदोरहेछ भनी हेरेर आउनु बुद्धिमानी हुन्छ किनभने हाम्रा हिमाली भेकमा वैशाख-जेठ लागेपछि विद्यालयहरू नै बन्द गरेर शिक्षक र बालबालिकाहरू यार्सागुम्बा टिप्न लेकतिर लाग्ने क्रम बढ्दो छ। एक किलो टिप्न सके दश हजार रुपैयाँ कमाउँछन्। हिमपातको दु:खकष्ट सहन्छन्। तिनले पढ्ने पाठ्यक्रममा त्यही अमूल्य सम्पदाबारे चाहिँ केही पनि पढ्न पाउने गरेका छैनन्। हाम्रो यस्तै प्रादेशिक प्राकृतिक सम्पदाबारे ज्ञान प्राप्त गर्न प्राकृतिक सङ्ग्रहालयको सदुपयोग गर्न सकिन्छ। पुस्तक र पाठ्यपुस्तकका लेखकहरूले पनि यस्ता सङ्ग्रहालयबाट अनेकौं रोचक खुराक प्राप्त गर्न सक्दछन्।

यार्सागुम्बाले जस्तै हाम्रा केही खपटे कीराले पनि केही वर्षयता तहल्का मच्चाउँदै छ। खपटे कीरालाई 'बिटल' भनिन्छ। यिनका उड्ने पखेँटाका माथि खप्टिएका दुईवटा खपटा हुन्छन्। ती खपटाको रङविरङ्गको वर्णन गरेर साध्य हुँदैन। राता सुन्तले खपटामा काला काला टीका भएका खपटालाई 'लेडी बिटल' भनिन्छ। बारी/बगैंचामा लाग्ने कीराहरूलाई सखाप पारेर खाइदिने भएकाले टिके खपटेहरू किसानका हितैषी मित्र हुन्। बारीमा विषादी छरेर यिनलाई मार्नुहुँदैन। खपटे कीराहरूमध्ये केही रुगडिया खपटेका टाउको अगाडिबाट लामा-लामा दाह्रा निक्लिएका हुन्छन्। तिनलाई 'स्टाग बिटल' भनिन्छ। यस्ता खपटेको जुधाई हेरेर आनन्द लिने सौखिनहरू जापानमा छन्। खपटेको जुधाईमा अति रोमाञ्चकारी दाउपेच देख्न पाइने हुनाले जापानीहरू प्रशस्त रुपैयाँ खर्च गरेर खपटे कीरा किन्छन्। एक जोडीको हजारौं रुपैयाँ तिर्छन्। नेपाली खपटे कीराको तस्करी आरोपमा कतिपय जापानी समातिएर थुनामा पनि परेका थिए। जैविक विविधताको यो देशमा खपटेको विविधता पनि प्राकृतिक सङ्ग्रहालयमा राम्रै हेर्न पाउँछौं। त्यहाँ ४१४२ वटा विभिन्न खपटेका नमुना छन्। सम्बन्धित विशेषज्ञ कर्मचारीको सहयोगमा तिनको अवलोकन वा अध्ययन गर्न सकिन्छ।

सर्पहरूको सङ्कलनमा पनि प्राकृतिक सङ्ग्रहालयको प्रतिष्ठा राम्रो छ। विषालु सर्पमध्येको संसारकै सबभन्दा लामो सर्प राजगोमनको एउटा नमुना यहाँ राखिएको छ। यो राजगोमन स्वयम्भूकै पश्चिममा पर्ने इचङ्गुनारायणको आसपास समातिएर सङ्ग्रहालयसम्म आइपुगेको हो। तर गोमन वा राजगोमन प्राकृतिक रूपमा काठमाडौं उपत्यकाभित्र पाइने जीव होइन। यसैगरी विश्वका सर्पमध्ये सबैभन्दा ठूलो सर्प प्रजातिमा पर्ने अजिङ्गरको विशाल काँचुली भित्ताभरी ढाक्ने गरी राखिएको छ। २० फुट ४ इञ्च लामो त्यो काँचुली बर्दियाबाट प्राप्त भएको उल्लेख छ। सर्पहरूमध्ये कुनको विष लाग्ने र कुनको विष नलाग्ने भन्ने जानकारी पनि त्यहाँ सहजै पाउन सकिन्छ।

वनस्पतितर्फको सङ्कलनमा च्याउका विभिन्न प्रजाति, जडिबुटी, रुद्राक्षलगायत अन्य थुप्रै वनस्पतिका विभिन्न रुप देख्न सक्दछौं। पत्थरको रुप धारण गरिसकेका वनस्पतिका अवशेषहरू पनि यहाँ सुरक्षित छन्। सङ्ग्रहालयमा कारोबार गर्न अन्तर्राष्ट्रिय रूपमै अवैध ठहरिएका विभिन्न वन्यजन्तुका अवयवहरू पनि प्रदर्शित छन्। विश्व व्यापारमा दुर्लभ वन्यजन्तु, पशुपन्छी वा वनस्पतिलाई रोकथाम गर्न बनेको महासन्धि (साइटिस) सम्बन्धी जानकारी यहाँ उपलब्ध छ।

विश्वका ठूल्ठूला प्राकृतिक विज्ञान सङ्ग्रहालयले विभिन्न वन्यजन्तुका प्रतिरुप तयार गरेर तिनको वासस्थान र वातावरण समेत जाहेर गर्ने/गराउने 'डायोरमा' (Diorama) प्रदर्शनमा राख्ने कारणले गर्दा त्यहाँ दर्शकहरूको घुइँचो लाग्ने गर्दछ। यसका लागि ठाउँ धेरै चाहिन्छ र त्यो काम निकै खर्चालु पनि हुन्छ। त्रिभुवन विश्वविद्यालयको सामान्य बजेट र स्वयम्भूस्थित एक सानो भवनमा त्यस्तो प्राकृतिक विज्ञान सङ्ग्रहालयको परिकल्पना गर्न गाह्रो पर्छ। निश्चय नै राष्ट्रले उचित प्राथमिकता दिएर एक उच्चस्तरीय प्राकृतिक विज्ञान सङ्ग्रहालयको परिकल्पना गर्ने बेला भने आइसकेको छ।

# मेहनती महतो सर !

**महतो गणितलाई 'हाउगुजी' का रूपमा नभई एउटा उपयोगी र रुचिपूर्ण विषयका रूपमा प्रस्तुत गरिनुपर्ने ठान्छन् । उनको बुझाइमा घोकाएर वा तर्साएर विद्यार्थीले गणित सिक्नै सक्दैनन् ।**

२०५९ सालमा पहिलो पटक एसएलसी परीक्षामा २९ विद्यार्थी सहभागी गराएको बाराको निजगढस्थित गौरीशङ्कर माविको नतिजा त्यो वर्ष 'निल' भयो । अधिकांश विद्यार्थी गणित र विज्ञानमा फेल भए । यो नतिजापछि गणित र विज्ञान पढाउने शिक्षक रामवली महतो (३८) सात दिनसम्म 'लाज'ले घरबाट निस्किएनन् । तर, आफ्नो निराशालाई तोड्दै दोस्रो वर्ष स्कूललाई उत्कृष्ट नतिजा दिलाउने अठोटका साथ उनी कस्सिए । नभन्दै २०६० सालको एसएलसीमा गणित र विज्ञानमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भए । बढी गाह्रो मानिने विषयमै सबै विद्यार्थी पास भएपछि स्कूलको समग्र नतिजा पनि ६०.४२ प्रतिशतमा तानियो; जुन नतिजा त्यो वर्ष जिल्लाभरकै सर्वोत्कृष्ट थियो । त्यसयता गौरीशङ्करमा यी दुवै विषयको स्तर खस्किन पाएको छैन । यो सफलताका मुख्य कारक हुन्- शिक्षक रामवली महतो ।

यता आएर महतो जिल्लाकै 'गतिला गणित शिक्षक'को रूपमा चिनिन्छन् । २०६१ सालमा 'राष्ट्रिय शिक्षा पुरस्कार' समेत पाएका महतो भन्छन्, "आफ्नो सानो कमजोरीले विद्यार्थीको भविष्य गडबड होला भन्ने डर सधैं भइरहन्छ । त्यसैले र ातदिन मेहनत र चिन्तन गर्छु । मेहनत अनुसार नतिजा पनि राम्रो आउँदा प्रशस्तै सन्तुष्टि मिलेको छ ।" निमावि द्वितीय श्रेणीका शिक्षक भए पनि उनले आफूलाई माध्यमिक तहको गणित शिक्षणमा अब्बल दर्जाको शिक्षकका रूपमा स्थापित गराइसकेका छन् ।

शिक्षक महतो गणितलाई 'हाउगुजी' का रूपमा नभई एउटा उपयोगी र रुचिपूर्ण विषयका रूपमा प्रस्तुत गरिनुपर्ने ठान्छन् । उनको बुझाइमा घोकाएर वा तर्साएर विद्यार्थीले गणित सिक्नै सक्दैनन् । उनी भन्छन्, "विद्यार्थीलाई 'इन्टरएक्टिभ' तरिकाले सिकाउने हो भने गणित गाह्रो छैन । गल्ती नै गरे पनि विद्यार्थी आफैंलाई प्रयोग गर्न लगाउनुपर्छ । त्यसो गर्दा विद्यार्थीले बुझे/नबुझेको थाहा हुन्छ ।"

गणित पढाउँदा उनी शिक्षण सामग्रीको प्रयोगमा जोड दिन्छन् । त्यसनिम्ति उनले माटोका प्रिज्म, पिरामिड, गोला जस्ता सामग्रीहरू आफैंले बनाएका छन् । सबै चित्रको सतह कालोपाटीबाट देखाउन कठिन पर्ने र त्यसलाई सामग्री प्रयोग गरेर देखाएपछि विद्यार्थीले सजिलै बुझ्न सक्ने महतोको ठम्याई छ । उनले $(a+b)^3$ को सूत्र समेत त्यस्तै सामग्रीको प्रयोगबाट विद्यार्थीलाई बुझाउने गरेका छन् । महतोको शिक्षणकलाबारे कक्षा १० का छात्र सागर अधिकारी भन्छन्, "कुनै पनि कुरा सरल भाषा र रमाइलो ढङ्गले सिकाउनुहुन्छ । लामो कुरालाई छोटो ढङ्गले सिकाउने उहाँको बानी साह्रै मनपर्छ ।"

अति नै आवश्यक पर्दा बाहेक नत्र हत्तपत्त ट्युसन पढाउँदैनन् र बिदा पनि बस्दैनन् । व्यक्तिगत कामलाई बिदाको दिन गर्ने गरी तालिका तय गर्छन् । डेढ दशक चक-डस्टरसँग खेलिसकेका महतो शिक्षण पेशामा रमाएका छन् र सन्तुष्ट पनि देखिन्छन् । उनी भन्छन्, "विद्यार्थीलाई सिकाउनुबाहेक अन्य चाहना मसँग छैनन् । चाहना धेरै राख्दा सन्तुष्टि मिल्दैन ।" आफ्नो क्षमता र योग्यताले भ्याएसम्म शिक्षण पेशाबाट दायाबायाँ नलाग्ने उनको अठोट छ ।

शिक्षक महतो हिजोआज जिल्लाका गणित विषयका प्रशिक्षकको रूपमा पनि चिनिन्छन् । शिक्षक युनियन, बाराका अध्यक्ष देवेन्द्र गिरीको भनाइमा महतो विषयगत दक्षता र पेशागत कुशलता भएका शिक्षक हुन् । अभिभावकहरु स्कूलको स्रोतबाट थप तलब दिएर भए पनि महतोलाई गौरीशङ्करमै राखिराख्न प्रतिबद्ध भेटिन्छन् । गौरीशङ्कर माविले १०+२ कक्षा सञ्चालनका लागि उच्च माध्यमिक शिक्षा परिषद्सँग सम्बन्धन मागेको छ । उनी भन्छन्, "कक्षा ११ र १२ लाई समेत पढाउने मेरो रहर अब पूरा हुँदैछ ।"

स्कूलको सहायक प्रअको जिम्मेवारी समेत वहन गरिरहेका शिक्षक महतो जति मेहनती छन्, त्यत्तिकै मिलनसार पनि । स्कूलका अन्य शिक्षकहरू पनि उनको कार्यशैलीप्रति उत्तिकै सन्तुष्ट पाइन्छन् । प्रअ यादव तिमल्सिना भन्छन्, "रामवली सरसँग राम्रो विषयगत दक्षता छ । गणितका लागि उहाँको विकल्प हामी सोच्न पनि सक्दैनौं ।"

शिक्षक महतो अक्सर ढाका टोपी लगाउँछन् । यसलाई नेपाली हुनुको 'शान' ठान्छन्, उनी । भन्छन्, "ढाका टोपी नेपालीको गर्व र पहिचान हो । यसले व्यक्तित्वलाई समेत झल्काउँछ ।"

**प्रमोद आयाम**



कक्षाकोठा

प्रा. त्रिरत्न मानन्धर



# इतिहास पढ्नु-पढाउनुको औचित्य

**इतिहास भन्ने बित्तिकै राजनीतिक इतिहास मात्र बुझिने गरिएकाले यसको आयामलाई फराकिलो पार्नु जरुरी छ । यस निम्ति; राजनीतिक इतिहासका साथै आर्थिक, सामाजिक, कूटनीतिक र वास्तुकलासम्बन्धी इतिहास पनि स्कूलको पाठ्यपुस्तकमा समावेश गर्नुपर्दछ ।**

***आज भइरहेका घटनाक्रमहरूलाई बुझ्नुछ भने इतिहासमा के भएको थियो भन्ने बुझ्नु जरुरी छ ।***

***-पर्ल बक***

हरेक नागरिकमा आफू जन्मेको देशको बारेमा विस्तृत जानकारी हुनु आवश्यक हुन्छ । विदेशमा रहेका बेला जोसुकैले आफ्नो देशको बारेमा सोध्न सक्छन् । त्यसबखत आफ्नो देशको बारेमा सही जानकारी दिन सकिएन भने आफ्नो व्यक्तित्व मात्र कमजोर हुँदैन र देशका बारेमा गलत जानकारी पनि जान सक्छ ।

त्यसैले सकेसम्म जन्मभूमिको बारेमा विस्तृत ज्ञान राख्नु जरुरी हुन्छ । त्यो नभए पनि देशको भूगोल र इतिहासको बारेमा चाहिँ जानकारी हुनैपर्दछ । माथि साहित्यकार पर्ल बकको कथनमा भनिए झैं देशमा र संसारमा अहिले भइरहेका घटनाहरूलाई पर्गेलेर बुझ्नका लागि हिजो के के भएको थियो भन्ने बारेमा जानकारी हुनै पर्छ ।

## इतिहास पठनपाठनको इतिहास

स्कूलमा इतिहास र भूगोललाई अनिवार्य गर्ने प्रचलन बेलायतबाट आएको हो । बेलायती शिक्षाविद् लर्ड मैकालेले उन्नाइसौं शताब्दीमा नै भारतमा बेलायती शैलीको शिक्षाको सुरुआत गरेका हुन् । त्यसैको प्रभावबाट हाम्रो देशमा पनि इतिहास र भूगोललाई अनिवार्य रूपमा पढाउन थालियो । तर, पछि यी दुवै विषयको ज्ञान एकैचोटि दिन नसकिने भयो भनी इतिहास र भूगोलमा छानेर एउटा पढ्न पाइने गरियो । तर भूगोल नजानिकन इतिहास जानिँदैन र इतिहास नजानिकन भूगोल पनि जानिँदैन । यी दुई विषय एकापसमा अत्यन्त सम्बन्धित छन् ।


हामीकहाँ स्कूल तहको इतिहास सामाजिक शिक्षाअन्तर्गत पढाइन्छ । एक समयमा प्रवीणता प्रमाणपत्र तहका लागि भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र सबैलाई अलिअलि समेटेर नेपाल परिचयको कोर्स तयार पारिएको थियो । सबै सङ्काय (जस्तैः मेडिसिन, इञ्जिनियरिङ) का विद्यार्थीले समेत आफ्नो देशको बारेमा जानकारी राखून् भनेर थालिएको त्यो कदम राम्रै थियो । तर, इतिहास र राजनीतिका बारेमा तयार गरिएका पञ्चायतमुखी सामग्रीहरूका कारण नेपाल परिचय चाखलाग्दो र लोकप्रिय विषय कहिल्यै बन्न सकेन ।

जुनसुकै विषयको ज्ञान तह अनुसार हुन्छ । सानो कक्षाको विद्यार्थीले एउटा रूखलाई घाँस, काठ, छायाँ र फलफूल दिने वनस्पति भनेर बुझ्छ भने पछि अध्ययन गहिरिँदै जान्छ र एउटा रूखकै बारेमा विद्यावारिधि पनि हुनसक्छ । इतिहास पनि त्यस्तै हो । हामी १० कक्षाका विद्यार्थीलाई पनि पृथ्वीनारायण शाह र लिच्छविकालका बारेमा पढाउँछौं । आई, बीए र एमएमा पनि त्यही पाठ्यक्रम पढाउँछौं । त्यसकारण १० कक्षादेखि एमएसम्म पृथ्वीनारायण शाह, जङ्गबहादुर, लिच्छविकालबारे पढाउने भनेर हाम्रो आलोचना गर्ने गरिन्छ । तर वास्तवमा त्यसो होइन । इतिहासको अध्ययन, अध्यापन भनेको स्कूलमा छुट्टै किसिमबाट हुन्छ, उच्च माध्यमिक (प्लस टु) र स्नातक तहमा अलग्गै तरिकाबाट हुनुपर्दछ र स्नातकोत्तर तहमा छुट्टै गहिराइबाट हुनुपर्दछ ।

स्कूल तहमा इतिहास पढाउँदा धेरै गहिरो व्याख्या गर्ने गरिँदैन । जस्तैः पृथ्वीनारायण शाहले नेपालको 'एकीकरण' गरेका हुन् कि 'गोरखा राज्यको विस्तार' गरेका हुन्; कोतपर्व 'सुनियोजित घटना' थियो कि 'आकस्मिक घटना' भनेर स्कूल तहमा विवेचना गर्ने होइन । स्कूल तहमा त हामीकहाँ के कस्ता ऐतिहासिक घटनाहरू भए त्यसलाई निष्पक्ष रूपमा उल्लेख गरिदिने मात्र हो । ती घटनाका बारेमा विश्लेषण गर्ने, समालोचना गर्ने र अनुसन्धान गर्ने कुरा माथिल्लो तहमा हुन्छ ।

देशको परिस्थिति र तत्कालीन शासनव्यवस्था आदिले इतिहासका विद्यार्थीलाई थोरबहुत प्रभावित पारेकै हुन्छ । राणाकालमा लेखिएका इतिहासका किताबमा राणाहरूको मात्रै गुणगान र प्रशंसा गरेको पाइन्थ्यो । २००७ पछि राणालाई गाली मात्र गरेका पुस्तकहरू आए । पञ्चायतकालका इतिहासका किताबमा पञ्चायतकै मात्र प्रशंसा गरिएको थियो । फेरि २०४७ सालपछि लेखिएका इतिहासका किताबमा पञ्चायतलाई गाली सिवाय केही गरिएको पाइँदैन । तर इतिहास यस्तो हुनुहुँदैन । हरेक शासनकालमा राम्रा र नराम्रा दुवैखाले काम भएका हुन्छन्; तिनलाई निष्पक्ष रूपमा लेख्नुपर्दछ । र, त्यसै अनुसार पठनपाठन पनि हुनुपर्दछ ।

इतिहास महत्त्वपूर्ण विषय भए पनि अहिले यसलाई सामाजिक शिक्षाअन्तर्गतको सानो हिस्सा मात्र बनाइएको छ । ऐच्छिक विषयका रूपमा राखिएका कारण धेरै विद्यार्थीले इतिहासतिर ध्यान नै दिन छोडेका छन् ।



रबिन सायमि

पाठ्यक्रमका हिसाबले अहिले स्कूल तहमा राखिएका इतिहाससम्बन्धी सामग्रीहरू नराम्रा छैनन् । एउटा भागमा नेपालको इतिहास राखिएको छ भने अर्को भागमा विश्वको इतिहास । विश्वको इतिहासअन्तर्गत इजिप्ट र बेबीलोनको सभ्यताको बारेमा जानकारी दिइएको छ । मध्यकालमा सामन्तवादको युग आएको कुरा पनि कोर्षमा समावेश गरिएको छ । त्यसपछि क्रान्तिको युग आयो । विश्वयुद्ध भयो । सोभियत संघको विघटनपछि अमेरिका मात्र एक्लो महाशक्तिको रूपमा उदायो । यी सबै कुरा स्कूल तहका इतिहासका विद्यार्थीलाई छोटकरीमा जानकारी गराउनु राम्रो हो । नेपालको इतिहासअन्तर्गत नौ कक्षादेखि नै लिच्छवि र मध्यकालको बारेमा पढाउनुपर्ने व्यवस्था छ । त्यसपछि आधुनिककाल, नेपालको एकीकरण, राणाहरूको उदय, २००७ सालको क्रान्ति आदि विषयहरू ठीकैसँग राखिएका छन् ।

इतिहासमा जे पढाइन्छ, त्यो तथ्यपरक र शुद्ध हुनै पर्छ । नौ, दश कक्षामा पढ्ने १४-१५ वर्षका केटाकेटीले पाठ्यपुस्तकमा जे लेखिएको छ त्यसैलाई सही मान्छन् । शिक्षकलाई भन्दा पनि विद्यार्थीहरू किताबमा लेखिएका कुरामा बढी विश्वास गर्दछन् । त्यसकारण स्कूलका विद्यार्थीका लागि तयार पारिएको पाठ्यपुस्तक शतप्रतिशत नै सही हुनुपर्दछ, गल्ती भन्ने हुनैहुँदैन । अहिले पाठ्यपुस्तक एउटाबाट लेखाउने अनि सम्पादन र संशोधन अर्कोबाट गराउने गरिएका कारण पाठ्यपुस्तकहरू शुद्ध र त्रुटिरहित हुनसकेका छैनन् ।

## शिक्षकको भूमिका

विद्यार्थीलाई सही ज्ञान दिनका लागि शिक्षक योग्य हुनैपर्दछ । तर थोरै सङ्ख्यामा बाहेक स्कूलहरूमा इतिहास पढाउने शिक्षक बीए उत्तीर्ण पनि छैनन् । कहीँ-कहीँ त एसएलसी उत्तीर्ण नभएकाले पनि अनुभवका आधारमा इतिहास पढाइरहेका छन् । फेरि नयाँ-नयाँ किताब पढ्ने शिक्षक त पाउनै मुस्किल छ । शिक्षकलाई इतिहासका नयाँ-नयाँ खोज र अनुसन्धानका बारेमा थाहा हुँदैन र ४० वर्षअघि आफूले पढेकै कुरा पढाउन खोज्छ भने उसबाट विद्यार्थीले राम्रो जानकारी पाउन सक्दैन । आजभोलि पढ्न चाहनेका लागि इतिहाससम्बन्धी किताबहरू प्रशस्तै आएका छन् । आजभन्दा ५० वर्षअघि हामीले पढ्दा यस्तो अवस्था थिएन । अहिले इन्टरनेटबाट पनि धेरै कुरा थाहा पाउन सकिन्छ । तर, यी सबै कुरा हुँदाहुँदै पनि शिक्षकहरूमा केही नैराश्यता छ । इतिहासमा एमए पास गरे पनि केही पाउँदिनँ भन्ने हीनताबोध छ ।

स्कूल तहका विद्यार्थीलाई इतिहासका घटनाबारे ज्ञान दिने शिक्षकले आफूले पढाउने विषयमा राम्रो तयारी गर्नुपर्छ । सङ्क्षिप्त रूपमा इतिहास पढाउन पनि आफूले धेरै पढ्नुपर्दछ । दोस्रो, कुरा कसरी पढाउँदा विद्यार्थी आकर्षित हुन्छन् र कुन तरिकाले पढाउँदा उनीहरूले राम्ररी बुझ्न सक्छन् त्यसमा शिक्षक चनाखो हुनुपर्दछ । आफूले थाहा पाएका र पढेका सबै कुरा भनिदिँदा विद्यार्थीले बुझ्न सक्दैनन् । नबुझेपछि त्यसमा उनीहरूको रुचि हुँदैन । त्यसैले चाहिने जति मात्र कुरा रुचिपूर्ण ढङ्गबाट गर्नुपर्दछ ।

इतिहासका शिक्षकलाई भूगोलको ज्ञान हुनु जरुरी छ । हामीकहाँ इतिहासका कतिपय शिक्षकहरू नक्सा त भूगोल पढ्ने-पढाउनेले हेर्ने हो भन्ने सोच राख्छन् र नक्साको बारेमा जानकारी नै राख्दैनन् । तर इतिहासका शिक्षक र विद्यार्थी दुवैका लागि नक्सा (म्याप)को ज्ञान जरुरी हुन्छ । सीताको जन्म जनकपुरमा भयो भनेर पढाउने तर, त्यो ठाउँ हाम्रो देशको कहाँनेर पर्छ भन्ने ज्ञान चाहिँ विद्यार्थीलाई दिन नसक्ने भए त्यस्तो पढाइको के काम ? लुम्बिनीको बारेमा पढाउँदा राम्ररी ध्यान नदिएकै कारण आज कसैले लुम्बिनी भारतमा पर्छ भनेर हल्ला गरिदिनेबित्तिकै हाम्रा युवाहरू रनभुल्लमा पर्छन् र

आवेशमा आउँछन् । लुम्बिनीको इतिहास पढाउँदा नै नक्सासहित पढाएको भए यो भ्रम रहने नै थिएन ।

### रुचि बढाउने उपाय

इतिहास भन्दा हामी राजनीतिक इतिहास मात्र बुझ्छौँ र त्यसैअनुरुप पठनपाठन पनि गर्छौं । त्यसैले राजा महाराजाको इतिहास मात्र पढाइन्छ, जनताको इतिहास पढाइँदैन पनि भन्ने गरिन्छ । त्यसकारण इतिहासको आयामलाई फराकिलो पार्नु जरुरी छ । मानिसले जीवनमा त्यसको सान्दर्भिकता भेट्टाउनु पर्छ । राजनीतिक इतिहासका साथै आर्थिक, सामाजिक, कूटनीतिक र वास्तुकलासम्बन्धी इतिहास पनि पाठ्यपुस्तकमा समावेश गर्नुपर्दछ । हालसालै बीए र एमएको इतिहासको पाठ्यक्रममा बजारमा माग भएका केही विषयहरू समावेश गरिएको छ । त्यसमध्ये एउटा हो ऐतिहासिक र सांस्कृतिक पर्यटनसम्बन्धी हिस्टोरिकल एण्ड कल्चरल टुरिजम् । यसले विद्यार्थीलाई केही नभए 'सिटी गाइड' भएर पनि जीवनयापन गर्न मद्दत गर्छ । त्यस्तै अर्को आर्काइभल साइन्स भन्ने विषय पनि राखिएको छ । यो भनेको अभिलेख विज्ञान हो । आज इतिहासमा एमए पास गरेको व्यक्ति मध्यकालको एउटा शिलालेख पढ्न पनि सक्षम छैन । यो लज्जाजनक कुरा हो । विदेशबाट अध्ययन, अनुसन्धान गर्न यहाँ आएकाहरूले इतिहासमा एमए पास गरेका भन्दा पुराना लिपि पढ्न सक्नेलाई खोज्छन् । तर अब हाम्रा विद्यार्थी पनि त्यो काम गर्न सक्ने हुन्छन् । त्यसकारण इतिहास एउटा साधारण विषय मात्र होइन, यो एउटा प्राविधिक विषय पनि हो ।

कूटनीतिक इतिहासको पनि ठूलो महत्त्व छ । वैदेशिक सेवामा प्रवेश गर्न चाहनेले अङ्ग्रेजीका साथसाथै कूटनीतिक इतिहास पढेकै हुनुपर्ने व्यवस्था गरिनुपर्छ । त्यसनिम्ति विश्वविद्यालय र लोकसेवा आयोगले लिने शाखा अधिकृतको परीक्षामा पाठ्यक्रममा एक 'पेपर' हाम्रो देशको कूटनीतिको इतिहासका बारेमा राखिनुपर्दछ । अहिलेसम्म यस्तो व्यवस्था छैन ।

कुनै विषयमा विद्यार्थीको रुचि जगाउन चाहिने अर्को कुरा त्यो विषय पढिसकेपछि विद्यार्थीलाई 'करिअर' बनाउने ठाउँ उपलब्ध हुनुपर्दछ । जस्तैः लोकसेवा आयोगले यस्ता विषयहरूलाई महत्त्व दिएको हुनुपर्दछ ।

यथार्थमा पढाइ र कामलाई भौतिक सुविधा र सम्मान दुवै प्राप्त गर्ने माध्यमका रूपमा हेर्ने दृष्टिकोणको विकास गर्न आवश्यक हुन्छ । अहिले 'मैले पढेर कति योग्यता बढाउने ?' भन्दा पनि 'कति कमाइ गर्न सक्छु' भनी तुलना गर्ने प्रवृत्ति व्यापक भएको छ । तर 'कमाउने' मात्र लक्ष्यले व्यक्ति, समाज र देशलाई कहीँ पुऱ्याउँदैन । त्यस्तै मात्र भयो भने संसारमा दार्शनिक, कवि, लेखक कोही पनि पैदा हुँदैन । पैसा कसरी धेरै कमाउने भन्ने आजको होड पनि गुणस्तरीय शिक्षाको निम्ति बाधक बनेको छ । यसको अर्थ पैसा नचाहिने भन्न खोजेको होइन, तर पैसाको महत्त्वलाई अलि कम गरिनु जरुरी भइसकेको छ । इतिहास, भूगोल, समाजशास्त्र, संस्कृतिलगायतका मानवीय विषयहरूको महत्त्व घट्नुको कारण पैसाप्रतिको आकर्षणले नै हो । यी विषय पढेर कति सक्षम बन्न सक्छु भन्दा पनि कति कमाउन सक्छु भन्ने सोचले काम गरिरहेको अहिलेको सन्दर्भमा राज्यले पनि पैसाको महत्त्व घटाउनतिर ध्यान दिनु आवश्यक ठान्छु । भरतमै पनि शिक्षक-शिक्षकबीचमा कुनै भेदभाव छैन । धेरै शिक्षकहरू साइकल नै चढ्छन् । तर, उनीहरू आफ्नो क्षेत्रमा निरन्तर विज्ञता हासिल गरिरहेका हुन्छन् र राज्यले पनि उनीहरूलाई आवश्यक सुविधा र सम्मान दिने गरेको छ ।

### इतिहास अध्ययनको अर्थ

इतिहासको ज्ञानले जानकारी बढाउँछ र समाजलाई हेर्ने दृष्टिकोण फराकिलो पार्न मद्दत गर्छ । मान्नुस् तपाइँले 'प्लस टु' पास गर्नुभएको छ । तर तपाइँलाई कसैले नेपालको इतिहास कति पुरानो छ भनेर सोध्यो भने भन्न सक्नुहुन्न । नेपालमा भेट्टाइएको सबैभन्दा पुरानो ऐतिहासिक चिज के हो भनेर सोध्दा अधिकांशले सही जवाफ दिन सक्दैनन् । नेपालको तिनाउ नदीमा 'रामापिथेकस म्यान'को दाँत भेट्टाइएको छ । त्यो एक करोड १० लाख वर्ष पुरानो भन्ने कुरा प्रमाणित भएको छ । तिनाउ नदीको किनारमा पाइएको रामापिथेकस म्यानको अवशेषबारे स्कूल तहमा कुनै जानकारी दिने गरिएको छैन । छोटकरीमै भए पनि यस्ता मुख्य मुख्य कुराका बारेमा स्कूलका विद्यार्थीलाई ज्ञान दिनैपर्दछ । स्कूल तहमा पढाउने इतिहास शुरुदेखि अन्त्यसम्मकै घटनालाई समेट्ने हुनुपर्दछ । त्यसलाई सङ्क्षिप्त भने बनाउन सकिन्छ ।

अहिले स्कूल तहमा इतिहास पढाउँदा लिच्छविकालदेखि शुरु गरिन्छ । त्यो ठीक भएन । त्यसभन्दा अघि गोपाल काल, महिषपाल काल र किराँत काल छन् । तिनीहरूका बारेमा वंशावलीको आधारमा भए पनि स्कूल तहका विद्यार्थीलाई पढाउनुपर्दछ । हाम्रो प्राग्ऐतिहासिक कालको बारेमा त स्कूल तहको इतिहासमा उच्चारणसम्म पनि गरिएको छैन । अर्को समस्या हाम्रा इतिहासका शिक्षकहरू तत्कालीन नेपाली इतिहास पढाउन चाहँदैनन् । २०४६ सालसम्म २०१७ सालसम्मको इतिहास पढाएर छोड्ने चलन थियो । आजभन्दा ७/८ वर्षअघि हामीले पाठ्यक्रम बनाउँदा २०४६ सालसम्मको ऐतिहासिक घटनाक्रमलाई पढाउने व्यवस्था गऱ्यौं, र अहिले २०६२/६३ को जनआन्दोलनसम्म पढाउनुपर्ने व्यवस्था गरिएको छ । तर सङ्क्षिप्त भए पनि स्कूल तहमा हामीले प्राग्ऐतिहासिक चरणदेखि वर्तमानसम्मको इतिहास पढाउनुपर्दछ ।

इतिहासका विद्यार्थीले नघुमिकन हुँदैन । त्यसै भएर पाठ्यक्रमअन्तर्गत नै शैक्षिक भ्रमणको व्यवस्था गरिएको छ । तर त्यस्तो भ्रमण खाली भ्रमणमै मात्र सीमित भने हुनुहुँदैन ।

हामीले एसएलसी गर्दा नौ विषय पढ्थ्यौं । त्यसपछि ७०० अङ्कको गरिदियो । र, अहिले ८०० अङ्कको गरिएको छ । मेरो विचारमा यो ८०० अङ्कलाई ९०० बनाउनुपर्दछ । इतिहास र भूगोल गरेर एक पत्र बनाउनु उचित हुन्छ । इतिहासलाई अनिवार्य विषय बनाउनुपर्छ भन्दा आफ्नो विषयप्रति बढी ध्यान दिएको, पूर्वाग्रही भएको आरोप लाग्न सक्छ । त्यसरी अनिवार्य बनाउनुपर्ने अरू विषय पनि होलान् । तर स्कूलतहमा अनिवार्य विषयका रूपमा राखेर विद्यार्थीहरूलाई इतिहासको ज्ञान भने दिइनै पर्छ । त्यसनिम्ति अहिलेको आठ विषयलाई नौ विषय बनाएर इतिहास र भूगोलको एक पत्र वा एउटा विषय बनाउन सकिन्छ । यो गरिनै पर्ने कुरा हो ।

**(इतिहासविद् मानन्धर लुम्बिनी विश्वविद्यालयका उपकुलपति हुन् ।)**

**प्रस्तुतिः ध्रुव सिम्खडा**

# हाम्रो देश कति पुरानो ?

*'इतिहास जोखिमपूर्ण अवस्था वा समयका लागि पथप्रदर्शक हो । हामी को हौं र अहिले किन यहाँ छौं भन्ने प्रश्नको जवाफ नै इतिहास हो ।'*
*- डेभिड सि. म्याक्कुलग*

दुईपटकसम्म प्रतिष्ठित पुलित्जर पुरस्कारबाट सम्मानित अमेरिकी लेखक डेभिड सि. म्याक्कुलगका यी भनाइसँग नेपाली जनमत सहमत देखिँदैन वा परिचित छैन । *हिमाल खबरपत्रिका* ले वैशाखको पहिलो साता गरेको देशव्यापी मत-सर्वेक्षणमा मुलुकको इतिहाससम्बन्धी एक प्रश्नमा आएको नतिजा वा परिणामले यही तथ्य उजागर गरेको छ । 'हाम्रो देश नेपाल दक्षिणएसियामा सबैभन्दा बूढो अर्थात् पुरानोमध्येको हो भन्ने कुरा तपाईँलाई थाहा छ ?' भन्ने प्रश्नमा, सर्वेक्षणमा भाग लिएका ५००५ नेपालीमध्ये ६८.६ प्रतिशतले 'थाहा छैन' भन्ने जवाफ दिए । बाँकी ३१.४ प्रतिशत मात्र नेपालको गौरवशाली इतिहाससँग केही हदसम्म परिचित रहेको देखियो । यो प्रतिक्रियाबाट अनुमान गर्न सकिन्छ, या त नेपाली जनमत इतिहासमा त्यति चासो राख्दैन वा उनीहरूलाई बुझाउने कोशिश नै गरिएको छैन । त्यसैगरी हाम्रो शिक्षा प्रणालीमा इतिहासलाई कुन हदसम्म उपेक्षा गरिएको छ भन्ने कुराको यो दरिलो उदाहरण पनि हुनसक्छ ।

सामाजिक शिक्षा (सोसल स्टडी), इतिहास र नेपाल परिचयमा सीमित हुन पुगेको नेपालको इतिहासको पठनपाठनलाई अझ फराकिलो बनाउनुपर्ने आवश्यकता देखिएको छ । विद्यालयस्तरमा फाट्टफुट्ट हुने गरेका हाजिरीजवाफ प्रतियोगिता होस् वा लोक सेवा आयोगको परीक्षा दिने नेपाली नागरिकले मात्र आफ्नो देशको इतिहास र संस्कृतिसँग आफूलाई नजिक बनाउने मौका पाउने गरेका छन् ।

उत्तरदाताहरूको प्रकृति केलाउँदा थप रोचक नतिजाहरू देखिएका छन् । स्नातक तहमा अध्ययनरत वा उत्तीर्ण विद्यार्थीमध्ये करिब ३९.४ प्रतिशतले माथिको प्रश्नमा अनभिज्ञता जनाए । लगभग त्यस्तै जवाफ प्रवीणता तहमा अध्ययनरत वा उत्तीर्णहरूको पनि रह्यो । प्रवीणता प्रमाणपत्रदेखि स्नातक तहलाई नेपाली शिक्षकहरूको औसत शैक्षिक योग्यता मानिन्छ । सम्भवत: कुल उत्तरदाताहरूमध्ये सबैभन्दा बढी शिक्षकहरू पर्ने सम्भावना यही शैक्षिक स्तरमा बढी छ । यसबाट थप के अनुमान लगाउन सकिन्छ भने विद्यार्थीलाई मुलुकको इतिहास र संस्कृतिसँग साक्षात्कार गराउने सबैभन्दा जिम्मेवार शिक्षक वर्ग नै देशको इतिहाससँग अनभिज्ञ देखिन्छन् । स्नातकोत्तर तह अध्ययनरत वा उत्तीर्णमध्ये २८ प्रतिशतले 'थाहा छैन' भन्ने जवाफ दिएका छन् ।

**हाम्रो देश नेपाल दक्षिणएसियामा सबैभन्दा बूढो अर्थात् पुरानोमध्येको हो भन्ने कुरा तपाईँलाई थाहा छ ?**




उत्तरदाताको जातीय बनोटलाई अध्ययन गर्दा कमजोर शैक्षिक स्तर मानिने मधेशी दलितहरूमध्ये ८२.४ प्रतिशतले अनभिज्ञता प्रकट गरे । तराईका ३९.१ प्रतिशतबाट 'थाहा छ' भन्ने जवाफ आउनुले मुलुकको इतिहासका मामिलामा मधेशका ब्राम्हण र क्षेत्री बढी जानकार रहेको देखिन्छ । तथापि हिमाली क्षेत्रको तुलनामा पहाडी र तराईका उत्तरदाताहरू नेपालको इतिहासप्रति अनभिज्ञ देखिएका छन् । हिमाली क्षेत्रका ३७.३ प्रतिशत उत्तरदाताको जवाफ 'थाहा छ' भन्ने थियो भने पहाडी र तराईका उत्तरदातामध्ये क्रमश: २७.७ र ३४ प्रतिशतले थाहा भएको जवाफ दिएका थिए ।

**सुरेशराज न्यौपाने**

डिल्लीप्रसाद शर्मा



# पढ्ने विद्यार्थी नै छैनन् !

**माध्यमिक तहको एच्छिक इतिहास विषय पढिसकेका विद्यार्थी ऐतिहासिक घटनाका परिप्रेक्ष्यमा वर्तमानलाई हेर्न र घटनाक्रमलाई वैज्ञानिक तरिकाबाट विचार विमर्श गर्न सक्ने हुने अपेक्षा गरिएको छ । तर, आज ऐच्छिक इतिहासको पठनपाठन ज्यादै कम विद्यालयहरूमा मात्रै हुने गरेको छ ।**

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) लागू भएपछि विद्यालय तहमा इतिहास, भूगोल र पञ्चायत विषयलाई सामाजिक शिक्षाअन्तर्गत छुट्टाछुट्टै अनिवार्य विषयका रूपमा पढाइन्थ्यो । त्यसको दश वर्षपछि उक्त पद्धतिको मूल्याङ्कन गर्दै निम्न माध्यमिक र माध्यमिक तहको पाठ्यक्रम परिमार्जन गर्दा निम्न माध्यमिक तहको सामाजिक शिक्षामा पूर्णाङ्क र पाठ्यभार परिवर्तन नगरी यसका विषयवस्तुहरू मात्र परिमार्जन गरिए । तर, माध्यमिक तहमा समावेश गरिने विषयहरूमा व्यापक हेरफेर गरियो र कक्षा ९ र १० मा विज्ञानका साथै इतिहास र भूगोल ऐच्छिक तुल्याइए ।

२०४६ सालको जनआन्दोलनपछि प्राथमिक र निम्न माध्यमिक तहमा जस्तै माध्यमिक तहमा पनि एक सय पूर्णाङ्कको सामाजिक अध्ययन लाई अनिवार्य विषयको रूपमा राखियो । यसबाट विद्यार्थीलाई देशको इतिहास र भूगोलको सामान्य जानकारी गराउने अपेक्षा राखिएको देखिन्छ । 'इतिहास' भन्ने विषयलाई अलग्गै ऐच्छिक रूपमा छोडियो ।

## अहिलेको अवस्था

विद्यमान सामाजिक अध्ययनको पाठ्यक्रमको सातौं एकाइमा 'हाम्रो विगत' शीर्षकमा निमावि तहमा प्राचीनकाल (किराँत काल र लिच्छविकाल) र मध्यकालको सामाजिक, आर्थिक, राजनीतिक र धार्मिक एवं सांस्कृतिक अवस्था, नेपालको एकीकरण, राणाकाल साथै राजा महेन्द्रका सामाजिक सुधार, मानव सभ्यतासम्बन्धी विषयवस्तु समावेश गरिएका छन् । मावि तहमा ऐतिहासिक अध्ययनका स्रोत, नेपालको एकीकरण, नेपाल-अङ्ग्रेज युद्ध, राणाकालीन नेपाल, वि.सं. २००७ सालदेखि २०४६ सालपछिसम्मको राजनीतिक घटनाक्रम, बेलायतको औद्योगिक क्रान्ति, प्रथम र द्वितीय विश्वयुद्धका कारण र परिणाम, संयुक्त राष्ट्रसङ्घको उदय आदि समावेश गरिएका छन् ।

२०६२/६३ को जनआन्दोलनपछि राजा, राजपरिवारसम्बन्धी पाठ्यवस्तुहरू हटाई वीर, वीराङ्गना एवं राष्ट्रिय व्यक्तित्वहरूका योगदानसम्बन्धी पाठ्यवस्तुहरू पाठ्यपुस्तकमा समावेश गरिए ।

सामाजिक अध्ययन सामाजिक विज्ञानका विषयहरूको एकीकृत सङ्गठन भएकाले यसमा मानवशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, भूगोल आदि विषयका विषयवस्तुहरूलाई सङ्गठित गरिएको छ । यो मुख्य पाठ्यक्रम (कोर करिकुलम) हो । सामाजिक विज्ञानका सबै विषयवस्तुलाई सामाजिक अध्ययनमा समेट्न नसकिने हुनाले त्यसलाई ऐच्छिक विषयका रूपमा राखिएको छ । यो व्यवस्थाले गर्दा माध्यमिक तहका विद्यार्थीले आफ्नो रुचि अनुसारका विषयहरू ऐच्छिक विषयका रूपमा अध्ययन गर्ने अवसर पाउँछन् । त्यसै बमोजिम इतिहासप्रति रुचि राख्ने विद्यार्थीहरूका लागि पनि अरू विषय जस्तै १०० पूर्णाङ्क राखी ऐच्छिक विषयका रूपमा समावेश गरी अध्ययन गर्ने व्यवस्था गरिएको छ ।

माध्यमिक तहको एच्छिक इतिहास विषय पढिसकेका विद्यार्थी ऐतिहासिक घटनाका परिप्रेक्ष्यमा वर्तमानलाई हेर्न र घटनाक्रमलाई वैज्ञानिक तरिकाबाट विचार विमर्श गर्न सक्ने हुने अपेक्षा गरिएको छ । तर, आज ऐच्छिक इतिहासको पठनपाठन ज्यादै कम विद्यालयहरूमा मात्रै हुने गरेको छ । यसको असर उच्च शिक्षामा पनि परेको छ । क्याम्पस तहमा इतिहास विषय लिई अध्ययन गर्ने विद्यार्थीहरू पाउन गाह्रो भइसकेको छ । यसका कारणहरू हुन्: क) विद्यार्थीहरूमा रोजगारमूलक प्राविधिक विषयमा आकर्षण बढ्नु । ख) प्राविधिक पद र पेशाप्रति समाजको पनि आकर्षण र सामाजिक सम्मान बढ्दै गएको अवस्थामा कुनै पनि शिक्षित जनशक्ति इतिहास अध्ययनकर्ता र इतिहासविद् बन्न नचाहनु । ग) इतिहास विषयलाई खोज र अनुसन्धानमा भन्दा व्याख्यान विधिद्वारा पढाउने भएकाले पनि इतिहास विषयतर्फ विद्यार्थीको आकर्षण कम हुँदै जानु ।

## कक्षा ९–१० को इतिहास

| एकाई | कक्षा ९ | एकाई | कक्षा १० (उत्तर मध्यकालीन नेपाल) |
|---|---|---|---|
| पहिलो | **प्राचीन नेपाल** प्राचीन नेपाल, किराँतकालीन सभ्यता, लिच्छविकालीन सभ्यता, किराँत र लिच्छविकालको वैदेशिक सभ्यता | पहिलो | बाइसी, चौबिसी, पूर्वका सेन राज्य, काठमाडौंका मल्ल राज्यहरूको सामान्य परिचय र तिनीहरूको आपसी एवं वैदेशिक सम्बन्ध |
| दोस्रो | **पूर्व मध्यकालीन नेपाल** सिंजा, सिम्रौनगढ र नेपालमण्डल अन्तर्गतका राज्यहरूको सामान्य चिनारी, आपसी एवं वैदेशिक सम्बन्ध | दोस्रो | नेपाल अङ्ग्रेज युद्धका कारण र घटना, सुगौली सन्धि र यसका परिणाम, सुगौली सन्धिपछिको नेपालको राजनीतिक अवस्था |
| तेस्रो | **आधुनिक नेपाल** नेपाल एकीकरणको परिचय एवं आवश्यकता, यसमा गोरखा राज्यको भूमिका, एकीकरणमा विभिन्न समुदायको योगदान, नेपाल-तिब्बत-चीनबीचको युद्ध, कारण र परिणाम । | तेस्रो | राणाशासनको उत्थान र पतन, राणाकालीन राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक अवस्था, परराष्ट्र सम्बन्ध, जनजागरण र २००७ सालको परिवर्तन |
| चौथो | **विश्व इतिहास** सिन्धुघाँटी सभ्यता, ऋग्वेदकालीन सभ्यता | चौथो | वि.सं. २००७ देखि २०१७ सम्मका प्रमुख घटना, दलीय राजनीतिको अभ्यास, राजनीतिक अन्योल |
| पाँचौं | मिश्र, बेबिलोनिया र ह्वाङ्हो सभ्यता | पाँचौं | निर्दलीय शासन व्यवस्था, दलमाथिको प्रतिबन्ध, पञ्चायतकालीन राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक पक्ष, २०३३ सालको मेलमिलाप, २०३६ को जनमत सङ्ग्रह |
| छैठौं | मध्यकालीन सामन्तवादको उत्थान, विकास, पतन र त्यसको जनजीवनमा प्रभाव | छैठौं | प्रजातन्त्रको पुनर्स्थापना (२०४६) र लोकतान्त्रिक अभ्यास, २०४६ सालको आन्दोलनमा राजनीतिक दल, महिला तथा विभिन्न समुदायको भूमिका, नेपाल अधिराज्यको संविधान, २०४७ र त्यसपछिका आम निर्वाचनहरू, राजनीतिक द्वन्द्व र विद्रोहको सुरुआत, जनआन्दोलन दोस्रो । |
| सातौं | बेलायतको गौरवमय क्रान्ति (सन् १६८८), संसदीय निर्वाचन प्रणाली, मन्त्रिमण्डलीय व्यवस्थाको सुधार, कृषि, क्रान्ति, औद्योगिक क्रान्ति | छैठौं | प्रजातन्त्रको पुनर्स्थापना (२०४६) र लोकतान्त्रिक अभ्यास, २०४६ सालको आन्दोलनमा राजनीतिक दल, महिला तथा विभिन्न समुदायको भूमिका, नेपाल अधिराज्यको संविधान, २०४७ र त्यसपछिका आमनिर्वाचनहरू, राजनीतिक द्वन्द्व र विद्रोहको सुरुआत, जनआनदोलन दोस्रो |
| आठौं | अमेरिकी स्वतन्त्रता संग्रामका कारण र परिणाम | सातौं | **विश्वको इतिहास** ग्रीस र रोमको सभ्यता र त्यसको देन |
| नवौं | एसियामा राष्ट्रवादको उदय, सार्क राष्ट्रहरूको सामान्य परिचय, सार्कको स्थापना र विकास | | फ्रान्स र रूसको क्रान्तिका कारण र परिणाम |
| दशौं | आफ्नो समुदायको ऐतिहासिक घटना क्रम र आफ्ना पूर्वजहरूको ऐतिहासिक खोज | | **संयुक्त राष्ट्रसंघ** आफ्नो समुदायको ऐतिहासिक र पुरातात्विक वस्तुहरूको खोज गरी प्रतिवेदन तयार पार्ने । |

रामप्रसाद पाण्डेय

# शब्दार्थ शिक्षणको महत्त्व

**नेपाली पढाउँदा शब्दार्थ शिक्षणलाई त्यति महत्त्व दिएको पाइँदैन । अङ्ग्रेजीलाई कठिन मानेर धेरै विद्यार्थीहरूले शब्दकोशको प्रयोग गर्छन् तर नेपाली भाषाको शब्दकोश प्रयोग गर्ने प्रचलन विद्यार्थीमा एकदमै कम छ ।**

भाषाको महत्त्व सबैलाई थाहा छ । भाषाको महत्त्व बुझ्नेहरूले भाषा शिक्षणको महत्त्व पनि बुझ्नुपर्ने हो । तर, नेपाली भाषा शिक्षणले यथोचित महत्त्व पाउन सकेको छैन । हामीकहाँ नेपाली विषय र त्यसका शिक्षक दुवैलाई सम्मान नगर्ने चलन नै भइसकेको छ ।

जे भए पनि नेपाली नेपालको प्रमुख सम्पर्क भाषा हो। यो विद्यालयदेखि विश्वविद्यालय तहसम्मको अधिकांश विषय शिक्षणको माध्यम पनि हो। त्यसैले नेपाली भाषाको राम्रो ज्ञान हुनु आवश्यक छ। तर हामीकहाँ अन्य विषय पढाउन नसक्ने शिक्षकलाई नेपाली पढाउन लगाउने, स्तरीय नेपाली भाषाको ज्ञान नै दिन नसक्नेहरूलाई पढाउन लगाउने जस्ता धेरै समस्या छन्। शिक्षाका बारेमा काम गर्ने जिम्मेवारी लिएर बसेका निकायहरू यस्ता कमीहरूबाट ग्रसित छन् भने हामी शिक्षकहरू पनि समस्यामुक्त छैनौं । कक्षाकोठामा केवल व्याख्यान विधि मात्र प्रयोग गर्ने, भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) शिक्षणमा जोड नदिने, भाषा शिक्षणलाई विषय शिक्षणका रूपमा लिने जस्ता हाम्रा कमजोरीलाई हामीले नै सुधार गर्‍यौं भने मात्र नेपाली शिक्षणको प्रभावकारिता र प्रतिष्ठा बढ्न सक्छ।

यस सिलसिलामा यहाँ भाषा शिक्षणमा शब्दार्थ शिक्षणका केही विधिहरूका बारेमा चर्चा गरिन्छ । अङ्ग्रेजी भाषाका शिक्षकहरूले केही मात्रामा शब्दार्थ शिक्षण गरेको पाइन्छ। तर, नेपाली पढाउँदा शब्दार्थ शिक्षणलाई त्यति महत्त्व दिएको पाइँदैन। अङ्ग्रेजीलाई कठिन मानेर धेरै विद्यार्थीहरूले शब्दकोशको प्रयोग गर्छन् तर नेपाली भाषाको शब्दकोश प्रयोग गर्ने प्रचलन विद्यार्थीमा एकदमै कम छ।

शब्दकोश स्वाध्यायन गर्ने व्यक्तिको 'पकेट टिचर' हो । यसले शब्दभण्डारमा वृद्धि गराउन, शब्दको स्रोत चिनाउन, वर्णविन्याससम्बन्धी द्विविधा हटाउन र शब्दको पदवर्ग छुट्याउन सहयोग गर्दछ । तर, नेपालीमा शब्दभण्डार बढाउनका लागि पाठको अन्त्यमा दिइएका कठिन शब्द सिकाउने भन्दा धेरै विधिहरू कक्षाकोठामा प्रयोग गरिएको कमै मात्र पाइन्छ।

## शब्दार्थ शिक्षणका विधि

विद्यार्थीहरूले सस्वरवाचन र लयवाचन गरेपछि मात्र शब्दार्थ शिक्षण गरिन्छ । यो क्रियाकलापका लागि पढाइ अनिवार्य आवश्यकता हो । यो क्रियाकलाप कक्षाको प्रतिनिधित्व हुनेगरी एकएक गरी वा सामूहिक रूपमा पनि सञ्चालन गराउन सकिन्छ । यसलाई कक्षाको भौतिक सुविधा र व्यवस्थापनले पनि ठूलो प्रभाव पार्दछ। शब्दार्थ सिकाउँदा सिकाउनुपर्ने शब्दको प्रकृति हेरी भिन्नभिन्न तरिका अपनाउनुपर्ने हुन्छ। एउटै शब्द सिकाउँदा पनि एकभन्दा बढी शिक्षणको तरिका उपयोग गर्नसके झनै बेस हुन्छ । शब्दार्थ शिक्षणमा विविधता एवम् प्रभावकारिता ल्याउन उपयोग गर्न सकिने केही तरिका यसप्रकार छन्:-

**पर्यायवाची शब्द दिने:** विद्यार्थीले कठिन मानी सोधेका शब्दको समानार्थी अर्थात् पर्यायवाची शब्द दिने गरिन्छ। यसरी दिइने पर्यायवाची शब्दहरू विद्यार्थीको अनुभवसँग मिल्ने किसिमको हुनुपर्दछ।

नेपालीमा संस्कृत मूल भएका शब्दहरूको धेरै प्रचलन भएकाले संस्कृत वा नेपालीबाट पर्यायवाची शब्द सिकाउने चलन बढी प्रचलित छ । प्राय: माता, पिता, भय, मनुष्य, हिमांशु जस्ता शब्दहरूका पर्यायवाची शब्द क्रमश: आमा, बुबा, डर, मान्छे र जून शब्द हुन् भनेर सिकाउने गरिन्छ। तर, तपाईंलाई विद्यार्थीहरूको मातृभाषाका शब्दहरूको जानकारी भएमा त्यही शब्दभण्डारबाट पनि विद्यार्थीको शब्द बढाउन मद्दत गर्न सकिन्छ। यो एउटा नयाँ र समयसापेक्ष अभ्यास पनि हुनसक्छ र यसबाट नेपाली भाषाको शब्दभण्डार समेत सम्पन्न हुँदै जान्छ। यसमा सावधान हुनुपर्ने कुरा के छ भने, विद्यार्थीहरूको मातृभाषाका शब्दहरूको प्रयोग गर्दा एकदमै सम्मानपूर्वक गर्नुपर्छ र विद्यार्थीहरूलाई सकेसम्म धेरै सहभागी गराउनुपर्छ।

**शब्दको अर्थ बताउने:** शब्द सिकाउने क्रममा त्यस शब्दको अर्थ वा आशय बताउने गरिन्छ। उक्त तरिकाबाट शब्द सिकाउँदा पनि शिक्षकले शब्दको अर्थ

सिकाउनका लागि प्रयोग गरिने शब्दहरू सिकाउनुपर्ने मूल शब्दभन्दा जटिल हुनुहुँदैन। शब्दका अर्थ व्यक्त गर्दा सान्दर्भिक वाक्यहरू दिनु बेस हुन्छ। यस विधिलाई सबभन्दा ठूलो मद्दत पढ्ने बानीबाट हुन्छ। सिकाउनुपर्ने शब्द प्रयोग भएका पाठहरू पढिदिएर विद्यार्थीलाई अर्थ ठम्याउन लगाउनु एउटा राम्रो विधि हुनसक्छ। यस विधिबाट अर्थ भेदका कुरा पनि राम्रोसँग सिकाउन सकिन्छ।

अन्य उपायबाट शब्दको अर्थ बताउन कठिन भयो भने वाक्यमा प्रयोग गरेर बताउनाले पनि बालबालिकाहरूले शब्दको अर्थ बुझेर त्यस्ता शब्दहरूलाई भाषिक व्यवहारमा प्रयोग गर्न सक्छन्।

**परिभाषा दिने:** कतिपय शब्दहरू यस्ता हुन्छन् जसको पर्यायवाची शब्द पाउन कठिन हुन्छ। यस्तो अवस्थामा परिभाषा दिनु जरुरी हुन्छ। यस्ता प्रकारका शब्दहरूलाई पारिभाषिक र प्राविधिक शब्द भन्ने चलन पनि छ। सामान्यतया यस्ता शब्दहरू सामान्य अर्थका लागि प्रचलित नभई खास विषय क्षेत्रमा विशिष्ट अर्थका लागि प्रचलित हुन्छन्। जस्तैः हिउँद–बढी जाडो हुने समय, परिवार–एउटै भान्सामा खाना खाने र एउटा छानामुनि बसोबास गर्ने व्यक्ति वा जहान। संविधान, ऐन, कम्प्युटर आदि पनि यस्तै विधिबाट बुझाउन सकिने केही शब्दहरू हुन्।

**विपरीतार्थक शब्द दिने:** विपरीतार्थक अर्थ दिनुपर्ने हुन्छ। शब्दको उल्टो अर्थ दिनाले अर्थलाई प्रस्ट पार्न सजिलो हुन्छ। सबै किसिमका शब्दको शिक्षण गर्दा विपरीतार्थी रुप दिइँदैन। सामान्य शब्दलाई शिक्षण गर्दा विपरीतार्थक रुप दिन थालेमा निर्दिष्ट पाठ्यांश बाँकी रहन सक्दछ। सबै शब्दहरूका विपरीतार्थक शब्द हुँदैनन्। नाम, सर्वनाम, विशेषण, क्रियापद र क्रियायोगी शब्दहरूका विपरीतार्थक शब्द हुनसक्छन्। उदाहरणका रूपमा अँध्यारो-उज्यालो, सस्तो-महँगो, रित्तो-भरी, सफा-फोहोर आदि शब्दलाई लिन सकिन्छ। कतै कतै शिक्षकहरूले कक्षाको सबभन्दा अग्लो र होचो विद्यार्थीलाई देखाएर वा कालो र गोरोलाई औंल्याएर हँस्यौलीको माध्यमबाट पनि शब्दहरू सिकाउने गरेको पाइन्छ। तर शब्द सिकाउन भन्दा पनि कुनै पनि विद्यार्थीले हाँसोको पात्र बन्नु नपरोस् भन्ने कुरामा ध्यान दिन बढी जरुरी हुन्छ।

**चित्र वा प्रतिमूर्ति देखाउने:** शिक्षार्थीहरूले नदेखेका र नजानेका विभिन्न वस्तु वा धारणालाई चित्र वा प्रतिमूर्तिहरू देखाएर बुझाउन सकिन्छ। यो विधि खर्चिलो भए पनि प्रभावकारी र रोचक हुन्छ। खासगरी यो प्राथमिक शब्दार्थ शिक्षण गर्ने सबभन्दा राम्रो उपाय हो। हात्ती, हिमाल, ऊँट, बाघ जस्ता शब्दको अर्थ बताउन बोर्डमा चित्र बनाइदिन सकिन्छ भने कैंची, सियो, कलम जस्ता शब्दको अर्थ बुझाउन ठोस वस्तु वा प्रतिमूर्तिको प्रयोग गर्नु बेस मानिन्छ।

यो विधि ठाउँ सापेक्ष पनि हुन्छ। शहरका विद्यार्थीले चित्र नहेरी ढिकी भनेको नबुझ्न सक्छन्, पहाडका विद्यार्थीले इनार नबुझ्न सक्छन् र तराईका

**कतै कतै शिक्षकहरूले कक्षाको सबभन्दा अग्लो र होचो विद्यार्थीलाई देखाएर वा कालो र गोरोलाई औंल्याएर हँस्यौलीको माध्यमबाट पनि शब्दहरू सिकाउने गरेको पाइन्छ। तर शब्द सिकाउन भन्दा पनि कुनै पनि विद्यार्थीले हाँसोको पात्र बन्नु नपरोस् भन्ने कुरामा ध्यान दिन बढी जरुरी हुन्छ।**

विद्यार्थीलाई छाँगो भनेको के हो भन्ने कुरा बुझाउन चित्र देखाउनैपर्ने हुनसक्छ।

**क्रिया वा हाउभाउ प्रदर्शन गर्ने:** शिक्षणीय शब्दको अर्थ स्पष्ट पार्ने क्रिया हाउभाउ प्रदर्शन वा अभिनयको आवश्यकता हुन्छ। कुनै प्रसङ्ग अनुसार शब्दले विभिन्न अर्थ दिने गर्दछन्। यस्तो अवस्थामा प्रयोग अनुसार सही प्रसङ्ग र अर्थको जानकारी दिन हाउभाउ प्रदर्शन गरिन्छ। यसका लागि शब्द खोज्न कुनै सन्दर्भ दिइन्छ। चेष्टा र क्रिया प्रदर्शनद्वारा अर्थ स्पष्ट विशेष गरेर अनुकरणात्मक शब्दहरूको शिक्षण प्रक्रियामा अपनाइन्छ। विभिन्न शब्दहरू दिएर विद्यार्थीलाई नै हाउभाउ वा क्रिया प्रदर्शन गर्न लगाउने वा शिक्षकले प्रदर्शन गरेर शब्दार्थ सजिलै शिक्षण गर्न सकिन्छ। जस्तैः परिक्रमा, टोलाउनु, सरासर, थपक्क, सुटुक्क, ठस्स, अभिवादन आदि।

**शब्दको व्युत्पत्ति तथा शब्द निर्माण गर्ने:** आवश्यकता अनुसार कहिलेकाहीं विद्यार्थीहरूलाई शब्द शिक्षण गर्दा शब्दका परिचयका क्रममा व्युत्पत्ति आदि कुराको ज्ञान दिनु र अभ्यास गराउनु जरुरी हुन्छ। शब्दको व्युत्पत्तिको अभ्यास गराउँदा शब्दको स्रोत, शब्दको वर्ग, प्रकृति-प्रत्यय, समास वा विग्रह, अनुकरणात्मक, प्राविधिक आदिको पनि अभ्यास गराउन सकिन्छ। शब्दार्थ शिक्षण गर्दा यो प्रक्रिया सधैं आवश्यक हुँदैन। जस्तैः अधि+करण=अधिकरण, 'करण' आधार पदमा 'अधि' उपसर्ग लागेर बनेको शब्द। व्युत्पन्न शब्दको अर्थ बताउँदा पहिले आधार तत्वको अर्थ स्पष्ट पारी त्यसपछि मात्र त्यसमा सम्बद्ध अन्य उपसर्ग, प्रत्ययका साथ अर्थको बोध गराउनुपर्दछ।

शब्दको व्युत्पत्ति गर्दा कालोपाटीमा आधार पद लेखी त्यसमा लागेको प्रत्यय वा उपसर्ग स्पष्ट हुनेगरी कार्डबोर्ड पेपरमा शब्द, तालिका निर्माण गरेर पनि देखाउन सकिन्छ।

**समावेश्य शब्दहरू प्रस्तुत गर्ने:** कतिपय शब्दहरूको अर्थ स्पष्ट गर्न ती शब्दले जनाउने अर्थसँग सम्बन्धित अन्य शब्दहरू दिनु पनि बेस हुन्छ। जस्तैः जनावर शब्द सिकाउँदा यसमा समावेश हुने गाई, भैंसी, बाघ, भालु आदि शब्दको उल्लेख गर्न सकिन्छ। साथै शब्द भण्डार बढाउन यस्ता शब्दहरूको सूची नै तयार पार्न सकिन्छ। यसरी नै रूख, फूल, फल, तरकारी आदि शब्दका पनि समावेश्य शब्दहरू दिन सकिन्छ।

(लेखक भगवती नमुना उमावि, मिर्मीदाव, स्याङ्जाका नेपाली शिक्षक हुन्।)

CLASSROOM

Laxman Gnawali



# Avoiding Faux Pas

A faux pas is an error, a slip like stepping on a banana peel. We fall accidentally but only to be laughed at. It is a deviation from the standard use of the language as judged by its users. Such deviations can lead to low grades, lost employment opportunities, lost business, and laughters at the way we write.

"The patient has no past history of suicides," wrote a doctor in a patient's record file after examining her. The patient had had an accident but the family members suspected that she may have tried to commit suicide. Whether the patient had had an accident or she had tried to commit suicide, both are serious issues in the life of the people concerned, but for me as a reader, I see a problem in the doctor's writing. No living person can have a past history of suicides. This is certainly an error in writing.

When we write, we need to make sure our words do not send wrong messages However, many a time, we write something which makes us lose our face. One reason for us to write that way is that we write in a hurry and do not check our writing after we finish it. This habit creates problems in many aspects: grammar, spelling and more seriously in meanings. Another reason is that we perhaps have a wrong notion about the usage of the words. We use words not in the way they are normally understood. We think we know the words but use them to mean other than what we actually mean. It results in a faux pas such as in this newspaper headline Local Secondary School Drop-outs Cut in Half or in this notice: No children allowed in the maternity ward or in this advertisement We exchange anything – bicycles, washing machines, etc. Why not bring your wife along and get a wonderful bargain or in this hotel brochure At least half our customers who fly to this city come by plane. One of my students in Grade 2 started his essay on "The Poor" like this: I am poor. My father is poor. My mother is poor. We have a car. It is also poor. My dog is also poor.

A faux pas is an error, a slip like stepping on a banana peel. We fall accidentally but only to be laughed at. It is a deviation from the standard use of the language as judged by its users. Such deviations can lead to low grades, lost employment opportunities, lost business, and laughters at the way we write. We have to be careful;

## A Non-Verbal Faux Pas

As the story goes, a disappointed salesman of soft drinks returns from his Middle East assignment. The boss calls him into the office and demands, "Why wasn't your campaign successful with the Arabs?"

The salesman explains, "When I got posted to the Middle East, I was very confident I would succeed with the good sales pitch as our product is virtually unknown there. But I had a problem – I didn't know how to speak Arabic. So, I planned to convey the message through a poster with three panels."

"That sounds reasonable," the boss admits.

"The first panel showed a man crawling through the hot desert sand, totally exhausted and panting. Second, the man is drinking a big cold bottle of our cola, and the third panel showed the man again, now totally refreshed."

"Good logic," agrees the boss.

"Then I had the posters pasted all over the place."

"That should have worked," says the boss. "What happened?"

The salesman replies, "Well, not only did I not speak Arabic. I also didn't understand that the Arabs read from right to left."

*From The Revenge of Anguished English*
*by Richard Lederer*

| Self styled English | Corrected form |
|---|---|
| Since I have to go to my village to sell my land along with my wife, please sanction me one week leave. | My wife and I have to go to our village to sell our land. Please sanction me one week of leave. |
| My cremation ceremony is at 10:00 am. Please grant me half-day leave. | I'm attending a cremation ceremony at 10:00 am; please grant me half-day of leave. |
| As I am studying in this school I am suffering from headache. I request you to leave me today. | I am suffering from a headache. I request leave for today. |
| I only am suffering from fever, please declare one day holiday. | I am suffering from fever. Please grant me leave for today. |
| As my headache is paining, please give my leave today. | As I have a painful headache, please grant me leave today. |
| I am enclosed herewith... | I have enclosed herewith... |
| Dear Sir, with reference to the above, please refer to my below. | Dear Sir, in reference to the above, please see my observations below. |
| As my mother-in-law has expired and I am responsible for it, please grant me ten days leave. | My mother-in-law has expired and I am required to make arrangements for mourning. I request ten days of leave. |
| My wife is suffering from sickness and as I am her only husband at home, I may be granted leave. | My wife is ill and no one is home to assist her. May I be granted a short leave? |
| I am well here and hope you are also in the same well. | I am well and hope you are also well. |
| As I am marrying my daughter, please grant weak leave. | My daughter is to be married. I request one week's leave. |
| I want to shave my son's head, kindly please leave me for two days. | As we are to celebrate my son's mundan, I request leave for two days. |
| This has reference to your advertisement calling for a 'typist and an accountant - Male or Female'. As I am both for the past several years and I can handle both; I am applying for the post. | In reference to your advertisement calling for a 'typist and an accountant', I would like to submit my application. I have served as both a typist and an accountant in the past. |

one word can change the whole meaning of the sentence: Ladies are requested not to have children in the bar. **E**nglish is a language that has a lot of eccentric qualities.

One more situation we create disastrous faux pas is when we translate from one language to another. For Nepalese students, "I am going to give an examination" looks perfectly alright but in English, students cannot give the examination; they can only take it. One of the Restaurants in Kathmandu included mutton head boil in its menu and my native English speaking colleague had no idea what it was. When it was explained, we had a hilarious laughter. Most Nepalese restaurants list lemon in the menu and serve lime.

There have been disasters even with the big companies when they mistranslated their slogans. Parker Pen's English slogan "Avoid Embarrassment" was translated into Spanish only to mean "Avoid Pregnancy" In China, the translation of the Pepsi slogan "Come alive with the Pepsi Generation" came out as "Pepsi brings back your dead ancestors." In a Nigerian National Theatre, the doorway sign read: In Entrance and Out Entrance.

Such faux pas are the quickest way for any organization to learn about the level of English when the candidate or the employee writes to them. The candidate loses a chance of getting an employment. The employee may face an undesirable situation. The same goes with the students who need to write their assignments and applications. Such writings are an evidence for their evaluation. When required to write a few paragraphs about a person she knew well, a student in high school included this sentence, "I met him before he died two or three times."


Most faux pas are such that you don't know whether to laugh or cry. The mistakes have been made, though unintentionally, and there is no going back. The following extracts are leave letters and applications written by people in various places of India. The writers have tried to express in their self-styled English which is either not clear or means far different from intended. Study them and try to guess what was intended. The corrected versions are given below.

This article is coordinated by NELTA.

# फुर्सद



## शब्द खेल-२०




नामः _______________

ठेगानाः _______________

### तेर्सो

१) दरिद्र/बल नभएको/नाजुक
३) मीठो बास्ना/सुगन्ध
५) नचिनिने उद्देश्यले मुख छोप्नका निम्ति लगाउने कपडा
६) उफ्राइ-कुदाइ बेसी हुने शिवको प्रसिद्ध नृत्य
७) पानी रहने ठाउँ/जलाशय
९) पातहरू गाँस्नका लागि बनाइएको बाँसको मसिनो छेस्को
१०) सावधान/सतर्क
११) भनाभन/कलह/बहस
१३) कुनै कामकुराको क्रमको पटक/चोटि/पल्ट
१५) परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा
१७) पक्डने क्रिया वा प्रक्रिया/समाताई
२०) उदाहरणका रूपमा प्रस्तुत पहिले घटेका कुनै घटना/दृष्टान्त
२१) सबै/समस्त
२२) सत्ताइस नक्षत्रमध्ये पन्ध्रौं नक्षत्रको नाम

### ठाडो

१) निर्माण गर्ने व्यक्ति/बनाउने व्यक्ति
२) अवगाल/अपयश
३) सुविस्ता/सजिलोपना
४) चार युगमध्ये पहिलो युगको नाम
५) 'स्वस्थानी'मा वर्णित लावण्य देशका राजा
८) कुनै वस्तु वा पैसा बुझाउँदा बुझ्ने तर्फबाट बुझाउनेलै लिइराख्ने पुर्जी
१०) कम परिश्रमले हुन सक्ने/सुगम/सरल
१२) गाडीको अगाडिपट्टि रहेको ऐनाको धूलो-पानी पुछ्ने यन्त्रचालित सुइरोजस्तो साधन
१४) कथावस्तु/कथासार
१६) कण्ठस्थ
१८) डाँका मार्ने काम
१९) बसोबास गर्ने किसिमले बनाइएको ओत/निवास/डेरा

## आयुर्वेद तीतेकरेलाको ओखती



तरकारी र अचार बनाएर खाने करेलाको स्वाद तीतो हुने भएपनि यो हामीलाई फाइदा गर्ने चीज हो । विशेषगरी गर्मी र पानी पर्ने मौसममा हुने यो करेलाको खास विशेषता भनेकै यसको तीतो स्वाद हो । निरोगी शरीरलाई चाहिने ६ स्वादमध्ये एक तीतो स्वाद पनि हो, जुन तीतेकरेलाले पूर्ति गर्छ । करेलामा तीतो स्वाद खास गरी बोक्रामा हुने हो । तरकारी बनाउन धेरैले बोक्रा ताछ्ने गर्दछन् । वास्तवमा यसो गर्नु गलत छ । किनकि करेलाको खास गुण बोक्रामै हुन्छ ।

करेलामा भिटामिन 'ए', आइरन र फस्फोरस प्रशस्त मात्रामा हुन्छ । केही मात्रामा भिटामिन 'सी', प्रोटिन, चिल्लो, खनिज र क्याल्सियम पनि पाइन्छ । करेलालाई हामी ओखतीको रूपमा पनि प्रयोग गर्न सक्छौं ।

१) ठूलो चम्चाले एक चम्चा करेलाको रसमा चिनी राखेर खाने गरेमा दिशामा रगत देखिने गरी गुदद्वारमा आइरहेको अलकाई निको हुन्छ । करेला पिसेर खटिरा आइरहेको ठाउँमा लगाइदियो भने पनि अलकाई निको हुन्छ ।

२) चिनी रोग (सुगर) भइरहेकालाई दिनहुं बिहान करेलाको रस २५० ग्रामको मात्रामा पिलाइदिएमा सुगर नियन्त्रणमा आउँछ ।

३) कमल-पित्त (जन्डिस) भएकाले एउटा मझौला आकारको करेला लिई त्यसको बियाँ समेत पिसेर मलम जस्तो बनाएर खाइदिनुपर्छ । यो प्रयोग कम्तीमा पाँच दिनसम्म गर्नुपर्दछ, कमल-पित्त रोग निको भएर जान्छ । करेलाको बोक्राको रस एक गिलास खाली पेटमा पिइदियो भने पनि रोगीलाई फाइदै गर्छ ।

४) पिसाब खुलेर नआउने वा पिसाब गर्न गाह्रो भइरहेको छ भने करेलाको रस ५० ग्राममा तोरीको गेडा जत्रो हिङ एक टुक्रा मिसाएर दिनको तीनपल्ट पिइदिनुपर्छ, रोग निको हुन्छ ।

५) करेलाले रूचि बढाउँछ । कब्जियत हुन दिँदैन । आन्द्रा भित्रका रोगाणु (ब्याक्टेरिया) नष्ट गरिदिन्छ । यसले पिसाबथैलीमा भएको पत्थरीलाई पगालिदिन्छ । त्यस्तै गरी जोर्नी दुख्ने रोग पनि निको पारिदिन्छ । यसको लेप बनाई लगाइदिए घाउ निको हुन्छ ।

**नियमः** शब्दखेल, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञानको सही समाधान पठाउनुहुने पाठकमध्ये प्रत्येकका एक/एक विजेताले **रू.१,००० पुरस्कार** पाउनुहुनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० असार २०६७** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पाटनढोका, पो.ब.नं. १६६, ललितपुर ।

## सुडोकु–२०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | | | | | | ६ | ३ |
| | | ९ | | | | २ | | |
| | ८ | | ६ | ३ | ५ | | ७ | |
| | | | ४ | ६ | ८ | | | |
| १ | | ६ | | | | ४ | | ८ |
| | | | १ | ५ | २ | | | |
| | ६ | | ५ | २ | ७ | | ९ | |
| | | ३ | | | | ६ | | |
| २ | ९ | | | | | | ५ | ७ |

**नाम:** ___________________________

**ठेगाना:** ___________________________

## सुडोकु–१८ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | २ | ७ | ४ | ८ | ५ | ३ | ९ |
| ९ | ४ | ७ | २ | ५ | ३ | १ | ६ | ८ |
| ३ | ५ | ८ | १ | ९ | ६ | २ | ७ | ४ |
| ६ | ८ | १ | ४ | २ | ५ | ३ | ९ | ७ |
| ४ | २ | ९ | ६ | ३ | ७ | ८ | १ | ५ |
| ५ | ७ | ३ | ८ | १ | ९ | ६ | ४ | २ |
| ७ | ९ | ६ | ५ | ८ | १ | ४ | २ | ३ |
| २ | ३ | ५ | ९ | ६ | ४ | ७ | ८ | १ |
| ८ | १ | ४ | ३ | ७ | २ | ९ | ५ | ६ |

## सामान्यज्ञान–२०

१. नेपालका दुईवटा जिल्लाले चीन र भारत दुवै देशलाई छोएका छन् । ती दुई जिल्लाको नाम ?

२. कुनै पनि देशको प्रामाणिक समय देशान्तर रेखालाई आधार मानेर निर्धारण गरिएको हुन्छ । नेपालको प्रामाणिक समय दोलखाको गौरीशङ्कर हिमाललाई काटेर गएको ८६ १५ मिनेट पूर्वी देशान्तरलाई मानिएको छ । अब भन्नुहोस् नेपालको समय ग्रीनवीच समयभन्दा कति अगाडि छ ?

३. कञ्चनपुरको महेन्द्रनगर र महाकाली नदी पारिका चाँदनी र दोधारा गाविसलाई आपसमा जोड्नका निम्ति बनाइएको झोलुङ्गेपुल नेपालको सबैभन्दा लामो पुल हो । अनुमान गर्नुहोस् उक्त पुलको लम्बाइ कति छ ?

४. एस्ट्रो मिटर कुन काममा लागि प्रयोग गरिन्छ ?

५. एसियाको नोबेल पुस्कार मानिने रोमन म्यागासेसे पुरस्कार अहिलेसम्म चार जना नेपालीले पाएका छन् । अब भन्नुहोस् उक्त पुरस्कार पाउने पहिलो नेपाली को हुन् ?

### सामान्यज्ञान–१८ को सही उत्तर

१. नेपाल (महेन्द्र) संस्कृत विश्वविद्यालयको स्थापना २०४३ साल पुस २७ गते भएको हो ।
२. नेपालमा सुरक्षित शौचालय प्रयोग गर्नेहरूको सङ्ख्या २४.५ प्रतिशत छ ।
३. श्रीलङ्काको पुरानो नाम सिलोन हो ।
४. विश्व साक्षरता दिवस ८ सेप्टेम्बरमा मनाइन्छ ।
५. सेतो हात्तीको देश (Land of White Elephant) भनेर थाइल्याण्डलाई चिनिन्छ ।



Your City, Your Airline
Our Jetstream-41 aircraft conveniently connects you on-time to your destination with frequent flights.
KATHMANDU
POKHARA
NEPALGUNJ
BHAIRAHAWA
JANAKPUR
BIRATNAGAR
BHADRAPUR
DHANGADHI
We operate 7 Jetstream aircrafts to the following sectors on time, every day
Kathmandu - Pokhara - Kathmandu Daily 8 Flights
Kathmandu - Biratnagar - Kathmandu Daily 7 Flights
Kathmandu - Bhadrapur - Kathmandu Daily 3 Flights
Kathmandu - Bhairahawa - Kathmandu Daily 2 Flights
Kathmandu - Nepalgunj - Kathmandu Daily 2 Flights
Kathmandu - Janakpur - Kathmandu Daily 2 Flights
Kathmandu - Dhangadhi - Kathmandu Daily 1 Flight
Booking tickets are now easier with our hunting line:
4464 878
Please contact your nearest travel agents for your tickets.
Corporate Office: Tilganga, Kathmandu
Tel. 4465888 Fax 4465115 Reservations 4464878 (Hunting Line)
Kathmandu Airport 4493901
E-mail reservations@yetiairlines.com
Nepalgunj 081 526556 Bhairahawa 071 527527 Janakpur 041 693360
Pokhara 061 464888 Biratnagar 021 536612 Bhadrapur 023 455232 Dhangadhi 091-523045
Yeti Airlines
a great flying experience
www.yetiairlines.com




रेडियो सगरमाथा १०२ थोप्लो ४ मेगाहर्ज
नेपाली रेडियो, नेपाली आवाज
लहैलहैं र सस्तो लोकप्रियता भन्दा निकैं टाढा सत्य, तटस्थ, निष्पक्ष र विश्वसनीय समाचार
सधैं १५ मिनेट अगाडि
हालचाल
(सरल, शुद्ध र नेपाली भाषामा)
हरेक दिन
विहानः ८:४५ र ११:४५ दिउँसोः २:४५ र ४:४५, साँझः ६:४५ र ८:४५
बीबीसी नेपाली सेवा
हरेक बेलुका ८:४५-९:१५ सम्म
102.4
रेडियो सगरमाथा
Radio Sagarmatha
रेडियो सगरमाथा एफएम १०२ थोप्लो ४ मेगाहर्जमा

## अन्ताक्षरी-२०

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १० | | ११ | | | |
| | | | | ५ | | |
| | ९ | | क्ष | मा २ | | १२ |
| | ८ | ४ | अ १ | | ६ | |
| १५ | | | | ३ | | |
| | | | | ७ | | |
| | | १४ | | | १३ | |

**नाम:** — — — — — — —

**ठेगाना:** — — — — — — —

१) क्षमाको अभाव/निष्ठुरता (३)
२) मताउने/नशा लाग्ने (३)
३) माटामुनि जराका रूपमा फल्ने डल्लो वा लाम्चो फल (४)
४) आफूले बन्धकमा लिएर भोग गरेको घर-जग्गा आदि फेरि अर्कालाई बन्धक राख्ने काम (५)
५) कर तिर्ने संस्था वा व्यक्ति (४)
६) परस्परमा जसले सक्यो उसले तान्ने काम (४)
७) लुम्बिनी अञ्चलको एक जिल्ला (६)
८) साँध/सिमाना (२)
९) मामाकी पत्नी (३)
१०) भोजन गर्ने क्रिया/खाना (शिष्ट प्रयोग) (३)
११) बाँकी रहेको/बचेखुचेको/निथारपिथार/जुठोपुरो (६)
१२) लामो फड्का मारेर लगातार हिंड्ने गरी/लम्कने चालले (६)
१३) लगातार एक गाँसपछि अर्को गाँस हाल्दै/खपाखप/गपागप (४)
१४) पाँच वर्षमा हुने वा गरिने/पाँच वर्षको अवधिमा पूरा हुने (५)
१५) जस्तो हुनुपर्ने हो त्यस्तै/वास्तविकता/सत्य (३)

### शब्दखेल-१८ को सही उत्तर

तेर्सोः २) तलाउ ५) घनघोर ६) रसबस ७) गलत ८) भेउ ९) लय १२) शनि १४) पशु १५) गहना १८) कमसल १९) साइकल २०) कमानी

ठाडोः १) घनफल २) तरल ३) उरन्ठेउलो ४) अबगाल ७) गणेश १०) यमुना ११) अपचालक १३) निजामती १६) हट्टाकट्टा १७) पिसानी

### अन्ताक्षरी-१८ को सही उत्तर

१) अँजुली २) लीन ३) नजर ४) रचनात्मकता ५) तात्कालिक ६) करकाप ७) परिवर्तन ८) नरम ९) मन्दाकिनी १०) नीलडाम ११) मकररेखा १२) खानतलासी १३) सीमित १४) तपसिल १५) लपनछपन

## पुरस्कार विजेता र सही समाधान पठाउनेहरू

**शब्दखेल-१८ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः प्रतिमा राई, सेन्ट-जेभियर्स स्कूल, गोदावरी, ललितपुर ।**

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- बद्रीप्रसाद घिमिरे, टेकन्पुर, सिन्धुपाल्चोक
- किशोर आचार्य, पञ्च मावि, दिक्तेल बजार, खोटाङ्
- रामप्रसाद आचार्य, पञ्च मावि, दिक्तेल-३, खोटाङ्
- वटुकृष्ण कसपाल, पुतलीसडक, काठमाडौं
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- तुल्सीप्रसाद पौडेल, सरस्वती मावि, सहारे-८, सुर्खेत
- उमेश थापा, नेशनल कलेज, बालकुमारी, ललितपुर
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, धादिङ
- रामाकान्त चौधरी, नेपाल टेलिकम, भद्रकाली
- उद्धवप्रसाद सापकोटा, महेन्द्र उच्च मावि, छतिवन, मकवानपुर
- सानुबाबु खनाल, नेपाल टेलिकम, नवलपुर, सर्लाही
- इन्द्रकुमार श्रेष्ठ, सरस्वती उमावि, खानी भञ्ज्याङ, ओखलढुङ्गा
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३
- चुडामणि आचार्य, सतीढुङ्गा मावि, जैदी, बाग्लुङ्
- मीठू डल्लाकोटी, वीरेन्द्रनगर निमावि, बजरहट्टी, चितवन
- बलराम दोरङ्गा, जनप्रिय मावि, भाटखोला, स्याङ्जा

**सुडोकु-१८ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः महेन्द्रबहादुर मगर, वनस्थली, काठमाडौं ।**

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- कपिलबहादुर गाहा, आलमदेवी-८, स्याङ्जा
- राधिका गौतम गैरे, गौरीशंकर प्रावि, बाग्लुङ-७
- ऋषिराम लम्साल, तितौरी निमावि, पालाकोट-७, बाग्लुङ
- गोविन्दप्रसाद ढुङ्गाना, महाँकाल निमावि, ठूलेपर्सेल-१, पकुवाल, काभ्रे
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- शुभेच्छा खड्का, रविभवन, कलंकी, का.म.पा.-१४, काठमाडौं
- रामाकान्त चौधरी, नेपाल टेलिकम, भद्रकाली
- लक्ष्मी राई, सातदोबाटो, ललितपुर

**अन्ताक्षरी-१८ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः दीपनारायण चौधरी ल. मावि, त्रिनपा-५, उदयपुर**

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- नारायणकुमार श्रेष्ठ, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- जमुनादेवी सिग्देल, बालहित निमावि, पौवै, स्याङ्जा
- रामाकान्त चौधरी, नेपाल टेलिकम, केन्द्रीय कार्यालय, भद्रकाली
- मीठू डल्लाकोटी, वीरेन्द्रनगर निमावि, बजरहट्टी-४, चितवन
- कृष्णबहादुर लिम्बू, कुरुले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- उमेश थापा, नेशनल कलेज, बालकुमारी, ललितपुर
- लक्ष्मी राई, तोपगाछी, झापा
- सानुबाबु खनाल, नेपाल टेलिकम, नवलपुर, सर्लाही
- बलराम इटनी, त्रिपुरा सुन्दरी उमावि, खरी-४, धादिङ
- सकुण्डल थापा, इमाडोल-१, ललितपुर
- बद्रीप्रसाद घिमिरे, टेकन्पुर, सिन्धुपाल्चोक
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, धादिङ
- विन्दा थापा, इमाडोल-१, ललितपुर
- जगन्नाथ पौड्याल, सरस्वती मावि, सहारे-८, सिम्घाट, सुर्खेत
- कमलप्रसाद फुँयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- रामप्रसाद आचार्य, पञ्च मावि, दिक्तेल, खोटाङ
- चुडामणि आचार्य, सतीढुङ्गा मावि, जैदी, बाग्लुङ
- उद्धवप्रसाद सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- मुरारीकुमार खतिवडा, सरस्वती उमावि, खानीभञ्ज्याङ, ओखलढुङ्गा

**सामान्यज्ञान-१८ को कसैबाट पनि सही समाधान प्राप्त हुन सकेन ।**

मैले पढेको स्कूल

# '...नत्र पसले हुन्थेँ कि !'



**विहारीकृष्ण श्रेष्ठ, ७४, योजनाविद्**

**तपाईँले कुन स्कूलमा पढ्नुभयो ?**

मैले शुरुमा काठमाडौं, प्याफलको एउटा स्कूलमा पढेको हुँ । पहिले यसको छुट्टै नामै थिएन । योसहित छरिएका स-साना स्कूललाई एकीकृत गरेर २००४ सालतिर 'शान्ति निकुञ्ज विद्यालय' नामकरण गरियो । त्यहाँ मैले कक्षा ८ सम्म पढेँ । एसएलसी चाहिँ दरबार हाईस्कूलबाट पास गरेँ ।

**त्यतिबेला पढाइ कस्तो थियो ?**

मैले पढ्दा मुलुकमा राणाशासन थियो । सरहरू पनि राणाविरोधी आन्दोलनमा जानुहुन्थ्यो तर, पढाइमा कुनै असर पर्न दिनुहुन्थेन । अङ्ग्रेजी विषयको पढाइ चाहिँ निकै राम्रो हुन्थ्यो । त्यतिबेला भारतमा पढाइने बेलायती पाठ्यक्रम नै हामीलाई पढाइन्थ्यो ।

**मासिक शुल्क चाहिँ कति थियो ?**

धेरै कम थियो । कक्षा ५ मा पढ्दा पाँच मोहर शुल्क तिरेको सम्झना छ ।

**आफूलाई शान्ति निकुञ्जको विद्यार्थी हुन पाएकोमा कत्तिको गर्व लाग्छ ?**

स्कूल त्यति सम्पन्न त थिएन । तर त्यही स्कूलमा पढेर नै पछि म राम्रो विद्यार्थी बन्न सकेँ । त्यसैले आफूलाई 'शान्ति निकुञ्ज स्कूलको उत्पादन भन्न पाउँदा गर्वको अनुभूति हुन्छ ।

**यदि 'शान्ति निकुञ्ज' नबनेको भए तपाइँको जीवनमा केही फरक पर्थ्यो होला ?**

भन्न सकिँदैन । तर शान्ति निकुञ्ज स्कूल मेरा लागि तेस्रो आँखा जत्तिकै हो । मेरो शिक्षाको धरातल नै त्यही हो । त्यहाँ पढ्न नपाएको भए के थाहा; कतै पसल थापेर बस्थेँ कि !

**स्कूलका केही विशेषता सम्झनुहुन्छ ?**

पठनपाठनप्रति शिक्षकहरूको ठूलो समर्पण थियो । सबै विद्यार्थीले पढे/नपढेको निगरानी राखिन्थ्यो । विद्यार्थीका हरेक क्रियाकलापमा ध्यान दिइन्थ्यो । त्यसबेला अहिलेको जस्तो शिक्षक तालिम थिएन । अतिरिक्त क्रियाकलाप निरन्तर भइरहन्थे । कविता लेखेर दुई-तीन पटक त मैले पुरस्कार पनि जितेको थिएँ ।

**आफूलाई पढाउने कुनै शिक्षकको सम्झना छ ?**

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलाल श्रेष्ठ पनि मेरो शिक्षक हुनुहुन्थ्यो । उहाँले भूगोल पढाउनुहुन्थ्यो । विद्यार्थीलाई निकै कुट्नुहुन्थ्यो । कक्षा ५ मा पढ्दा एक दिन भारतको नक्सा देखाउँदै उहाँले सोध्नुभयो, "भारतका सबै नदी कहाँ पुग्छन् ?" धेरैले मिलाउन सकेनन् । मेरो पालो आयो । मैले तुरुन्त जवाफ दिइहालेँ- 'हिन्द महासागर' । त्यो जवाफले उहाँको कुटाइबाट मलाई बचाएको थियो ।

**कक्षा ५ मा पढ्दाका सहपाठीको नाम पनि सम्झनुहुन्छ कि ?**

कक्षा ५ मा करिब हामी १०-१२ जना विद्यार्थी थियौं । उनीहरूमध्ये केहीको सम्झना अझै पनि ताजै छ । जस्तो, सर्वाङ्ग अस्पतालका प्रमुख विश्वराज दली, पन्नाकाजी तुलाधर, कोकिला वैद्य । उनीहरू सबै डाक्टर हुन् ।

**अचेल शान्ति निकुञ्ज स्कूल कत्तिको जानुहुन्छ ?**

भूतपूर्व विद्यार्थीहरूको सम्मेलनमा जाने गरेको थिएँ । दुई वर्षयता चाहिँ गएको छैन ।

**तपाईँले पढ्दा र अहिलेको शान्ति निकुञ्जमा कस्तो अन्तर छ ?**

मैले पढेको समयभन्दा स्कूलको भौतिक अवस्थामा सुधार आएको छ । भवन र खेलकुद मैदान बनेको छ । मैले पढ्दा लगभग अढाइ सय विद्यार्थी थिए । अहिले एक हजारभन्दा बढी विद्यार्थी भइसके जस्तो लाग्छ । शिक्षणको गुणस्तरको दृष्टिले पनि अहिले सुधार आएको छ ।

**आफूले पढेको स्कूललाई राम्रो पार्न केही योगदान पनि गर्नुभएको छ कि ?**

त्यो कुरामा अरू साथीहरूले नेतृत्व गरिरहेका छन् । जस्तो, कोकिलाजीले रु.१ लाख सहयोग गर्नुभएको मलाई थाहा छ । आवश्यक परेको खण्डमा मैले पनि सहयोग गर्ने प्रतिबद्धता जनाएको छु । अरू संस्थालाई त सहयोग गरेको छु भने आफ्नै स्कूललाई सहयोग नदिने त कुरै भएन नि !

**शान्ति निकुञ्ज जस्ता सार्वजनिक स्कूललाई कसरी अझ स्तरीय बनाउन सकिएला ?**

स्वीस अर्थशास्त्री गुनर मेर्डलले एसियन ड्रामा मा योग्य शिक्षक नभएका कारण शिक्षाको स्तर बिग्रिएको उल्लेख गरेका छन् । नेपालको यथार्थ पनि यही हो । शिक्षकहरूको ध्यान कक्षाकोठामा भन्दा राजनीतिमा केन्द्रित भएकाले पनि नेपालको शैक्षिक गुणस्तर खस्किएको हो । अर्को कुरा, स्कूलको व्यवस्थापन समुदायको नियन्त्रणमा हुनुपर्छ । सामुदायिक वनको व्यवस्थापन उपभोक्ताले गर्न सकेका छन् भने स्कूल चाहिँ नसक्ने प्रश्नै उठ्दैन । शैक्षिक गुणस्तरको अनुगमन र मूल्याङ्कन शिक्षा मन्त्रालयले गर्नुपर्छ । दातृ निकायहरूले पनि नेपालको शैक्षिक विकासमा अर्बौं रुपैयाँ खर्च गरेका छन् तर, सार्वजनिक स्कूलको व्यवस्थापन सुधार्नेतिर ध्यान गएको छैन ।

**प्रमोद आयाम**


Discount Coupon

यो कुपनको साथमा Step 1 पूर्वप्राथमिक बालविकास शिक्षक तालिममा १० प्रतिशत छुट पाउनुहोस ।




अर्लि चाईल्डहुड एजुकेशन सेन्टर प्रा.लि.

भनिमण्डल, जावलाखेल, ललितपुर पो.ब.नं २१९४१ काठमाडौं फोन: ५५४८४३९, ५५४९०६३

ईमेल: ecec@wlink.com.np, www.earlychildhoodnepal.org

आजका बालबालिका द्रूतगतिमा परिवर्तित विश्वव्यापी सञ्चारमाध्यम माफ हुर्किरहेका छन् । त्यसैले शिक्षणविधिहरू पनि सोहीअनुरूप परिवर्तन गर्नु जरूरी छ । बालबालिका खेल र अन्वेषणको माध्यमबाट सिक्न रूचाउँछन् ।



धेरै पूर्वप्राथमिक विद्यालयहरूले किताबी ज्ञान र परीक्षामुखी प्रणालीलाई त्यागेर प्रयोगात्मक शिक्षणप्रणाली अपनाउन थालेका छन् । तिनका नमुनालाई पछ्याउनुहोस् ।

**पूर्वप्राथमिक शिक्षकहरुका लागि बालविकाससम्बन्धी एकमहिने तालिम**

कक्षा सञ्चालन मितिः २१ जून २०१० देखि

शुल्क रु.११,१५०

**प्रधानाध्यापक तथा शिक्षकहरुका लागि पाँचदिने तालिम** जसले पूर्वबालविकास शिक्षाका सिद्धान्तहरु बुझी आफ्नो कक्षामा प्रयोग गर्न सहयोग गर्दछ ।

कक्षा सञ्चालन मितिः २०१० मे २४, जून ७, जुलाई ५ र १९, अगस्ट २, १६ र ३० देखि

शुल्क रु.३,३५०

**शिक्षकका लागि विभन्न तालिमहरु**

- Step 2 Course
- Friday Workshops
- Phonics
- Curriculum Development
- School Leaders Management Training
- Mothers' Training आदि ।



**थप सेवाः**

- चल्तीका पूर्वप्राथमिक विद्यालयहरुलाई आधुनिकीकरण गर्ने,
- नयाँ बालमैत्री पूर्वप्राथमिक विद्यालय स्थापना गर्न परामर्श दिने,
- मन्टेश्वरी स्कूल र पूर्वप्राथमिक विद्यालयलाई चाहिने सम्पूर्ण शैक्षिक सामग्रीहरु उपलब्ध गराउने
- बालबिकास तथा बालशिक्षणसम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराउने ।

छुटको लागि संगैको पृष्ठको कुपन हेर्नुहोस ।

अर्लि चाइल्डहुड एजुकेशन सेन्टर प्रा.लि.

भनिमण्डल, जावलाखेल, ललितपुर पो.ब.नं २१९४१ काठमाडौं फोनः ५५४८४३९, ५५४९०६३

ईमेलः ecec@wlink.com.np, www.earlychildhoodnepal.org